पहिलो परिच्छेद

# शोध परिचय

## १. विषय परिचय

२०२५ साल जेठ ३० गतेदेखि मधुपर्क साहित्यिक पत्रिका प्रकाशन भइरहेको छ । त्यस बेलाको गोर्खापत्र कर्पोरेशन हाल गोरखापत्र संस्थान भएको छ । त्यसैको संस्थागत प्रयास र गोरखापत्र प्रकाशनकै सह-प्रकाशन साहित्यिक पत्रिकाको रूपमा मधुपर्क साहित्यिक मासिक प्रकाशन हुँदै आएको छ । गोरखापत्र संस्थान धर्मपथ काठमाडौंबाट प्रकाशित मधुपर्क साहित्यिक पत्रिकाका २०२५ सालदेखि २०७३ सालसम्म ४९ औं वर्ष अवधिमा ५९० अङ्क प्रकाशित भइसकेका छन् । विशिष्ट प्रौढताको इतिहास बोकेको मधुपर्कले प्रकाशनको प्रारम्भदेखि साहित्यका कथा, लघुकथा, कविता, समालोचना, लेख, निबन्ध, यात्रा संस्मरण, गीत, गजल जस्ता विभिन्न विधालाई यथासक्य स्थान दिँदै आइरहेको छ ।

मधुपर्कमा प्रकाशित रचनामध्ये कवितापछि सबैभन्दा धेरै सङ्ख्यामा छापिने कथा र लघुकथा पर्दछन् । पहिलो अङ्कमा तीन वटा कथा प्रकाशन भएको मधुपर्कमा पछिल्लो समयमा कथा लघुकथाको संख्या धेरै देखिन थालेको छ । परिमाणात्मक मूल्याङ्कनका दृष्टिले करिब दुई हजार पाँच सय बढी कथा र लघुकथा प्रकाशित भएको देखिन्छ । तीमध्ये पूर्णाङ्क ५१५-५३२ सम्मका अङ्कमा महिला कथाकारका २८ वटा कथा प्रकाशन भएका छन् । महिला कथाकारले नारीका समस्या केन्द्रित भई लेखिएका यी २८ वटा कथालाई नारीवादी कोणबाट अध्ययन र विश्लेषण गर्ने काम यस शोधपत्रमा भएको छ ।

## २. शोध शीर्षक

यस शोध पत्रको शीर्षक **मधुपर्कका महिला कथाकारका कथाको अध्ययन** (**पूर्णाङ्क ५१५-५३२**) रहेको छ ।

## ३. शोध प्रयोजन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दसौं पत्र (५१०-१) को प्रयोजनका लागि तयार गरिएको छ ।

## ४. समस्या कथन

यस शोध कार्यका समस्या निम्नानुसार रहेका छन् :

क) नारीवादको सैद्धान्तिक परिचय कस्ता रहेका छन् ?

ख) कथा विश्लेषणका सैद्धान्तिक आधार के कस्ता छन् ?

ग) पूर्णाङ्क ५१५-५३२ सम्म मधुपर्कमा महिला नारीवादी दृष्टिकोण कस्तो रहेको छ ?

## ५. उद्देश्य

यस शोध कार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) नारीवादको सैद्धान्तिक जानकारी गराउने ।

ख) कथा विश्लेषणका सैद्धान्तिक आधार प्रस्तुत गर्ने ।

ग) पूर्णाङ्क ५१५ देखि ५३२ सम्मका मधुपर्कका महिला कथाकारका कथाको नारीवादी कोणबाट विश्लेषण गर्ने ।

## ६. पूर्वकार्यको समीक्षा

मधुपर्क साहित्यिक मासिकले साहित्यका विविध विधालाई समेट्दै आएको छ । हालसम्मको ४९ वर्षे यात्रामा यस पत्रिकाका बारेमा विभिन्न कोणबाट थोरबहुत चर्चा परिचर्चा भएको पाइन्छ । यस सम्बन्धमा विभिन्न साहित्यकार एवम् समालोचकले राखेका आ-आफ्ना दृष्टिकोणलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

१ हरिप्रसाद शर्माले **कथाको सिद्धान्त र विवेचना** (२०५९) कृतिमा कथाकारलाई चिनाउने क्रममा भागिरथी श्रेष्ठलाई नेपाली कथामा आफ्नो क्षमताको चिनारी दिएकी छन् भनेका छन् (शर्मा, २०५९:२६६) । उनले श्रेष्ठले कथा लेखनबाट नेपाली कथामा नारी कथाकारका दायित्वलाई कुशलतापूर्वक निर्वाह गरेकी छन् भने तापनि मधुपर्कमा प्रकाशित कथाका बारेमा कुनै चर्चा छैन ।

२ लीला लुइँटेलले **नेपाली महिला कथाकार** २०६० कृतिमा गीता केशरीलाई नारीप्रधान कथाकारको रूपमा चिनाएकी छन् (लुइँटेल, २०६०:८) । मधुपर्कमा प्रकाशित नारी कथाबारे केही उल्लेख गरेको पाइँदैन । यस्तै लुइँटेलले यसै कृतिमा भागिरथी श्रेष्ठलाई सामाजिक यथार्थवादी कथाकारका रूपमा चिनाएकी छन् । महिलाका समस्यामा दाम्पत्य जीवनमा सन्तानविहीन पीडा, आर्थिक असमानताले उत्पन्न गर्ने पीडा, कुरूप नारीले भोग्नु पर्ने सामाजिक तिरष्कार जस्ता विभिन्न पक्षलाई समेटेर लेखेकी छन् (लुइँटेल, २०६० : १०५) । नारीहरूले भोग्नुपर्ने विभिन्न प्रकारका शोषण र समस्यालाई कथानक बनाइएका हिरण्यकुमारी पाठकका प्रायः कथा कारुणिकताले ओतप्रोत छन् (लुइँटेल, २०६०:२२) । बालश्रम र नारी समानताका सन्दर्भलाई नारामा मात्र सीमित राखिएको यथार्थलाई व्यङ्ग्य गरी कथा लेखेकी छन् भन्दै हिरण्यकुमारी पाठकलाई नारीप्रधान कथाकारका रूपमा चिनाएकी छन् (ऐजन, २२) । लुइँटेलले यसै कृतिमा पथभ्रष्ट, निष्ठुर, कामुक र दम्भी पुरुषको शोषण र अन्यायको चपेटामा बाँच्न विवश नारीका व्यथालाई विषयवस्तु बनाएर नारीको न्यायको खोजी गर्ने नारी कथाकारका रूपमा बाबा बस्नेतलाई चिनाएकी छन् (ऐजन, २५) ।

३ डा. कुमारप्रसाद कोइरालाले **आख्यान र विमर्श** (२०६८) मा भागिरथी श्रेष्ठलाई नेपाली कथाका फाँटमा मनोविश्लेषणवादी, विसङ्गतिवादी, भूमण्डलीय चेतना, लैङ्गिक चेतना, नवमार्क्सवादी विचारकका रूपमा चिनाएका छन् ।

४ अनिता पौडेलले **नारीवादी कोणबाट नारी : अस्तित्व र अस्मिता नामक गरिमा विशेषाङ्कमा प्रकाशित कथाको एक अध्ययन** (२०७१) शोधपत्रमा गीता केशरीलाई नारीप्रधान कथाकार र नारी समस्यामा केन्द्रित कथा लेख्ने कथाकारका रूपमा चिनाएकी छन् (पौड्ल, २०७१:४) । उक्त कृतिमा पनि मधुपर्कमा प्रकाशित नारी कथाको अध्ययन पाइँदैन ।

५ लक्ष्मी देवकोटाले २०६९ सालमा **नारीवादी कोणबाट निष्कर्ष सम्झौता उपन्यासको तुलनात्मक अध्ययन** नामक शोधपत्रमा भागिरथी श्रेष्ठलाई नारी समस्यामा केन्द्रित रहेर रचना गर्ने रचनाकारका चिनाएकी छन् (देवकोटा, २०६९:३१) । गीता केशरीलाई नारी सशक्तीकरण र समान लैङ्गिक, पारिवारिक, सामाजिक न्यायका निम्ति परिवर्तन ल्याई मुख्य विषयवस्तु बनाएर रचना गर्ने रचनाकारका रूपमा

चिनाएकी छन् (देवकोटा, २०६९:३३) । यसमा पनि मधुपर्कमा प्रकाशित नारी कथाकारका बारेमा कुनै चर्चा गरिएको छैन ।

यसरी नारी कथाका बारेमा जे जति चर्चा भएको छ, त्यो चर्चा सामान्य छ । त्यसमा पनि मधुपर्कमा प्रकाशित कथाको भने अध्ययन भएको पाइँदैन । सोही कारण विस्तृत रूपमा चर्चा गर्नका लागि पूर्णाङ्क ५१५ देखि ५३२ सम्म महिला कथाकारका कथामा शोध अनुसन्धानकार्य गरिएको छ ।

### ७. शोध कार्यको औचित्य र महत्त्व

मधुपर्क पत्रिकाको प्रकाशन प्रारम्भ भएदेखि हालसम्म सबैभन्दा बढी कथा विधा प्रकाशित छ । यसै सन्दर्भमा पूर्णाङ्क ५१५ देखि ५३२ सम्म महिला कथाकारका २८ वटा कथा प्रकाशन भएको पाइन्छ । उक्त कथाको नारीवादी कोणबाट कतै पनि विस्तृत रूपमा चर्चा परिचर्चा भएको पाइँदैन । तिनै कथाको अध्ययन र विश्लेषण गर्नु यस शोधपत्रको मुख्य उद्देश्य हो । ती कथाको बारेमा जन्न चाहने जो कोहीका लागि पनि यो शोधपत्र सहयोगी हुनेछ । नारीवादी कोणबाट यी कथाकारको अध्ययन र विश्लेषण गरिएको हुँदा यी कथामा नारी पात्रले नेपाली समाजमा के कस्ता समस्या भोगिरहेका छन्, के कस्ता नारी समस्याका विषय जन्माएका छन् र नारीको स्थान कस्तो रहेको छ भन्ने कुरा प्रष्ट पार्नेछ । सोही कारण यस शोधपत्रको औचित्य र महत्त्व स्वतः प्रष्ट हुन्छ ।

### ८. शोधको क्षेत्र र सीमा

साहित्यका विभिन्न विधाका रचना प्रकाशन गर्दै आएको मधुपर्क साहित्यिक मासिक पत्रिकामा धेरै कथाकारका कथा प्रकाशित भएका छन् । यस शोधपत्रलाई सहजताका साथ सुसम्पन गर्नका लागि मधुपर्कका पूर्णाङ्क ५१५ देखि पूर्णाङ्क ५३२ सम्म प्रकाशन भएका नारी कथाका बारेमा मात्र सङ्कलन, अध्ययन र विश्लेषण गरिएको छ । यसरी पूर्णाङ्क ५१५ देखि पूर्णाङ्क ५३२ सम्मका कथाको मात्र अध्ययन गर्नु यसको सीमाङ्कन रहने छ ।

### ९. सामग्री सङ्कलन र शोध विधि

यस शोधपत्रमा सामग्री सङ्कलनको रूपमा पुस्तकालयीय विधिलाई प्रमुख आधार मानिएको छ । यस्तै सामग्री विश्लेषणको सन्दर्भमा वर्णनात्मक, तुलनात्मक र

विश्लेषणात्मक विधिहरूको उपयोग गरिएको छ । आवश्यकतानुसार आगमनात्मक र निगमनात्मक विधिलाईसमेत प्रयोग गरिएको छ ।

## ११. शोधको सङ्गठन

प्रस्तुत शोधपत्रलाई व्यवस्थित बनाउन निम्न परिच्छेदमा विभाजन गरिएको छ ।

क) परिच्छेद एक - शोध परिचय

ख) परिच्छेद दुई - नारीवादको सैद्धान्तिक अवधारणा र कथा विश्लेषणका सैद्धान्तिक आधार

ग) परिच्छेद तीन - नारीवादी कोणबाट मधुपर्कमा प्रकाशित नारी कथाकारका कथाको विश्लेषण (पूर्णाङ्क ५१५ देखि ५३२ सम्म)

घ) परिच्छेद चार - उपसंहार तथा निष्कर्ष

दोस्रो परिच्छेद

# नारीवादको सैद्धान्तिक परिचय

## २.१ नारीवादको सैद्धान्तिक परिचय

नारी जीवनका प्रत्येक क्षणमा नैसर्गिक रूपमा आफ्ना त्याग, स्नेह, समर्पण र कर्तव्य भाव देखाउने युगौँयुगकी श्रद्धा हुन् । नारी आफूलाई नुनिला आँसुका ढिका पिएर संसारलाई सुरुवात र सुग्धामृत पिलाउने नारीले जीवनमा छोरी, दिदी, बहिनी, पत्नी र आमा बनेर परिवार चलाएकी हुन्छिन् । सृष्टि बचाएकी हुन्छिन् । नारीलाई शिक्षा दिइने हो भने उनले त्यो विश्वको सफल नेतृत्वसमेत गर्न सक्छन् । म्याडम क्युरी, फलोरिन्स नाइटिङगेल, जूनको ताबेइ आदि यस्ता व्यक्तित्व हुन् । जसले आफ्नो प्रतिभाको माध्यमबाट आफूलाई विश्वभर चिनाउन समर्थ भए र यिनी सबै नारी हुन् । नारीवादका सन्दर्भमा कतै-कतै पुरुषहरूको पक्षपात विरुद्ध चुनौती हो नारीवाद भनिएको पाइन्छ । सोही कारण नारीवादका बारेमा विभिन्न विद्वान्ले आ-आफ्नै तरिकाले विभिन्न परिभाषा प्रस्तुत गरेका छन् । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ,

नारीवादका सन्दर्भमा सुधा त्रिपाठीले भनेकी छन्, नारीवाद पौरुष पक्षपातको चुनौती हो (त्रिपाठी, २०१२ : ६५) । यसैगरी नेत्र एटमले नारीका तर्फबाट साहित्यलाई बुझ्ने, बुझाउने तथा नारीलाई सामाजिक, सांस्कृतिक, धार्मिक, बौद्धिक आदि विषयमा आत्मनिर्भर बनाई पुरुष एकाधिकारको अन्त्य गर्ने आन्दोलन नै नारीवाद हो (एटम, २०६१ : १५५) । नारीलाई जागरुक बनाई पुराना मान्यतालाई सकारात्मक तबरले बुझाउँदै पुरुषको एकत्व भङ्ग गर्ने आन्दोलनलाई नारीवाद भनेर चिनाइएको छ । यसैगरी परम्परादेखि समाजमा कायम रहेका नारीप्रतिका व्याख्यामा सचेत हुँदै ती मान्यतालाई अस्वीकार र विद्रोह गर्दै अगाडि बढ्नुलाई पनि कहीँकतै नारीवाद भनिएको छ । यसै सन्दर्भमा भनिएको छ, नारीवाद समाजमा चिरकालदेखि प्रबल रहेको लिङ्गकेन्द्री पुरुष विचारका साथै पितृसत्तात्मक धारणासहितको पुरुषपरक व्याख्याप्रति प्रश्न चिन्ह खडा गर्दै यसले पुरुषद्वारा निर्धारित नारीहरूको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गर्दछ (शर्मा र लुइँटेल, २०६१ : ३७१) । नारीवादले नारीलाई परम्परागत मूल्य मान्यताबाट माथि उठाई शिक्षित, सचेत र स्वावलम्बी बन्नतर्फ जोड दिएको पाइन्छ । यसै सन्दर्भमा कृष्ण गौतमले भनेका छन्,

नारीवाद जसले नारीलाई मुक्ति दिन, उठाउन र आत्मनिर्भर बन्न बल दिन्छ (गौतम, २०५९ : ३४) । नारीवाद भनेको नारीले पनि पुरुष सरह समानताको उद्घोष गर्ने वाद हो भनेर लक्ष्मीशरण अधिकारीले भनेका छन् । पुरुष सरह नारीको हकहित प्राप्त गर्नु पर्दछ भन्ने भाव उनीबाट व्यक्त भएको पाइन्छ । यस्तै पितृसत्तात्मक पर्खालहरू भत्काएर नारी अस्तित्वको अलग पहिचान स्थापित गराउनु नै यस आन्दोलको मूल लक्ष्य रहेको बताइएको छ । वास्तवमा नारीवादले महिलाबारे जसले जे जसरी परिभाषा दिए तापनि नारी र वाद मिलेर नारीवाद शब्दको निर्माण भएको हो । त्यसैले नारी भनेको स्त्री वा महिला र वाद भनेको तत्त्वदर्शीहरूले निश्चित गरेको विशिष्ट कुराको सार पत्ता लगाउने तर्क, बहस शास्त्रार्थ भन्ने बुझिन्छ (पोखरेल र अन्य, २०५२ : १२०७) । महिलाले पनि पुरुषले जत्तिकै अधिकार र अवसर पाउनुपर्छ भन्ने लक्ष्य र विश्वास राखेर गरिएको सङ्घर्ष नै नारीवाद हो (त्रिपाठी, २०६८ : ६५) ।

## २.२ नारीवादी सिद्धान्त

अङ्ग्रेजी शब्द Feminism को नेपाली रूपान्तरण नारीवाद हो । नारी केन्द्रित सन्दर्भबाट नारीका हक, हित र समानताका पक्षमा आवाज उठाउनुलाई नारीवाद भनिन्छ । विश्वमा प्राचीन समयदेखि नै प्रबल रहेको पितृसतात्मक धारणा र साहित्यको पुरुष परक व्यवस्थाप्रति प्रश्न चिन्ह खडा गर्ने नारीवादले पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गरेको पाइन्छ (मधुपर्क २०६७ :४) । नारीको सामाजिक, आर्थिक एवम् सांस्कृतिक स्वतन्त्रता तथा समानताका लागि सञ्चालित राजनीतिक नारीवादी आन्दोलनसँग नारीवादी साहित्य तथा समालोचनाको घनिष्ठ सम्बन्ध छ । नारीहरूका सोचाइ, अनुभव, क्रियाकलाप एवम् गतिविधिलाई विशेष महत्त्व दिने नारीवादी समालोचनाले पुरुषद्वारा स्थापित नारीसम्बन्धी समस्त धारणा, दृष्टिकोण, पूर्वाग्रह मन्यता, कल्पना र साहित्यमा नारीको स्थिर चरित्रचित्रण आदिलाई नकार्दै नारीको वास्तविक अस्तित्व तथा पहिचान कायम गर्न जोड दिएको छ । पश्चिमी मुलुकमा नारी मुक्तिको सङ्घर्ष धेरै अघिदेखि चलेपनि नारीवादी आन्दोलन, नारीवादी साहित्य सिर्जना र समालोचनाको वास्तविक थालनी सन् १९६० को दशकपछि मात्र भएको देखिन्छ । त्यस अवधिसम्म समाजमा नारीको अवस्था अत्यन्तै दुःखद र प्रतिकूल रहेको पाइन्छ ।

पछिल्लो समय साहित्यकारलाई लिङ्ग भेद गरेर हेर्नु हुँदैन भन्ने दृष्टिकोण रहेको पाइन्छ । महिलाका भावना, अनुभूति, अनुभव, समस्या, कुण्ठा, विचार, यौनसम्बन्धी दृष्टिकोण आदि महिलाकै कलमबाट सिर्जना हुन्छन् । ती जति बढी प्रामाणिक र वस्तुगत हुन्छन् पुरुषद्वारा सिर्जित रचना महिलाका जति प्रामाणिक हुँदैनन् भन्ने यथार्थवादी दृष्टिकोण र मान्यता विगतमा स्थापित भइसकेको छ । नारीवादी चिन्तकले पनि यसै तथ्यमाथि जोड दिँदै आएका छन् । यो हुँदाहुँदै पनि नारीलाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गर्ने संस्कार अझै छ । नारीका सन्दर्भमा एरिस्टोटलले केही गुणहरूको कमीका कारण नारी भएकी हो भनेका छन् । यस्तै सेन्ट टमस एक्विनसले पनि नारीको खोट देखाउँदै नारीलाई अपूर्ण मानिस भनेका छन् । विश्वप्रसिद्ध मनोविश्लेषक फ्रायडले नारीमा शीघ्र ईर्श्या हुन्छ भन्ने सन्दर्भबाट नारीको नियतिलाई शारीरिक बनोटगत अपूर्णताको परिणाम मानेका छन् । तर नारीवाद यस्तो नारी विरोधी दृष्टिकोणका विपक्षमा देखिएको छ । नारीलाई हीन तुल्याउने कार्य प्रकृतिले नभएर सामाजिक व्यवस्थाले गरेको हो भन्ने दृष्टिकोण नारीवादीको रहेको छ । नारीका यिनै विविध पक्षसँग सम्बद्ध साहित्य एवम् समालोचनालाई नारीवादी साहित्य तथा नारीवादी समालोचना भनिन्छ ।

सन् १९२० को दशकमा नारी लेखक तथा नारी साहित्यकारलाई हेर्ने नयाँ र भिन्न दृष्टिकोणको प्रवेश भएको सङ्केत देखिन्छ । यस अवधिमा लेखिएका कृतिहरूमा नारी लेखकहरूले पितृसत्तात्मक समाजबाट भोग्दै गरेका आर्थिक, शैक्षिक तथा सांस्कृतिक प्रतिकूलतालाई स्पष्ट पारिएको छ । यस सन्दर्भमा उल्फको A room of one's own (1929) नामक पुस्तक नारीवादी आन्दोलनको शास्त्रीय अभिलेखका रूपमा रहेको छ । पितृसत्तात्मक सोचको विरोध गरी नारीलाई पुरुषले थिचोमिचोबाट मुक्त गराउने मार्ग प्रसस्त गरेको नारीवादी समालोचनाले नारी लेखनमा पुरुष मूल्यमान्यता र सौन्दर्यशास्त्रको अनुकरण नगरी नारीहरूको आफ्नै संसारको निर्माण तथा आफ्नै अस्तित्वको खोजीमा जोड दिन्छ ।

नारीका छुट्टै अनुभव, विषय, शिल्पशैली, संरचना, रूप हुन्छन् भन्ने दृष्टिकोणका साथ अघि बढेको यस समालोचनाले नारीको आफ्नै शब्द चयन, वाक्य गठन र अभिव्यक्तिका प्रकार हुन्छन् भन्दै छुट्टै नारी भाषाको स्पष्ट सङ्केत गरेको छ (मधुपर्क, २०६७ : ५) । यसमा नारीको पहिचान नकारात्मक वस्तु वा अन्यका रूपमा तथा पुरुषको पहिचान प्रभावशाली व्यक्तिका रूपमा विवेचना गर्दै पुरुष लेखकहरूका कृतिहरूका  वर्णन गरिएका

नारीसम्बन्धी महान् सामुदायिक मिथकहरूको विश्लेषण गरेको पाइन्छ । नारीलाई समाजमा निम्न, अधीनस्थ र दोस्रो दर्जाका नागरिक तुल्याइएको छ । पितृसत्तात्मक समाजमा यसै स्थितिलाई कायम राखी नारीमाथि दमन गरिएको छ । सन् १९७० को दशकमा नारीवादी साहित्य तथा समालोचनाको वास्तविक एवम् सचेत प्रगति भएको हो । यसै बेलादेखि नारीसम्बन्धी अध्ययन छुट्टै विषयका रूपमा हुन थालेको पाइन्छ । यस अवधिमा नारीवाद अमेरिकामा विशेष लोकप्रिय हुदै गएको देखिन्छ । अहिले नारीवादी समालोचनाको क्षेत्रमा प्रचुर मात्रामा गहकिला कृतिको लेखन, सम्पादन र प्रकाशन भएको पाइन्छ । नारीवादको विकासलाई विभिन्न चरणमा विभाजन गरिएको छ ।

**पहिलो धार**

सन् १९३० मा दासता विरुद्ध र अधिकार प्राप्तिका लागि अमेरिकामा महिलाहरू सङ्गठित भई उत्पत्ति हुन पुगेको थियो । यसमा नारीका दुःख, पीडाबाट छुटकारा पाउन एकता र गतिशीलतामा प्रमुख जोड दिएको छ । सन् १९४९ मा प्रकाशित सिमन द बुआको द सेकेन्ड सेक्स पुस्तकले धेरै ऊर्जा थपेको थियो त्यसमा नारी स्वतन्त्रता नै पुरुष स्वतन्त्रता हो भन्ने कुरामा बढी जोड दिइएको थियो ।

**दोस्रो धार**

Betty Friendan को सन् १९६३ मा प्रकाशित The feminist mystique नारीवादी दोस्रो धारको आधार मानिन्छ । यस पुस्तकमा नारीहरूलाई घरभित्रका मसिना काममा अल्झेर नसबेर बाहिर निस्कन अनुरोध गरिएको छ । यसले नारीहरूलाई घर भित्रको सङ्घर्ष र बाधाहरूलाई हटाएर बाहिर निस्कनुपर्छ भन्ने चेतनाको विकास गराएको छ ।

**तेस्रो धार**

सन् १९८० मा नारीवादको तेस्रो धारले महत्त्व पाएको पाइन्छ । यसले पहिलो र दोस्रो धारले भन्दा फरक धारले नारीका समस्यालाई केलाएको छ । सबै महिलाका समस्या फरक छन् । एकै किसिमले शोषित हुँदैनन्, महिला महिलाबाटै पीडित बनेका छन् भन्दै नारी समस्यालाई वर्ग, जाति, संस्कृतिका आधारमा हेर्न थालेको पाइन्छ (त्रिपाठी, २०६८:३०) । अघिल्लो दुई चरणका नारीवादलाई पहिलो विश्व (अमेरिका, युरोप) को र तेस्रो चरणका नारीवादलाई तेस्रो विश्वका रूपमा हेर्ने गरियो । सन् १९६० पछिका नारीवादलाई वौद्धिक नारीवादी धार पनि भन्ने गरिन्छ जुन बढी नै बौद्धिक नारीवादी धार बढी नै सिद्धान्तकृत हुन पुगेको छ (त्रिपाठी, २०६८ : ३०) ।

## २.३ नारीवादका प्रकार

समाजमा मूलतः नारीप्रति नै बढी विभेद वा शेष, दमनको स्थिति रहेको हुँदा नारीलाई केन्द्रमा राखेर प्रकट भएको यस वादले नारीमाथि हुने उत्पीडन तथा शोषणलाई फेर्ने उद्देश्य राखेको हुन्छ । प्राकृतिक लिङ्ग विभेदलाई हेरेर नारीप्रति गरिने चर्को सामाजिक विभेदसँग यसको तीब्र असहमति छ (पौडेल, २०६९:६४) ।  यहाँ यसका केही महत्त्वपूर्ण भेदको मात्र संक्षिप्त चिनारी प्रस्तुत गरिएको छ ।

### उदार नारीवाद

यस वादले नारी मुक्तिका लागि सामाजिक क्रान्तिको आवश्यकता देख्दैन । महिला र पुरुष बीच समानताको आग्रह राखी उदार नारीवादले नारी समानताको मुख्यतः नारी सशक्तीकरण अवसरको समाज उपलब्धता, वैयक्तिक स्वतन्त्रता, पूर्ण सामाजिक सहभागिता, सामाजिक, सांस्कृतिक, आर्थिक समानता जस्ता कुराको सुनिश्चिततामा उदार नारीवादले विशेष जोड दिएको पाइन्छ ।

### मार्क्सवादी नारीवाद

मार्क्सवादी नारीवाद धारलाई आमूल परिवर्तनकारी धार मानिन्छ । मार्क्सवादी नारीवादले सन् १९७० देखि नै जीवनको भौतिक संरचना र आर्थिक संरचना नै लैङ्गिक समानताको स्रोत हुन भन्ने कुरा पत्ता लगायो । यसले पितृसत्ता र पूँजीवादी वर्गीय संरचनालाई नै नारी शोषणको मूल आधार मान्छ । यसले पूँजीवादी र पितृसत्तात्मक अर्थतन्त्रकै कारण प्रत्येक वर्षमा महिला-महिला बीच विभेद रहने ठान्छ । मार्क्सवादी नारीवादीहरूको जोड व्यक्तिगत स्वतन्त्रतामा भन्दा सामाजिक आर्थिक संरचनामा केन्द्रित छ । यसले वर्गीय शोषणको मन्तव्यबाट नारी मुक्ति सम्भव छ भन्ने कुरामा विश्वास राख्छ ( त्रिपाठी, २०६८ : १०७) । यसरी मार्क्सवादी नारीवादले नारी सशक्तीकरणलाई बढी मान्यता दिन्छ ।

### समाजवादी नारीवाद

नारीवादी समाजवादले समाज व्यवस्थाका कारण नै सामाजिक असमानता र लैङ्गिक असमानता सिर्जना हुने ठान्दछ । समाज व्यवस्थालाई विश्लेषण गरेर हेर्दछ । यसले

विभिन्न प्रजाति, जनजाति, उमेर, यौनिक रुचि विश्वव्यापी रूपमा राष्ट्रहरूको तह र अवस्थित समेतलाई अनुशीलन गर्दछ (पौडेल, २०६९ : ६९) । समाजवादी नारीवादले नारीको बाहिरी क्षेत्रबाहेक पत्नी, आमा आदि भएर गर्ने घरेलु श्रम त्यसको शोषणलाई पनि देखाउँछ । त्यस्तै लैङ्गिक मात्रै नभई जातीय तथा सांस्कृतिक दमन पनि केलाएर यसले समाजको पुनः संरचनामा जोड दिएको छ ।

### अतिवादी (उग्र) नारीवाद

परिवार नै महिला विभेद र दमनको प्रारम्भिक थलो भएको हुँदा यसको पहिलो प्रहार पनि यहाँबाट शुरु हुन्छ । यसले परिवारमा नारीको यौन श्रमको शोषण गर्ने पुरुषको प्रभुत्वलाई नकार्छ । त्यति मात्र होइन प्राकृतिक लिङ्गको जुन भूमिका छ त्यसको पनि विकल्पको खोजी यसले गर्छ । समाजका सबै तहका संस्थाहरूमा लैङ्गिक शोषण र दमन रहेको देख्ने यसले महिलालाई पितृसत्ताको अगाडि निरीह भएर घुँडा टेक्ने नभई सशक्त प्रतिरोधी बन्न प्रेरित गर्दछ । पश्चिमी देशहरूमा बढ्दै गएको समलिङ्गी विवाहलाई समेत यसले प्रोत्साहित गर्ने गरेको छ ।

### उत्तरआधुनिक नारीवाद

यसले विभिन्न वर्ण, वर्ग, संस्कृति, सम्प्रदाय भएका समाजमा नारीका पीडाका स्वरूपहरू पनि विभिन्न हुन्छन् । तर तिनलाई पितृसत्ताले मात्रै नभई स्वयं नारीवादले पनि दबाउने गर्छ भन्ने विश्लेषण प्रस्तुत गरेको छ । सन् १९८० तथा सन् १९९० को दशकमा फ्रान्सेली बौद्धिक नारी जे इतिहास, भाषाशास्त्र, सौन्दर्यशास्त्र तथा मनोविश्लेषणसँग सम्बद्ध थिए उनीहरूले नै उत्तरआधुनिक नारीवाद निर्माण गरेको बुझिन्छ (तामाङ, २००४ : ५३४)। यो सामाजिक न्यायका निम्ति गरिएको व्यापक आन्दोलन भन्दा पनि स्थानीयस्तरको नारीवादी आन्दोलन र चेतना मानिन्छ । आफ्ना हजुर आमा, आमा भन्दा भिन्न पहिचानका साथ यिनीहरू देख्न चाहेका छन् (पौडेल, २०६९ : ७५) ।

## २.४ पाश्चात्य नारीवादी लेखन परम्पराको विकासक्रम

सर्वप्रथम नारीवादको शुरुवात कहाँ र कुन समयमा भयो भन्ने बारेमा विवाद पाइन्छ । तापनि नारीवादी लेखनको प्रारम्भिक रूप नारीवादी आन्दोलनलाई टेवा दिने

उद्देश्यले पश्चिममा फ्रान्सेली राज्य क्रान्तिताका १७८९ तिर लेखिएका कृतिलाई मान्न सकिन्छ । त्यतिबेला प्रकाशित **'डिक्लेरेस अफ दी राइटस अफ विमेन'** नै नारीका पक्षमा लेखिएको पहिलो पुस्तकका रूपमा उभिएको छ । नारी लेखनको इतिहासलाई हेर्दा यसको शुरुवात पश्चिमबाट नै भएको देखिन्छ । यसको अर्थ पूर्वमा नारी चिन्तन थिएन भन्ने होइन कि नारी सिद्धान्तको विकास पूर्वमा भन्दा पश्चिममा अगाडि भएको कारणले हुन सक्छ । पश्चिममा नारी दमन, शोषण र श्रममा भएको विभेदले आन्दोलनको रूप लियो भने त्यसैसँग नारीहरूले विभिन्न लेख, पुस्तकमार्फत आफ्ना अभिव्यक्तिलाई सार्वजनिक गर्न थाले । नारी लेखनको इतिहासलाई पल्टाउँदा ओलम्पे दी गोगेसको नाम अग्रस्थानमा आउँछ ।

सर्वप्रथम फ्रान्सेली राज्यक्रान्ति सन् १७८९ मा प्रकाशित गोगेसद्वारा लिखित 'डिक्लेरेसन अफ दी राइटस अफ विमेन' नै नारीका पक्षमा लेखिएको पहिलो पुस्तकका रूपमा उभिएको छ । डिक्लेरेसन अफ दी राइटस अम्यनमा नारीका कुरा छुटेका कारण नै यो पुस्तक प्रकाशनमा आएको देखिन्छ । नारीहरूलाई अठारौं शताब्दीमा नै शिक्षाबाट सशक्त बनाउँछ भन्ने विषय गम्भीर सचेत भएको पाइन्छ । त्यस्तै सन् १९७२ मा मेरी उल्लिस्टोन क्राक्टले A Vindication of The light of Women भन्ने पुस्तकमा नारीलाई शिक्षित, स्वतन्त्र र  निर्णायक बन्न आव्हान गरिएको छ । त्यस पुस्तकमा नारीहरूले व्यक्तित्व विकास गर्न पनि उत्तिकै जरुरी छ भनेर बताइएको छ । जोन स्टुवर्ट मिल र हेरियट टेलरको सन् १८३२ मा प्रकाशित **विवाह र सम्बन्ध** नामक पुस्तकमा महिलाले सीमित सन्तान जन्माएर आफ्नो व्यवसाय गरेमा नै महिलाहरू सशक्त हुने कुरामा जोड दिएको छ । त्यसैगरी अमेरिकी नारी लेखिका मार्गरेट फुलरको Women in the Ninettnth century नामक पुस्तकमा नारी आन्दोलन र नारी सशक्तीकरणमा महत्त्वपूर्ण योगदान दिन सबल भएको पाइन्छ ।

सन् १८६९ मा लिखित The subjeetion of women नाम कृतिले नारी दमनलाई उजागर गरेको छ । १८५१ मा प्रकाशित हेरिएर टेलरको Enfulanchisement of Women ले नारीहरूको राजनीतिक अधिकार महत्त्वपूर्ण छ भन्नेबारे प्रकाश पारेको छ । वाइवलमा भएको पुरुष पक्षधरलाई चुनौती दिने सन् १८९५ मा एलिजावेद कोडिस्टेसनको विमेन वाइवल सशक्त नारीवादी पुस्तक हो । त्यसैगरी सन् १९२० को दशकमा नारी साहित्य र नारी लेखनलाई फरक कोणबाट हेरिएको छ । त्यही समयमा खेका वेष्ट तथा

भर्जिनिया उल्फका कृतिहरूमा नारीहरूले पितृसत्तात्मक सामाजिक संरचनामा भोगिराखेका आर्थिक, शैक्षिक, तथा सांस्कृतिक प्रतिकूलतालाई छर्लङ्ग देखाउने काम गरिएको छ । यस सन्दर्भमा उल्फको A geem of onels own १९६७ नामक पुस्तक नारीवादी आन्दोलनको शास्त्रीय अभिलेख नै बन्न पुगेको छ । डोरोथी रिचर्डसनद्वारा चेतन प्रवाह शैलीमा लेखिएको उपन्यास Pilgrimage सन् १९१५-१९६७ पनि महत्त्वपूर्ण पुस्तक हो । नारी लेखनको परम्परामा काटे मिलेटको सेक्सुअल पोलिटिक्स सन् १९७७ नारीवादी साहित्यिक आन्दोलनको घोषणापत्रको रूपमा रहेको छ । यसबाट नै नारीवादी समालोचनाको आरम्भ भएको समालोचकको दावी छ ।

महिला आन्दोलनको अन्तर्राष्ट्रिय गतिविधिमा सन् १९६० नोभेम्बर २५ र सन् १९८९ डिसेम्बर ६ पनि उल्लेखनीय समय रह्यो । नोभेम्बर २५ मा डोमिनिक रिपब्लिकका साहसिक दिदीबहिनी पाडिया, मनिर्मा र मारियाको तत्कालीन तानाशाह शकेल त्रुणिलो सरकारले षडयन्त्रद्वारा कायरतापूर्ण निर्मम हत्या गरेको थियो । त्यस्तै दिसम्बर ६ मा क्यानडाको मोन्टेरल विश्वविद्यालयको पोलिटेकनिकल कलेजका १४ इन्जिनियर छात्राको लिङ्ग द्वेषका कारण सामूहिक हत्या गरियो छ । त्यसपछि १९९१ बाट सेतो रिबन अभियान शुरु गरियो । यसको अर्थ थियो म हिंसा सहन्नँ, आफू पनि गर्दिनँ र देखेमा प्रतिकार गर्छु ( पौडेल, २०६९ : ९) । नारी सङ्घर्ष र चेतनाको इतिहास लामो छ । नारीवादी आन्दोलनलाई अन्तर्राष्ट्रिय तहमा व्यापक तुल्याएर परिचालन गर्ने काम सन् १९४५ मा संयुक्त राष्ट्र सङ्घको स्थापना पनि नै भएको हो तापनि यसपूर्व पनि अमेरिका, फ्रान्स, बेलायत जस्ता मुलुकहरूमा बेलाबेलामा केही कामहरू भएको पाइन्छ (पौडेल, २०६९ : ८) । नारी लेखनको इतिहासमा सन् १९४९ मा प्रकाशित सिमोन द बुबाको The second Sex प्रकाशनसँगै विश्वमा नारीवादी परम्पराले नयाँ मोड प्राप्त गरेको देखिन्छ । यसै समयदेखि नारीवादी साहित्य समालोचनाको वास्तविक तथा सचेत थालनी भएको पाइन्छ । नारीवादी चेतना र जागरणको महत्त्वपूर्ण दस्तावेज बन्न पुगेको The second sex नामक कृतिले साहित्यमा नारीवादी चिन्तनको क्षेत्रलाई ज्यादै व्यापक बनाएको देखिन्छ (अधिकारी, २०६८ : ३४) । यस कृतिमा नारीमाथि हुने सम्पूर्ण शोषणको मूल जरो पितृसत्तात्मक सामाजिक संरचना र प्रवृत्ति मानिएको छ । नारीवादी साहित्य तथा समालोचनाको वास्तविक तथा सचेत थालनी सन् १९६० को दशकमा भएको हो । यस बेलादेखि नारीसम्बन्धि अध्ययन छुट्टै विषयका रूपमा हुन थालेको पाइन्छ । यस अवधिमा नारीवादले अमेरिकामा विशेष लोकप्रियता पाउँदै

गएको देखिन्छ भने बेलायतमा पनि नारी प्रकाशन गृहहरूको स्थापना भई यसले सक्रिय रूप लिएको देखिन्छ ।

१९७७ मा बेलायतमा प्रथम पटक Virgo नामक पुस्तकले नारीहरूको स्वतन्त्र पुस्तकको प्रकाशन गरेको पाइन्छ । यसैगरी सन् १९७८ मा बेलायतमा The women's press को स्थापना भएको पाइन्छ । यसरी नारीवादी समालोचना एकातिर विगतका नारी लेखिकाहरूको व्यापक खोजी तथा पुनर्मुदण गरेर अनि अर्कातिर सिर्जनात्मक नारी लेखनलाई प्रोत्साहित गरेर हुर्केको छ । यसैगरी स्लेट शोवाल्टरले स्त्रीवादी समालोचनमा लागिन् भने जीव विज्ञानलाई चुनौती दिने जुलिया क्रिस्टेभाले उग्रनारीवादको यात्रा समातिन र मार्क्सको आर्थिक शोषणको सिद्धान्तलाई चुनौती दिने लाकन जस्ता नारी समालोचकले नारीवादी समालोचनालाई अगाडि बढाउने काम गरे ।

यसैगरी सन् १९९५ मा बेइजिङ्गमा चौथो सम्मेलन भइएको पाइन्छ । यस सम्मेलनमा १८१ राष्ट्रका प्रतिनिधिको सहभागिता रहेको पाइन्छ । यो सम्मेलनले विगतमा पारित गरिएका निर्णय र संयुक्त राष्ट्र सङ्घका घोषणापत्र तथा महासन्धिलाई पुनरावलोकन गर्दै विगतका घोषणालाई राम्ररी लागु गर्ने अनि विश्वमा महिला समानता, विकास र शान्ति प्राप्त गर्ने कुरामा पुन प्रतिबद्धता जाहेर गरेको थियो । यसले नारी उत्थान, विकास र सशक्तिकरणका लागि मुख्य १२ वटा सरोकार क्षेत्र निर्धारण गरेको थियो (पौडेल, २०६९ : ११) । समयको मागअनुसार नारीहरूलाई प्राविधिक, आर्थिक र राजनैतिक रूपले दक्ष बनाउन पर्ने भएको हुँदा विकासका प्रक्रियामा नारी सहभागिता बढाउन उनीहरूलाई सशक्तीकरण गर्ने अनि लैङ्गिक समानता विकास र शान्तिको बाटोमा नारीको समान सहभागिता गराउन विश्वव्यापी रजनीति तय गर्ने जस्ता कम पनि यस सम्मेलनले गरेको थियो ।

यसरी हेर्दा नारीहरू क्रमशः आफ्ना हक अधिकारप्रति सचेत बन्दै स्वनिर्भर भएर पुरुष सरह अघि बढेको पाइन्छ । नारीहरूले विभिन्न सम्मेलनका निर्णयको पुनरावलोकन गर्दै आगामी योजनाहरूको तयारी गरेको पाइन्छ । संयुक्त राष्ट्र सङ्घले पनि नारी सशक्तीकरण सम्बन्धि विविध कार्य गरेको देखिन्छ । जस्तै १९७९ मा महिला विरुद्ध हुने सबै प्रकारका भेदभावलाई उन्मूलन गर्ने महासन्धि (सीड) लाई पारित गरेको पाइन्छ । यस सन्धिलाई १६६ राष्ट्रले अनुमोदन गरेका छन् । नेपालले पनि यसलाई २२ अप्रिल १९९१ मा विनासर्त अनुमोदन गरेको छ (पौडेल, २०६९ : १०) । यसरी अगाडि बढ्दै आए तापनि

साहित्यिक क्षेत्रमा भने यथार्थवादी युगदेखि नै नारीहरूको महत्त्वलाई उजागर गर्ने प्रयास भएको छ ।

## २.५ नारीवादी समालोचनका विकासक्रम

इतिहासको प्रारम्भदेखि रचिएको साहित्यको अब पुनर्मूल्याङ्कन हुनुपर्छ । पुरुषले बनाएका सारा नारी पात्रहरू केवल खेलौनाको रूपमा मात्र देखिने हुनाले तिनलाई भत्काई नारीको वास्तविक रूपलाई उजागर पार्नुपर्छ । तथा नारीलाई सिंगो रूपमा नारीले मात्र चिन्न सक्छन् । नारीले मात्र न्याय गर्न सक्छन् । नारी पात्रहरूको विश्लेषण पनि नारीबाट मात्र सही रूपमा हुन सक्छ भन्ने किसिमका विभिन्न चिन्तनहरूका पृष्ठभूमिमा नै नारीवादी समालोचना विकसित भएको पाइन्छ (अधिकारी, २०६८ : ३५) । अन्य साहित्यिक समालोचना तथा सिद्धान्तका लागि नारीवाद राजनीतिक आन्दोलन भएको छ । किनभने यसको सामाजिक परिचय प्रारम्भिक साहित्यिक समालोचना भन्दा भिन्न छ । यसले नारी पुरुषको भिन्नतालगायत उनीहरूको बीचको समानताका बारेमा चासो राख्दछ (अधिकारी, २०६८ :३६) । बीसौं शताब्दीमा एउटा महत्त्वपूर्ण उपलब्धिका रूपमा देखिएको नारीवादी समालोचनाले थोरै समयमा नै महत्त्वपूर्ण कार्य गरी विकसित भएको देखिन्छ ।

समग्रमा हेर्दा लिच्छविकालदेखि महिलामा देखा पर्दै आएको जागरणले सामाजिक एवम् राजनैतिक वृत्त नाघेर वौद्धिक फाँटमा नारीवादको स्वरूपमा प्रवेश गरेको छ । यसले साहित्यिक फाँटमा पनि प्रवेश गरेपछिको लगभग अढाई दशकको अवधिमा राम्रोसँग स्थापित हुन सफल भएको छ । पछिल्ला दिनमा यो मूलतः महिला अंशतः पुरुष लेखकका लागिसमेत रुचिकर रहँदै आएको छ । हाल आएर नारीवाद नेपाली साहित्यका विभिन्न प्रमुख प्रवृत्तिमध्येको एक महत्त्वपूर्ण प्रवृत्ति बनिसकेको छ । नेपाली साहित्यमा मूलतः समालोचना, उपन्यास र कथामा नारीवाद स्थापित भइसकेको छ । अन्य विधामा पनि स्थापित हुने क्रममा नै छ (त्रिपाठी, २०६९ : १५) ।

यसरी नारीवादी समालोचनाको विभाजनमा जे जस्तो मत देखिए तापनि केट मिलेटको सेक्सुअल पोलिटिक्सलाई आधार मानेर गरिएको विभाजन भरपर्दो मानिएको पाइन्छ । जुन निम्नानुसार रहेको छ ।

## २.६ पाश्चात्य नारीवादी समालोचना

नारीवादी साहित्य तथा समालोचनाको वास्तविक तथा सचेत थालनी सन् १९७० का दशकमा भएको पाइन्छ । बेलायतमा सन् १९७७ मा violang नामक प्रकाशनले नारीहरूको स्वतन्त्र पुस्तक प्रथम पटक प्रकाशन गरेको छ भने १९७८ मा The Women's Press को स्थापना भएको छ । नारी वादी समालोचनाको विकास निम्न लिखित धारहरूमा भएको पाइन्छ ।

राजनैतिक नारीवादी समालोचना

गाइनो समालोचना

नारी जातीय चरण

नारीवादी चरण

नारी चरण

फ्रान्सेली नारीवादी समालोचना

### राजनैतिक नारीवादी समालोचना

केट भिलेजले आफ्नो पुस्तक Sexual Positives (१९६९) प्रचलित सामाजिक शक्ति संरचनाका कारण पुरुषले नारीको दोहन गरी उसमाथि आधिपत्य जमाएको छ भन्ने मत व्यक्त गरेकी छन् । उनले पितृसत्तात्मकतालाई नारी दमनको मुल कारण ठह-याई यसको विरोध गरेकी छन् । राजनैतिक नारीवादी समालोचनामा मार्क्सवादी दर्शनको प्रशस्त प्रभाव रहेको पाइन्छ ।

### गाइनो समालोचना

गाइनो समालोचनाको तात्पर्य नारी लेखनका कृतिको परीक्षण र मूल्याङ्कन गर्नु हो । गाइनो समालोचनाको नामाकरण एलिन सोवाल्टनरद्वारा गरिएको हो । गाइनो समालोचना अन्तर्गत नारी भाषा, शैली, विषय विधा, संरचना, रूप, पद्धति, उत्प्रेरणा, उत्पादन, व्याख्या, विश्लेषण आदि सबै आफै हुन्छ भन्ने धारणा रहेको छ । सङ्क्षेपमा गाइनो समालोचकले नारीहरूको आफ्नै संसार छ, आफ्नै भाषा छ भन्ने मान्दछन् ।

**नारी जातीय चरण १८४०-१८८०**

यस चरणमा भाले परम्परा र सौन्दर्यशास्त्रको अनुकरण र अनुशरण गरी कृति रचेका छन् ।

**नारीवादी चरण १८८०-१९२०**

यस चरणमा भाले मूल्य मान्यता तथा संहिताको उपेक्षा गरी पितृसत्तात्मकताको विरोध गरेका छन् ।

**नारी चरण (१९२० देखि हालसम्म)**

यस चरणमा नारीहरूले आफ्नै स्वायत्त नारी परिपेक्ष्यको वकालत गरेका छन् । यौनको निर्धक्क खुला अभिव्यक्ति गरेका छन् ।

**फ्रान्सेली नारीवादी समालोचना**

फ्रान्सेली नारीवादी चिन्तक तथा समालोचकले लेखनमा लैङ्गिक भूमिका सम्बन्धि सिद्धान्तको अध्ययन गरेका छन् । फ्रान्सेली नारीवादी समालोचकहरू उत्तर संरचनावाद तथा नवोमनोविश्लेषणवाद, प्रतिक विज्ञान, विनिर्माणवाद आदिबाट बढी प्रभावित देखिन्छन् । तेस्रो चरणका रूपमा देखा परेको फ्रान्सेली नारीवादी समालोचनाका प्रवर्तकका रूपमा जुलिभा क्रिस्टिभा देखिन्छिन् ।

**२.७ नारीवादी साहित्य तथा समालोचनाका मान्यता**

जुनसुकै विषय, साहित्य वा समालोचनाका आ आफनै किसिमका विशेषताहरू र मान्यता रहेका हुन्छन् । नारीवादी साहित्य तथा समालोचना र मान्यताका पनि निम्न मान्यता रहेका छन् ।

- पितृसत्तात्मक मानसिकताका विरुद्धमा आवाज उठाउनु,
- नारीका हकहित र समानताका पक्षमा आवाज उठाउनु,
- पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गर्नु,
- नारीहरूका हरेक क्षेत्रमा निर्णयात्मक भूमिका बढाउनु,
- नारीहरूले सामाजिक मान्यताको विरोध गरी न्यायको खोजी गर्नु,
- नारीहरूको छुट्टै अनुभव, विषय, शिल्पशैली, संरचना रूप हुन्छन् ।

- थिचोमिचो र अन्यायमा परेका नारीलाई केन्द्रमा राखेर चर्चा गर्ने वाद नारीवाद हो ।
- पुरुषप्रधान सोचमा परिवर्तन ल्याउने,
- नारी स्वनिर्भरता नै नारीवाद हो,
- आफ्नो शरीरको उपयोग, इच्छा, चाहना र आकाङ्क्षा अनुसार गर्न पाउनुपर्छ भन्ने मान्यता ।
- न्यायपूर्ण समाज स्थापनाका लागि नारीवाद महत्त्वपूर्ण छ ।
- नारी मातृत्वको विकास गर्नु,
- नारी लेखनका कृतिको व्यापक अध्ययन, व्याख्या चिन्तन गर्नु,
- नारीको रचना र भावमा नारीको भावना हुन्छ ।
- नारी मुक्तिका लागि आफै सक्रिय हुनु ।
- नारीहरूले शिक्षामा पहुँच बढाउनु,
- जैविक विभेद स्त्रीको दुर्बलता होइन ।

माथि उल्लेख गरिएका नारीवादी मान्यताका बुँदा अध्ययन गर्दा नारीले लेखिएका नारीका भावना, अनुभूति, अनुभव, समस्या, कुण्ठा, विकास, यौन सम्बन्धि दृष्टिकोण यस्ता तथ्यबारे अध्ययन गरेर नारीको समस्या पत्ता लगाउन सजिलो हुन्छ । समाजमा सकारात्मक परिवर्तन नै नारीवाद हो ।

## २.८ नारीवादी साहित्य तथा समालोचनाका गुण र दोष

नारीहरूका हितका लागि आवाज उठाउने नारीवादी साहित्यका विविध उपलब्धि रहेपनि, केही सीमा पनि देख्न सकिन्छ । जसका कारण नारीवादी समालोचनाले नारी पक्षलाई मात्र हेर्ने हुँदा नारी पुरुष बीचमा भेद र दोष भाव बढाउन सक्ने सम्भावना हुन्छ । यस्तै यो मुख्यतः राजनीतिमुखी भएको हुँदा साहित्येतर तत्त्वको बढी विश्लेषण गर्छ यसले साहित्यका रूप, कला र संरचना पक्षलाई कम महत्त्व दिन्छ । तापनि नारी वादी आन्दोलनसँग नारीवादी साहित्य तथा समालोचनाको घनिष्ठ सम्बन्ध छ । नारी वादी साहित्यले परम्परित रूपमा अनुशरण गर्दै आएका मान्यताको विरोध गरी नयाँ अवधारणा पेस गरेको पाइन्छ । यसले नारी वादी चिन्तनको विकास गरेको छ । अन्यायमा परेका

नारीलाई न्यायको खोजी गराइदीएको छ । यसरी नारीवादले नारीहरूलाई वञ्चितीकरण गरेको तथ्यलाई अगाडि ल्याएको छ र पितृसत्ताको विरोध गरेको छ ।

## २.९ कथा विश्लेषणका सैद्धान्तिक आधार

यस शोधलाई पूर्ण गर्नका लागि कथा विश्लेषणका विभिन्न आधार तय गरिएको छ । यिनै आधारको परिधिमा रहेर नै कथाको विश्लेषण गरिएको छ । जुन यस प्रकार छन्,

### २.९.१ पितृसत्तात्मक सोच

पितृसत्ता एक यस्तो सामाजिक व्यवस्था हो । जसमा पिता अथवा कुनै पनि पुरुष प्रधान भई, परिवारका सबै सदस्य र आर्थिक क्रियाकलापमा आफ्नो नियन्त्रण राख्दछ । पुरुष प्रधान समाजमा हुर्केको मानिसमा पुरुषत्व सोचको विकास भएको हुन्छ । महिलाहरू पिता, पति वा छोराको अधीनमा रहन परेको हुँदा महिलाको अस्तित्व नै ओझेलमा परेको हुन्छ । पितृसत्तात्मक सामाजिक मनोविज्ञानको असर महिलामा पनि परेको पाइन्छ । यस्तो समाजमा महिलाहरू सामाजिक, आर्थिक समस्यालाई पन्छाउँदा पन्छाउँदै मानसिक रोगी भएर बाँचेका हुन्छन् ।

### २.९.२ सतीत्वको प्रश्न

नेपाली समाजमा सतीत्वको प्रश्न नारीका लागि सबैभन्दा ठूलो बन्धन बनेको छ । रूढीवादी समाजमा सतीत्व महिलाले मात्र कायम राख्नु पर्छ भन्ने सामाजिक मान्यताले गर्दा महिला अझै बन्धनमा परेका छन् । सामाजिक आचारसंहिता पितृसत्ताका शासितहरूका निम्तिमात्र व्यवस्था गरिएको सन्दर्भमा नारीहरू मात्र सो प्रावधानले डामिने गरेको पाइन्छ ( पौडेल, २०७१ : १८) । पुरुषले बलत्कार गरेर भाग्छ, प्रश्न चिन्ह नारीमाथि उठ्छ । अनेक परिस्थितिले सती हुँदाहुँदै पनि सतीत्व हीनताको लाञ्छना महिलालाई नै लाग्छ (त्रिपाठी, २०६८ : २२२) । जसको परिणामस्वरूप सङ्घर्षशील चरित्र विकसित गर्न नसकेका नेपाली नारीहरूका निम्ति आत्महत्यामात्र त्यसको विकल्प बन्दछ ।

### २.९.३ नारी स्वयम् नारी विरोधी हुनु

पुरुषप्रधान हाम्रो समाजमा अधिकांश मानिसको व्यवहार पुरुषका निर्णयमा आधारित रहेको हुन्छ । पुरुषप्रधान मान्यताका कारणले उत्पन्न भएको समस्याले एउटी नारी अर्की नारीकी विरोधीजस्तो देखिन्छ । हाम्रो समाजका पुरुषले निम्न आर्थिक स्तर भएका महिलालाई हेप्ने र बुझ्ने जुन चलनचल्ती रही आएको छ, त्यसको असर महिलालाई शोषण, दमन, अन्याय, अत्याचार र उत्पीडनमा पर्ने गर्दै आएका छन् । महिलाले यसको विद्रोह गर्नुभन्दा सङ्घर्ष गर्नतिर लाग्छन् । जसका कारण पितृसत्तात्मक संरचनाको जरो अझै गाडिन पुग्दछ । समाजमा नारी नारीबाट नै विरोधी नहुने वातावरणको सिर्जना हुन पुग्दछ । यस्तो वातावरणमा सुधार ल्याउनाका लागि पुरुषवादी सोच र वर्गीय विभेदको अन्त्य हुनुपर्दछ । त्यसैले मार्क्सवादी अवधारणाले पनि पूँजीवादी र पितृसत्तात्मक अर्थतन्त्रकै कारण प्रत्येक वर्गमा महिला महिला बीच विभेद रहने ठान्छ (त्रिपाठी, २०६८ : १०७) ।

### २.९.४ नारी मातृत्वको अवमूल्यन

आफूले जन्माएका सन्तानको भविष्यका लागि आमाहरूले जेमा त्याग र सङ्घर्ष गर्छन् त्यो सबै मातृत्व नै हो । समाजले निर्माण गरेको विभेदकारी नीतिका कारण सन्तानले हुर्की बढेपछि आमाको त्यागमय ममतालाई भुलेर उनीहरूले निभाउनुपर्ने कर्तव्यलाई पन्छाएका हुन्छन् । सन्तानले पनि आमाको मूल्य मान्यतालाई परिवार र समाजमा उचित कदर गर्दैनन् । पुरुषप्रधान समाजमा नारीलाई दोस्रो दर्जाको ठानेर नारीको अस्तित्वलाई किनारामा पुऱ्याउने काम गरेको छ । सन्तानले पनि मातृत्वको उचित कदर गरेका छैनन् ।

### २.९.५ नारीको आर्थिक हैसियतहीनता

हाम्रो पुरुष प्रधान समाजमा घरको मुख्य व्यक्ति पुरुष नै हुन्छ । उसले नै सम्पूर्ण आर्थिक कारोबारलाई सम्हाल्छ । आर्थिक भूमिकामा नारीलाई कुनै स्थान दिइन्न । नारी बाल्यकालमा पिता, युवाकालमा पति र वृद्ध कालमा पुत्रको संरक्षणमा वा आश्रयमा रहनुपर्ने परम्परित संस्कार छ (पौडेल, २०६९ : ११०) । उत्पादक कामहरू सबै पुरुषले एकलौटी बनाएका छन् र नारीका जिम्मामा जति कामहरू छन् ती अनुत्पादक ठहऱ्याइएका छन् । नारीले सम्हाल्नुपर्ने घरायसी काम र बालबच्चाको स्याहार सुसारको कुनै मूल्य नदिँदा ऊ आर्थिक रूपमा कुनै हैसियत नभएकी महिलाका रूपमा चिनिन पुगेकी हुन्छे (त्रिपाठी, २०६८

: ९५) । यस्ता समस्याले गर्दा शिक्षा, स्वास्थ्य र आहार आदि अनेकौं उसका आवश्यकता कम गुणस्तरीय हुन्छन् । जसले गर्दा उसले आफ्ना कतिपय सामान्य चाहना पनि सहज रूपमा प्राप्त गर्न सक्दिनन् । यसैले महिलाको आर्थिक हैसियत बढाउनाका लागि नारी स्वयम् सचेत हुनुपर्ने देखिन्छ ।

### २.९.६ घरेलु हिंसा

पितृसत्तात्मक समाजमा घरभित्र महिलामाथि शारीरिक, सांस्कृतिक, मानसिक, आर्थिक र यौनजन्य हिंसा शोषण तथा दमन भै रहेका हुन्छन् । नेपाली समाजमा महिलाहरू यस्ता हिंसा सहेर बस्न बाध्य छन् । पुरुष प्रधान समाजमा विद्रोह गर्नका लागि सामाजिक न्याय छैनन् । पुरुष मानसिकताले गर्दा परिवारमा त्यस्ता समस्या दिनदिनै बढ्दै गएका छन् । घरेलु हिंसा कम गर्नका लागि बढी भन्दा बढी महिलालाई शिक्षामा पहुँच बढाउनु पर्छ । हाम्रो समाजमा गरिबी, चेतना र पुरुष मानसिकताले गर्दा महिलाहरू घरेलु हिंसाबाट पीडित भएर र मानसिक रोगी भएर दिन बिताइरहन परेको छ ।

### २.९.७ नारी स्वतन्त्रताबाट वञ्चित

नेपाली समाजमा पहिलो कुरा अशिक्षा, विपन्नताले पनि ठूलो असर पारेको छ । यसैगरी परम्परित धार्मिक सांस्कृतिक अन्धविश्वास र पुरुषप्रधान समाजका कारण उत्पन्न भएका समस्या पनि हुन्छन् भने नेपाली नारीमा सामाजिक, शारीरिक, आर्थिक, सांस्कृतिक, राजनीतिक, कानूनी आदि अनेकथरी समस्या पाइन्छन् । यस्ता समस्याले गर्दा नारीको अस्तित्वलाई किनारमा पु¥याउने गरेको छ । परम्परित अन्धविश्वासले जरा गाढेको समस्यालाई समाधान गर्न नसकेर नेपाली नारीहरू स्वतन्त्रताबाट वञ्चित भएका छन् ।

### २.९.८ नारीलाई सामाजिक मान्यता प्राप्त नहुनु

हाम्रो समाज पूर्ण रूपमा पितृसत्तात्मक रही आएको छ । यस्तो सामाजिक संरचनाले एउटै व्यवहारका लागि पनि पुरुषलाई प्रशंसा र नारीलाई आलोचनाका दृष्टिले हेर्ने प्रवृत्ति विकसित गरेको हुन्छ । नारी पुरुष दुबै थरीलाई सामाजिक सांस्कृतिक आचारसंहिताको मापदण्ड पनि बेग्लै हुने गरेको यस अवस्थामा समाजका पुरुषका हरेक आचरणले सामाजिक

मान्यता पाएको हुन्छ तर नारीको आचरण सकारात्मक भएर पनि त्यसले मान्यता पाएको हुँदैन (त्रिपाठी, २०६८ : ९७) ।

### २.९.१० पुरुषको स्वेच्छाचारी प्रवृत्ति

नेपालजस्तो विकासोन्मुख मुलुकमा अनुशासनका जे जति नियम बनेका छन् ती अधिकांश नारीका निम्ति मात्र सिर्जिएका छन् । पुरुषका हरेक क्रियाकलापलाई समाजले उच्च मूल्याङ्कनका साथ हेरिदिएको हुन्छ । यसरी सत्ता हातमा लिने पुरुष नै स्वेच्छाचारी बनि दिँदा त्यसको दुष्प्रयास महिलाले मात्र व्यहोर्नु परिरहेको हुन्छ (त्रिपाठी, २०६८ : ९४) । पुरुष त हो नि जातैले पाएको उसले जे गरे पनि हुन्छ भन्ने पितृसत्तात्मक सामाजिक मनोविज्ञानको प्रभाव महिलामा पनि विद्यमान रहेको हुन्छ । यसबाट पुरुषको स्वेच्छाचारी बन्ने प्रवृत्तिले बढ्ने हौसला पाएको हुन्छ । पुरुष भएकै कारणले उसले महिलामाथि मनोमानी गर्छ । पुरुष सोचले प्रदर्शन गरेको हैकमवादी व्यवहार खेप्न महिला बाध्य हुनुपर्छ । यसरी नारीलाई शारीरिक, मानसिक, आर्थिक, सामाजिक, पारिवारिक तबरले पीडा दिने कारणका रूपमा पुरुष अगाडि उभिएको छ । जसका कारणले गर्दा नेपाली समाजका नारीहरू पारिवारिक, आर्थिक सामाजिक यौनजन्य विभिन्न समस्यालाई भोग्न बाध्य छन् ।

### २.९.११ पितृसत्ताको निःसङ्कोच विरोध

पितृसत्ता नारी पीडक मनोवृत्तिबाट निर्मित संस्कार र संस्कृति हो । नारी शोषण र दमनको एउटा महत्त्वपूर्ण कारक पनि हो । पितृसत्ताले नारीमथि पुरुषको एकाधिकारलाई जनाउँछ । यौनका मामिलामा पुरुषका जीवनमा जति असन्तुष्टिका पक्षहरू हुन्छन् त्यत्तिकै मात्रमा महिलामा पनि उक्त पक्षहरू रहेका छन् । पुरुष घरमा मध्यरातमा आए तापनि उसमाथि कुनै प्रश्न हुँदैन तर एक नारी घर बाहिर गएको बेलामा ऊ अबेला आएको खण्डमा अनेक लाञ्छना लगाउने, पीडा दिने गरिन्छ त्यसैले नारी पनि पुरुषसरह स्वतन्त्र हुनुपर्दछ ।

### २.९.१२ नारी स्वनिर्भरता

नेपाली समाजमा आधा आकाश ढाकेका नारीले जति नै श्रम गरे पनि आर्थिक परनिर्भरता बेहोरी रहनु पितृसत्ताको शोषणमा फस्नु नै हो । नारीवादले नारीलाई घरका

मसिना काममा नअल्झेर घरबाहिर उत्पादनमूलक काममा अग्रसर हुन अनुरोध गर्दछ । यदि महिलाको सधैंभरि आश्रित भइरहने विवशता नरहने हो भने परिवार पनि आर्थिक रूपमा सबल हुन्छ । किनकि काम गर्ने हात बढ्छ र पुरुषहरूलाई पनि आर्थिक बोझ कम पर्दछ । महिलाहरूले आफ्नो सानो आवश्यकता पूर्तिका लागि पनि पुरुषसँग हात थाप्नुपर्ने अवस्था आइपऱ्यो भने महिला अझ बढी शोषण र दमनमा पर्न सक्छन् । त्यसैले मूल्यका यस जगत्मा हरेक क्षेत्रका नारीको श्रमको मूल्य खोज्न लगाएर नारी पुरुष आश्रित प्राणी होइन । ऊ आफ्नो श्रमद्वारा नै स्वनिर्भर बन्न सक्छे भन्ने यथार्थता बोध गराउन खोजिएको छ ( पौडेल, २०६९ : ८२) ।

### २.९.१३ लैङ्गिक समानताको आग्रह

नारीवादको नजिकको सम्बन्ध लैङ्गिक (जेन्डर) समालोचनासँग रहेको छ । नारीवादले पनि समाजनिर्मित लिङ्ग विभेद जुन मूलतः नारीप्रति विभेद कार्य छ । त्यसको विरोध गर्दछ । हरेक मान्छे भित्र स्त्री पुरुष दुवैको गुण हुन्छ । मान्छेले आफूलाई पूर्ण मान्छे बनाउने हो भने ती दुवै गुणको सन्तुलित विकास गर्नुपर्छ (पौडेल, २०६९ : ८४) । स्त्री पुरुषको धेरैजसो विभेद समाजले खडा गर्छ । संस्कृतिले उत्पन्न गर्छ । दुवीलिङ्गवाद (वाइसेक्सुअलिज्म) ले के भन्छ भने नरमा नारीको र नारीमा नरको विशेषता विद्यमान छ (गौतम, २०५९ : ३४४) । मानसिक रूपमा नरनारीको दवैत समाप्त हुने हो भने दुई लिङ्ग बीचको पनि द्वैत समाप्त हुन्छ । नारी अर्कै हो पुरुष अर्कै हो भन्ने भावना रहँदैन ।

यसरी समाजले प्रत्येक व्यक्तिबाट लिङ्गअनुसारको भूमिका नखोजी महिला पुरुषको बीचका सीमा रेखाको निर्माण हुने थियो । जहाँ नारीवादको कुनै आवश्यकता पर्ने थिएन । महिला पुरुष एक अर्काका अभिन्न परिपूरक र विकल्परहित प्राणी हुन् ।

### २.९.१४ नारी शक्ति

नारी धर्ती, नारी मायाकी खानी हुन् । जीवनका हरेक पाइलामा नारीले विभिन्न रूपमा प्रस्तुत भएर आफ्नो कर्तव्य पूरा गर्छे । जीवनका हरेक अप्ठ्यारा सङ्घर्षलाई सहन सक्ने शक्ति नारीमा हुन्छ । आफ्नो सन्तान र परिवारको भलाइका लागि जस्तोसुकै मूल्य चुकाउन पनि तत्पर बन्छे । नेपाली समाजका सामाजिक भेदभावलाई सहन सक्ने क्षमता नारीमा असीम हुन्छ । नारी शक्तिले एउटा परिवार, समाज हाम्रो बन्दै देश नै राम्रो बन्छ ।

त्यति धेरै सामाजिक बाधा सहँदा सहँदै उसको स्वाभिमानमा चोट पुगेको अवस्थामा त्यसका विरुद्ध प्रतिकारमा उत्रन सक्ने क्षमता पनि नारीमा रहेको हुन्छ । नारी कसैकी एक असल छोरी हुन् सक्छिन् कसैकी श्रीमती, कसैकी बुहारी, कसैकी आमा हुन सक्छिन त्यसैले नारीमा शक्ति र नारीको भूमिका अथाह छ ।

### २.९.१५ नारी मातृत्व

नारी आफूलाई सन्तान प्राप्तिपछि मात्र पूर्ण ठान्छे र त्यसैबाट आफ्नो जीवन सार्थक भएको अनुभव गर्दछे । मातृत्व भनेको सन्तान प्राप्तिपछि आमामा विकसित हुने एक प्रकारको संवेदना भावना वा विशेषता हो । मातृत्व आमा र बच्चा बीचको सामाजिक र कानूनी रूपले परिभाषित अभिभावकीय सम्बन्ध पनि हो । नारी मातृत्वले नारी जातिको जीवनमा महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ । खासगरी मातृत्वले दुईवटा प्रारूपको काम गर्छ, एउटा नारी अनुभव र अर्को सामाजिक परिवर्तन, यहाँ सङ्केत गरिएको सामाजिक प्रारूपको रूपकले आमबाट बच्चाले प्राप्त गर्ने शिक्षा, दीक्षा दैनिक मूल्य मान्यता र सामाजिक सांस्कृतिक व्यवहारलाई जनाउँदछ । नारीले आफ्ना सन्तानलाई मात्र नभएर अरुका सन्तानलाई पनि माया गर्छे (शर्मा, २०६५ : ६२) । सम्पूर्ण सजीव निर्जीव वस्तुलाई माया गर्न सक्ने क्षमता नारीमा रहेको हुन्छ ।

यसरी प्रस्तुत मधुपर्कमा प्रकाशित नारी कथाको अध्ययन शोधलाई यिनै आधारमा शोध पत्रको तेस्रो परिच्छेदमा अध्ययन एवम् विश्लेषण गरिएको छ ।

तेस्रो परिच्छेद

# मधुपर्कका महिला कथाकारका कथाको अध्ययन र विश्लेषण (पूर्णाङ्क ५१५-५३२ सम्म)

## ३.१ 'शून्यताभित्रको शून्य जीवन'-वीनु डुम्रे (२०६९ वैशाख, पूर्णाङ्क-५१५)

'शून्यताभित्रको शून्य जीवन' वीनु डुम्रेद्वारा रचित कथा हो । जुन कथा २०६९ सालको (पूर्णाङ्क ५१५, वैशाख) मधुपर्कमा प्रकाशित छ । नारी पात्रको प्रमुख भूमिका रहेको यस कथामा पुरुषपात्रको पनि संलग्नता छ । कथामा मानिसले आफूले चाहेको चिज नपाउँदा कति दुःखी र कुण्ठीत हुँदो रहेछ र प्रेमले मानिसलाई भिखारीसम्म बनाएर छाडिदिँदो रहेछ भन्ने भाव मुख्य विषयवस्तु बनाएर कथाको रचना गरिएको छ । कथामा जिम्मुवालकी एक्ली छोरीको बाह्रवर्षको उमेरमा अर्को जिम्मालकै छोरासित बिहे भएपछि यस कथाकी मुख्य पात्र गोमाले भोग्न परेको सङ्घर्षलाई कथामा व्यक्त गरिएको छ । त्यो वेलाको सामाजिक संरचना अनुसार बाह्र वर्षको उमेरमा छोरीलाई बिहे गरेर पठाइएको थियो । समयको कालखण्डमा नारी पात्रको जीवनमा आएका शारीरिक, मानसिक, आर्थिक, सामाजिक समस्याले गर्दा अन्तिममा वृद्धाश्रममा पुऱ्याएको देखाएएको छ । 'शून्यताभित्रको शून्य जीवन' कथा पूर्ण रूपले नारीवादी चेतनाबाट रचना गरेको पाइन्छ । कथा विश्लेषणका आधारमा शून्यताभित्रको शून्य जीवन कथालाई निम्न बुँदामा विश्लेषण गरिएको छ ।

### ३.१.१ नारीलाई सामाजिक मान्यता प्राप्त नहुनु

शून्यताभित्रको शून्य जीवन कथामा जिम्मालकी छोरी गोमाको बाह्र वर्षको उमेरमा बाल विवाह भएपछि जीवनका हरेक पाइलामा सही निर्णय गर्न अलमलमा पर्छिन् । उनका श्रीमान् बिहे गरेको एक बर्षपछि नेपाल पढ्न गएको बेलामा अर्कै घरमा गोठालो बसेको दुई तीन वर्षले जेठो गुरुङसित सगैं काम गर्ने, सगैं हास्ने गर्दागर्दै ऊ गोमाको धेरै नजिक आइपुग्छ । उनलाई धेरै माया गरेको पाइन्छ । 'प्रेम हरेक जमनामा हुँदो रहेछ कस्तो अचम्म यी बुढीले पनि कहिल्यै प्रेम गरिहोला भनेर मैले कहिल्यै सोचिन कस्तो अप्ठारो प्रेम यिनको सायद् प्रेम अप्ठ्यारो मै अङ्कूराउँछ कि ?' (मधुपर्क २०६९ :३८) । यसरी गुरुङको छोरासित जिम्मालकी छोरीले प्रेम विवाह गरेपछि समाजले रुचाएको छैन । तिनीहरू सामाजिक

कारणले गर्दा अर्को गाउँमा गएर बस्न बाध्य भए । अर्काको घरमा गोठालो बसेको गुरुङले समाजमा मान्यगुन्ने जिम्मालकी छोरीसँग प्रेम गरेपछि उनीहरूको प्रेमलाई समाजले नकारात्मक तरिकाले हेर्न थाल्यो । समाजमा काम गरेर बाँच्नु त परकै कुरा भो मुख देखाउनसमेत लाज भो । रूढीवादी समाजले अन्तरजातीय विवाहलाई मान्यता नदिएका कारण यस कथाका पात्रले सामाजिक समस्या भोग्नु परेको छ । 'प्रेम सबै जमनामा हुन्छ थाहा पाएर हरेक जमनामा प्रेमले खाली कष्ट मात्र दिँदोरहेछ । खाली उजाडेर छाड्दो रहेछ । (मधुपर्क २०६९ :३८)।' बाहुनकी छोरी/बुहारीले गुरुङको गोठालेसँग हिँडेको त्यस बेलाको समाजमा कसले स्वीकार्ने ? गोमालाई पितृसत्तात्मक समाजमा समाजले अस्वीकार गरेको व्यवहारको पीडा नारीले नै भोगेको यस कथामा पाइन्छ । दश वर्षसम्म थकालीको होटलमा भाँडा माझेर बस्दा कति सामाजिक भेदभाव खपेर तिनको रूप र यौवनलाई आँखा लगाउने हरेकलाई पन्छाएर तिनको मन सोझो गुरुङसित भागेको थियो । अन्तरजातीय विवाह र जिम्मुवालकी छोरी र गोठालोको प्रेमलाई सामन्ती समाजले कहाँ सहलै स्वीकार्छ र ? 'त्यो गुरुङको मायामा नपरेकी भए आज आफै दाता बनेर बाढ्दै हिडेकी हुदी हुन तर प्रेमले उनलाई भिखारी बनाएर छोडिदियो (मधुपर्क २०६९ :३९) ।'

### ३.१.२ नारी शक्ति

शून्यताभित्रको शून्य जीवन कथामा यस कथाकी प्रमुख पात्र गोमाले बाल्यकालदेखि नै जीवनका हरेक पाइलामा शारीरिक, मानसिक, आर्थिक, सामाजिक आदि समस्यालाई पन्छाएर धैर्यतापूर्वक नारी शक्ति प्रदर्शन गरेको पाइन्छ । 'कसैको हुन सकिनँ एक बेला हिउँदताका शतबीज छर्न हिँडेका गाँउलेहरूको पछि लागेर म पनि यहाँ आए र फर्केर गइन्, कहिल्यै जाने मन पनि भएन । (मधुपर्क २०६९ :३८)।' यी वाक्यमा पनि यस कथा कि नारी पात्र गोमाले असीम धैर्यता लिएर दिन बिताएको पाइन्छ । पशुपतिनाथको वृद्धाश्रममा उनको बास थियो । पहाडमा जिम्मुवालकी एक्ली छोरी भएर जन्मेर जिम्मुवालकै छोरासित विवाह भए पनि अहिले उनको वृद्धाआश्रममा वास भएपछि चुप लागेर बाँचेकी छन् । उनको अन्तरआत्मादेखि नै नारी शक्ति प्रकट भएको पाइन्छ ।

नारी पात्रको प्रमुख भूमिका रहेको यस कथामा गोमाका श्रीमान् पढ्नका लागि नेपाल गएका हुन्छन् । गोमा धेरै दुःख, कष्ट सहेर घर परिवार समेल्न बाध्य हुन्छिन् । उनले भागेर अन्तर जातीय विवाह गर्न पुग्छिन् । विवाह गरेको केही समयपछि गुरुङले पनि

उनलाई छोडेर मुग्लानतिर लाग्दछन् । गोमा फेरि पनि साहाराविहीन बन्न पुग्दछिन् तर पनि उनले हिम्मत हारेकी छैनन् भन्ने विषयलाई यस कथामा देखाइएको छ ।

### ३.१.३ पुरुषको स्वेच्छाचारी प्रवृत्ति

नारी पात्रको प्रमुख भूमिका रहेको यस कथामा गोमाका श्रीमान् पद्नलाई नेपाल गएका हुन्छन् । गुरुङ उनको मनमा बस्न पुग्छ । पुरुषप्रधान समाज भएकै कारण नारीले धेरै पीडा भोगेकी छन् । पुरुषलाई भन्दा नारीलाई बढी समाजमा दुःख कष्ट गर्नुपरेको छ । यो समाजमा बालविवाह गरेर पुरुषलाई कुनै असर परेको देखिन्न । यस कथामा पनि बाह्रवर्षकी श्रीमतीलाई छाडेर पद्न शहर गएको छ । सामाजिक, परिवारिक, आर्थिक व्यवहारसित नारी लड्नु परेको छ । गोठालो गुरुङ पनि गोमालाई छाडेर भारत पस्छ । पुरुषको स्वेच्छाचारी प्रवृत्तिका कारणले प्रेम दिगो नभएर महिलाले पुरुषमाथि कहिल्यै पनि विश्वास नगर्ने वातावरण सिर्जना हुन्छ । 'केका लागि बाच्दैछन् यिनी ? आखिर सारहीन, उद्देश्यहीन पनि त मान्छे बाँच्दा रहेछन् । दुःखी नभईकन के यही हो शून्यता प्राप्ति ? हो भने म कहिल्यै पुगुला त्यो शून्यतामा ? (मधुपर्क २०६९ :३८)।'

## ३.२ यस्तै रहेछ कथा-शारदा कर्माचार्य (२०६९ जेठ, पूर्णाङ्क-१६३)

'यस्तै रहेछ' कथा २०६९ सालको मधुपर्कमा (पूर्णाङ्क ५१६, जेठ) प्रकाशित नारीवादी कथा हो । कथाकार शारदा कर्माचार्यद्वारा रचित गरिएको यस कथामा नारी पात्रको रूपमा बुनु रहेकी छन् भने पुरुष पात्रको रूपमा सुरेश रहेका छन् । समाजमा नारीलाई हेर्ने फरक दृष्टिकोणका कारण नारीले के कस्तो समस्या भोग्न बाध्य हुन्छन् भन्ने कुरा यस कथामा देखाउन खोजिएको छ । आफ्नो उच्च शिक्षालाई अगाडि बढाउँदै समाजसेवा गर्ने ठूलो इच्छा भएकी बुनुले पितृसत्तात्मक संरचनाका कारण आफ्नो पढाई र समाजसेवा गर्ने चाहनालाई बिचैमा छोडेर सुरेशसँग विवाह गर्न पुग्दछिन् । विवाह भएको केही समय उनीहरूको जोडी खुब मिलेको देखिन्थ्यो । विवाहको केही वर्षमा नै उनी छोराकी आमा बन्न पुग्छिन् । जीविका निर्वाहका लागि दुवै जना मिलेर काठमाडौंमा व्यवसाय शुरु गर्दछन् । त्यसको केही समयपछि उनीहरू फेरि आफ्नै गहृजिल्ला गएर व्यवसायलाई निरन्तरता दिन्छन् । उनीहरूको परिवार निकै खुसी देखिन्छ । सुरेशको परिवारले पनि बुनुलाई अत्यन्त माया गर्दथे । दुर्भाग्यवश अचानक सुरेशलाई उच्च रक्तचाप भएर हृदयघातका कारण उसको

अकालमा मृत्यु हुन्छ । सुरेशको मृत्यु पछि उसको परिवारले उसलाई सहयोग गर्नुको साटो उल्टो एक्लो पारेका छन् ।

### ३.२.१ पितृसत्ताको निसङ्कोच विरोध

'यस्तै रहेछ' कथामा बुनुका श्रीमान्को अचानक हृदयघात भएर मृत्यु हुन्छ । यत्रो बज्रपात बुनुको जीवनमा आई लाग्यो । श्रीमान्को निधनपछि उनको सारासम्पत्ति उनको ससुराको नाममा रहेको हुन्छ । श्रीमान्को मृत्युपछि बुनुका ससुराले अंशवापत बुहारीलाई केही पनि सम्पत्ति नदिइकन सबै सुटुक्क अरु तीन जना छोरालाई पास गरेर दिन्छन् । बुनुलाई परिवारको सदस्यका रूपमा गणनासम्म पनि गरेका छैनन् उल्टै छोराको मृत्युको कारण उनलाई सम्झन्छन्, 'छलकपटको भावना भनेको कहिले पनि कल्पनासम्म पनि नगर्ने बुनुलाई सासू ससुराले छोराको मृत्युको जिम्मेवार बुनुलाई लगाउन थाले यो कस्तो अन्याय र बिडम्बना, (मधुपर्क २०६९ :४०) ।' सम्पत्तिमा महिलाको हक अधिकार नभएको र महिला पुरुषकै नियन्त्रणमा बाँच्नुपर्ने बाध्यताले महिलाको कुनै अस्तित्व रहँदैन । असहज पीडा भोगेकी बुनुले सासू ससुरालाई प्रश्न गर्दछिन् । तपाईंहरूलाई म अर्काकी छोरीको वास्ता नभए पनि आफ्नो नातिको त माया लाग्नु पर्ने हो ? यसरी बुनुले अति भएपछि सहेर नबसी विरोध गरेको पाइन्छ । उनले सम्पत्तिमा पुरुषको एकाधिकार हैकम माथि विरोध गरेकी छन् । हे मूर्ख ! कुनैबेला त तपाईहरू मलाई आफ्नै छोरी भन्नुहुन्थ्यो नि, ती दिन बिर्सनु भयो ? (मधुपर्क २०६९ :४०)।' यस्तो पितृसत्तात्मक सामाजिक संरचनाका कारण महिलाहरू कस्तो समस्या भोग्न बाध्य भएका छन् र आफूमाथि समस्या आइपर्दा महिलाहरूले सहेर बस्ने मात्र होइन्, त्यसको निसङ्कोच विरोध पनि गर्न पुग्छन् भन्ने कुरा यस कथामा देखाइएको छ ।

### ३.२.२ नारीको आर्थिक हैसियतहीनता

यस कथाकी नारी पात्र बुनुको जीवनमा एकदमै दुःखलाग्दो बज्रपात आइलाग्छ । उनी त्यो २२ वर्षको उमेरमा एउटा छोरा जन्माएपछि विधवा हुन पुग्छिन् । यस्तो परिस्थितिमा पनि उनका परिवारका सदस्यले घर जग्गा सम्पत्ति उनलाई केही दिएका छैनन् । बुनुलाई आर्थिक र मानसिक रूपले वञ्चित पारेका छन् । महिलाको सम्पत्तिमा कुनै अधिकार नभएको व्यवहार देखाएका छन् । आर्थिक रूपमा सबल नभएपछि उनले जीवनका

हरेक पाइलामा चुनौती भोग्न बाध्य हुन्छिन् । 'जब हामीसँग हाम्रो छोरा छैन भने त र तेरो छोराको के काम ?' (मधुपर्क, २०६९ जेठ : ४०) । यसरी श्रीमान् नभएकै कारणले बुनुलाई परिवारका अन्य सदस्यले परिवारको सदस्यकै रूपमा स्वीकार गरेका छैनन् र उनलाई आर्थिक हैसियतबाट पनि वञ्चित गराएका छन् । यसरी कथामा कथाकारले हाम्रो पुरुषप्रधान समाजमा विवाहित नारी भएपनि उसको कुनै आर्थिक हैसियत छैन भन्ने कुरा देखाउने प्रयास गरेका छन् ।

### ३.२.३ नारी मातृत्व

'यस्तै रहेछ' कथामा बुनुका श्रीमान्को मृत्युपछि आश्रयविहीन बनेकी छन् । एकातिर श्रीमान्लाई गुमाउन परेको मानसिक चोट परेको छ भने अर्कोतिर परिवारका सदस्यले झन् एक्लो पारेको चोट सहेर बाँच्न बाध्य छन् । यस कथामा नारीको सन्तानप्रतिको मातृत्व गहिरो झल्केको छ । भोलि मेरो पनि बुहारी आउने छिन् । के यसरी नै यो रीतमा चल्नु ठीक हो, (मधुपर्क २०६९ :४०)।' बुनुको जीवनमा आइपरेको समस्यालाई पनि उसले पैतालामुनी राखेर आफ्ना सन्तानका लागि र तिनको भोलिको उज्ज्वल भविष्यको आशा गरेर बसेकी छन् । पितृसत्तात्मक समाजमा जहिलेसम्म सोचमा परिवर्तन आउँदैन तबसम्म नेपाली समाजका नारीले यस्ता अन्याय सहन बाध्य छन् भन्ने कुरा यस कथामा देखाइएको छ ।

## ३.३ 'क्षमा पाऊँ'-सरु वास्तोला (२०६९ असार, पूर्णाङ्क-५१७)

कथाकार सरु बास्तोलाद्वारा रचित प्रस्तुत 'क्षमा पाऊँ' कथा एक नारीप्रधान कथा हो । २०६९ सालको मधुपर्कमा (पूर्णाङ्क ५१७, असार) प्रकाशित कथा पुरुषपात्रको प्रमुख र नारी पात्रको पनि सहायक भूमिका रहेको छ । यो एक सामाजिक, पारिवारिक कथा हो । यस कथामा पारिवारिक, आर्थिक, सामाजिक कारणले गर्दा समाजमा विभिन्न भेदभाव भएको पाइन्छ । यस कथामा पनि पारिवारिक भेदभावका कारणले उत्पन्न भएको सोचलाई सरल तरिकाले केलाइएको छ । यस कथामा श्रीमान्लाई रोग लागेपछि श्रीमतीको व्यवहारमा परिवर्तन भएको देखाइएको छ । श्रीमतीले श्रीमान्लाई हेलाहोचो गरेको, हेपेको जस्ता कारणले गर्दा यस कथाको पुरुष पात्रलाई आफ्नो घर भन्दा बगर मनपर्छ । ऊ औँसीको रातमा चिसो हावा चलेको ठाउँमा मस्त घुरेर निदाइराखेको छ । यस कथामा श्रीमान् र

श्रीमतीबीच प्रेमको खाडल देखिन्छ । श्रीमान्लाई रोग लागेको अवस्थामा झन् माया प्रेम बढ्नको साटो विपरित भएको छ । लोग्नेप्रति स्वास्नीको निष्ठुरी व्यवहार देखिन्छ । श्रीमतीको व्यवहार फरक भएपछि छोराछोरी टाँडिन थालेका छन् । खाने थाल, सुत्ने खाट सबै फरक हुन थाले । विचार फरक-फरक हुन लागे । आर्मीको जागिर खाएको श्रीमान् पेन्सन भएर घर आएपछि उनको सारा सम्पत्ति श्रीमतीलाई दिएर म पनि तिम्रै, मैले कमाएको धन पनि तिम्रो भनेर सबै उनलाई सुम्पिए । लोग्ने असक्त भएपछि, श्रीमतीको व्यवहारमा र सोचमा परिवर्तन आयो । प्रेम सबै रित्तियो उनलाई अर्काको घर आँगन नै तातो लाग्न थाल्यो । उनको पीडा र मर्म सुनेर पनि केही लागेन उनले त यो संसार छाडी सकेर गएका रैछन् । यस कथामा महिला पनि अविवेकी र परपीडक हुन सक्छन् भन्ने कुरा भन्दा पनि पुरुषको समस्या देखिएको छ । यो शोधपत्र नारीवादी लेखनमा आधारित भएको हुँदा यस कथालाई नारीवादी कोणबाट विश्लेषण गरिएको छैन ।

## ३.४ 'मकैका खोस्टा'-सीता असीम (२०६९ असार, पूर्णाङ्क-५१७)

'मकैका खोस्टा' २०६९ सालको मधुपर्कमा (पूर्णाङ्क ५१७, असार) प्रकाशित कथा हो । कथाकार सीता असीमद्वारा रचित नारीप्रधान कथा हो । नारी पात्रको प्रमुख भूमिका रहेको कथामा पुरुष पात्रको पनि संलग्नता छ । नारीमनका भावना, नारी जीवनका अनुभूति, सङ्घर्ष, बेरोजगारी जस्ता विविध पक्षलाई समेटिएर लेखिएको छ । यस कथामा नारी पात्रको प्रमुख भूमिका रहेको छ ।

लैङ्गिक विभेदरहितको समतामूलक समाज निर्माणमा महिला पुरुष नभनी मात्र मानवताको व्यवहार आवश्यक रहेको कुरालाई मुख्य विषयवस्तु बनाएर कथाको रचना गरिएको छ । कथामा शहरिया जीवनलाई पनि वर्णन गरिएको छ । कथाले नारीहरू कसरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यस समाजमा शोषित भएका छन् भन्ने भाव प्रस्टयाउँछ । मकै पोल्दै बेचेर जीविकोपार्जन गरेकी नारीले मकैसँगै नारीको मन, हाँसी, खुसी अन्य क्षेत्रमा लगाउनु पर्ने ऊर्जा स्वाभिमान, भविष्य सबै बेचिरहेकी छन् ।

दुईछोरी कि आमा बनेकी नारीले सन्तानप्रतिको माया ममतालाई त्यागेर सङ्घर्ष गरी राखेकी छन् । प्रत्यक्ष र अप्रत्यक्ष रूपमा पुरुषको नारीप्रतिको शारीरिक आकर्षणले गर्दा नारीमा पारेको असरलाई नारी भएर सहन बाध्य पारिएको समस्यालाई पुरुष प्रधान समाजमा नारीले कस्तो अवस्था भोग्न बाध्य भएका छन् भन्ने भाव देखाइएको छ ।

### ३.४.१ नारी मातृत्व

'मकैका खोस्टा' कथामा नारी पात्रले आठ नौ वर्षदेखि दिनभरी सडक छेउमा बसेर मकै पोलेर बेचिरहेकी छन् । त्यो क्रममा मकैका उपभोक्ता थरिथरीका देखिएका छन् । मकैसँगै अन्य हासोखुसीको अपेक्षा ग्राहकले गरेको देखिन्छ । विभिन्न पेशा व्यवसाय गरेर आफ्नो श्रमलाई अन्यक्षेत्रमा लगाउनु पर्ने समयमा आफ्नो सबै ऊर्जा मकैमै लगानी भएको छ । जीवनमा यति धेरै खोस्टा छन्, के गर्नी खोई 'उसका अरु आश्रित पनि थिए ओठ पट्पटी फुटेका कुत्रुक्क परेर मकै खोल्साई रहेकी सासु आमा र हजुरआमालाई सुम्सुम्याउँदै थिइ तीन चार वर्षकी एउटी बच्ची उनकी सानी छोरी पछाडि पट्टीबाट एउटी तेह्र चौधकी केटीले मकै खान आउने केटाहरूलाई चट्नी थपि राखेकी थिइन् । ऊ पनि उनैकी छोरी ( मधुपर्क २०६९ :३७), ।'

मकैका खोस्टा कथामा मकै पोलेर बेच्ने नारीको परिवारमा पुरुष सदस्य कोही पनि छैनन् । अन्धविश्वासले घेरेको पुरुष प्रधान समाजमा ती नारीलाई समाजद्वारा बञ्चित पारिएको छ । आफ्नो अस्तित्व बिर्सिएर चेतनाशून्य निर्जीव वस्तु भएर बाँच्नु आफैँमा गाह्रो विषय हो । नारी मातृत्वले गर्दा विभिन्न सङ्घर्षलाई चुनौती दिएर जीवन धान्न सम्भव भएको छ । यस कथामा मकै पोलेर बेचेर जीविकोपार्जन गर्ने नारी एक्लो भएको भए उनले चाल्न सक्ने कदमहरू अरु पनि हुन् सक्थे तर आफ्ना छोरीहरूको भविष्य र कर्तव्य पालनाको लागि आफूलाई समालेर हाँसेर बाँच्न प्रयत्न गरिराखेकी छन् भन्ने भाव कथामा व्यक्त गरिएको छ ।

### ३.४.२ नारीलाई सामाजिक मान्यता प्राप्त नहुनु

कथाकार सीता असीमद्वारा रचना गरिएको यस 'मकैका खोस्टा' नामक कथामा यस कथाकी मुख्य नारी पात्र आठ नौ वर्षदेखि सडकको छेउमा बसेर मकै पोलेर बेच्दै जीवन निर्वाह गरी रहेकी छन् । परिवारमा उनी मात्र एक्लै छैनन् उनकी सासू र दुई छोरीहरू छन् । पितृसत्तात्मक समाजमा पुरुष नभएको परिवारलाई समाजले कस्तो सामाजिक भेदभाव गर्छ भन्ने कुरा यस कथामा व्यक्त गरिएको छ । घरमा घरको मुख्य मानिसका रूपमा पुरुष नहुँदाको परिणाम ती नारीहरूले जीवन निर्वाहका लागि समाजबाट कुण्ठित भएर बाँच्न परेको छ । सामाजिक समस्याको स्रोत विपन्नता, अशिक्षा, पुरुष प्रधान सोचलाई सुधार गर्न सक्ने हो भने नारीलाई सामाजिक मान्यता प्राप्त हुन सक्छ । 'उपभोक्ता सधैं

उस्तै हुन किचकिचे मकै नखाए पनि सरक्क गइहाले त हुन्थ्यो नि लामो हात गर्न खोज्छन् दिक्कै लाग्छ अझ अरुले के भन्ने डर उनले स्वभाविक तरिकाले वास्तविकता पोखिन् ( मधुपर्क २०६९ : ३६) ।' उपरोक्त वाक्यले बाटोमा बसेर मकै पोल्ने नारीलाई मानवताको विचार नराखी पितृसत्तात्मक सामाजिक संरचना भित्र हुर्किएकाहरूले कस्तो व्यवहार देखाउछन् भन्ने कुराको संकेत गरिएको छ ।

### ३.४.३ नारी स्वनिर्भरता

'मकैका खोस्टा' कथामा मकै पोलेर बेच्ने पात्रले बाटोको छेउमा बसेर मकै जस्तै आफू पनि पोलिएर आय आर्जन गरेर आफ्नी सासू र दुई छोरीलाई आश्रय दिएकी छन् । मानव समाजमा जीवन निर्वाह गर्नाका लागि आर्थिक पक्षले महत्त्वपूर्ण ठाउँ ओगटेको छ । 'अँध्यारो भैसक्यो यति धेरै मकै किन पोलिराखेकी दिदी ? मैले घडी हेर्दै सोधे, गए जान्छ क्यारे नत्र बेलुका घरकै जहानले खाने (मधुपर्क २०६९ : ३७), ।' उनको यो वाक्यबाट घरमा परिवारका सदस्य धेरै रहेछन् भन्ने बुझिन्छ । सबैको पालनपोषण जिम्मा उनले बहन गरी राखेकी छन् । शहरिया जीवनमा बाटोमा बसेर मकै पोलेर बेचेर जीविकोपार्जन गरेकी छन् । उनी जस्तो सुकै सङ्घर्ष सहेर आत्मनिर्भर बनेकी छन् । समाजलाई चुनौती दिँदै नारी स्वयम् आत्मनिर्भर बनेर आफ्नो परिवारको भविष्य आफैले सकारात्मक तरिकाले अगाडि बढाइ राखेकी छन् ।

### ३.४.४ नारी शक्ति

यस कथाकी नारी पात्र मकै बेचेर जीवन निर्वाह गर्ने दिदी रूढीवादी समाजका पितृसत्तात्मक सोचमा हुर्केका सबैलाई नारी शक्ति प्रदान गरेर जीवन धकेली राखेकी छन् । एउटी नारीले आफ्नो नारी अस्तित्वलाई नबिर्सिकन आफूलाई निरीह अनि लाचार रूपमा प्रस्तुत नगरी अन्यायका विरुद्ध प्रतिकार गर्न सक्ने साहसी नारीका रूपमा आफूलाई चिनाएर सम्पूर्ण नारीको प्रतिनिधित्व गरेकी छन् । 'दिन्छन् दूध मुत त दिँदैनन् ऊ बाध्य भएर केही सम्म स्पष्ट उत्तर अभिव्यक्त गरी (मधुपर्क २०६९ :३७) ।' यस्तो स्वार्थी समाजमा सामाजिक मान्यतालाई पन्छाउँदै नारी शक्ति प्रदान गर्दै सहनशील तरिकाले जीवन निर्वाह गरी राखेकी छन् ।

## ३.५ 'निर्दोष अपराधी'-कविता राई (२०६९ साउन, पूर्णाङ्क-५१८)

'निर्दोष अपराधी' कथा २०६९ साउनको पूर्णाङ्क ५१८ मा प्रकाशित कथा हो । कथाका कथाकार कविता राई हुन् । नारी पात्रको प्रमुख मूमिका रहेको कथामा पुरुषपात्रको पनि संलग्नता रहेको छ । पितृसत्तात्मक समाजमा पुरुषको आश्रयमा जीवन निर्वाह गरेका सदस्यले पुरुष पात्रको सम्पर्कविहीन भएपछि जीवन बिताउनु परेको विषयलाई यहाँ रचना गरिएको छ । यस कथाकी नारी पात्रले पुरुष सम्पर्कविहीन भएपछि बाह्र वर्षसम्म आर्थिक पीडा भोगी राखेकी छन् । उनको बाह्र वर्षको छोरा पनि छन् । समाजमा आर्जन गर्ने लोग्ने गुमाएपछि उसको दैनिक जीवनमा आर्थिक सङ्कट पर्छ र उनको छोरा पनि कुपोषणले ग्रस्त हुन्छन् । दयाले कसैको आश्रय पाइहाले पनि त्यहाँ आफ्नै किसिमको पीडा व्यहोर्न पर्दछ । आफ्नो बाध्यता हुन्छ अरुको आश्रय लिने । कथामा पनि नारी पात्रले विपन्नताले गर्दा अर्को परदेशी पुरुष पात्रको आश्रय लिन्छिन् । उनको छोरो बढ्दै जान्छ र आर्थिक विपन्नता पनि घट्दै जान्छ । उनको छोरामा पनि पितृसत्तात्मक चेतनाले जरा गाडेको छ । उनले उनकी आमाको बाध्यतालाई बुझ्न सक्दैन र आफ्नी आमाको सहारा पुरुष साथीलाई आमाले कपाल मुसारेको देखेर रिसको आवेशमा आएर खुकुरीले छ्वाम्-छ्वाम् छप्काउछन र हत्या गरिदिन्छन् ।

### ३.५.१ पुरुषको स्वेच्छाचारी प्रवृत्ति

यस कथाका विवाहित पुरुष पात्रको छोरा जन्मेपछि श्रीमतीलाई कुनै जानकारी विना बेपत्ता हुन पुगेका छन् । 'छोराले पनि बाह्र वसन्त पार गरिसकेको छन् । आमाको लालन पालनमा हुर्किएको म कुपोषणले ग्रस्त थिइन भन्न सक्दिन आँफू सोह्रौं शताब्दीमा बसेर बीसौं शताब्दीलाई चियाउनु बाहेक अरु केही गर्न सक्दिन थिएँ म (मधुपर्क २०६९ :५०) ।' पुरुषको यस्तो स्वेच्छाचारी व्यवहारले गर्दा यस पात्र कि नारीले आफ्नो काखको छोरा र आफू बाँच्ने उपाय भेट्याउन सङ्कट परिराखेको देखिन्छ ।

### ३.५.२ नारी स्वतन्त्रताबाट बञ्चित

'निर्दोष अपराधी' नामक कथामा पुरुष पात्रले नारीपात्र छोराकी आमाको व्यक्तित्त्व विकास गर्ने चाहनामाथि बन्देज गरेका छन् । छोरा जन्मेपछि छोराकी आमाले लालनपालन आफ्नो कर्तव्य सम्झे तापनि धन आर्जन गर्नलाई घरबाट बाहिर निस्कन सकेकी छैनन् ।

विपन्नताले आमा छोराको जीवन झन् भताभुङ्ग भएको छ । नेपाली समाजमा नारीले घर हेर्ने, बच्चा स्याहार्ने, श्रीमान्को सेवा सुसार गर्ने जस्ता स्त्री धर्म जुन छन् ती धर्मको पालना गर्नका लागि नारी आफ्ना स्वतन्त्रताबाट बञ्चित छन् भन्ने कुराको संकेत यस कथाले दिन खोजेको छ ।

### ३.५.३ नारी मातृत्व

नारी समस्यामा केन्द्रित यस कथामा छोरो जन्मेपछि बेपत्ता भएका लोग्नेको बाह्र वर्षसम्म पनि अत्तोपत्तो छैन । श्रीमान्को सहयोग नपाएपछि उनको जीवनमा दिनदिनै मानसिक, शारीरिक, आर्थिक, सामाजिक, पारिवारिक सङ्कट र विपन्नता बढ्दै जान्छ । काखमा सानो छोरा छ । कुनै पनि आमाले आफ्नो सन्तानको माया मार्न सक्दैनन् जति सुकै दुःखको भूमरी घुमे पनि जुनसुकै सन्तान कि आमामा नारी मातृत्वको शक्ति र गुण हुन्छ । सन्तानप्रति नारीको मातृत्व शक्ति प्रदान हुनु प्राकृतिक गुण पनि हो । विपन्नताले यस्तो गुणलाई व्यवस्था मिलाउन गाऱ्हो हुन्छ । त्यसको परिणाम स्वरूप नेपाली समाजमा नारी आँसु झारेर दुःख सहन बाध्य हुन्छिन् भन्ने भाव कथामा देखाइएको छ ।

### ३.५.४ नारीको आर्थिक हैसियतहीनता

हाम्रो नेपाली समाजमा पितृसत्तात्मक सोचले जरा गाडेको छ । सम्पूर्ण आर्थिक क्रियाकलापमा पुरुषको एकाधिकार कायम रहेको हुन्छ । जति पनि उत्पादकका कामहरू छन् ती पुरुषका एकलौटी बनेका छन् र नारीका जिम्मामा जति छन् ती अनुत्पादक ठहऱ्याइएका छन् । नारीले बिहान उठेदेखि बेलुका सम्म गर्ने घरायसी कामको कुनै मूल्य छैन । 'मेरी आमाको न्यानो काख र परदेशीको सम्पन्न साथ पाएर मेरो जिन्दगीको मोड पनि पूर्वबाट फर्लक्कै पश्चिम फर्कियो । गासबास कपास सबै थोक थियो । मसँग म पनि मान्छे हुँ भन्ने अव्यक्त शान थियो ममा (मधुपर्क २०६९ :५०) । आर्थिक रूपमा कमजोर महिलालाई समाजले हेर्ने दृष्टिकोण नै फरक रहेको हुन्छ भन्ने कुरा देखाइएको छ । पुरुषप्रधान समाजमा महिलासँगको आर्थिक लेनदेनको विषयमा उनीहरूलाई पत्यारिलो लाग्दैन । यसका लागि महिलाले कमाई नै नभएको पुरुष किन नहोस् उसलाई प्रमाणको रूपमा अगाडि लगेर उभ्याउनु पर्ने हुन्छ भन्ने भाव देखाउन खोजिएको छ ।

## ३.६ 'बदलिएको जीवन'-ईश्वरी कार्की (२०६९ साउन, पूर्णाङ्क-५१८)

'बदलिएको जीवन' कथा २०६९ सालको मधुपर्कमा (पूर्णाङ्क ५१८, साउन) प्रकाशित कथा हो । प्रस्तुत कथाका कथाकार ईश्वरी कार्की हुन् । नारी पात्रको प्रमुख भूमिका रहेको यस कथामा पुरुष पात्रको पनि संलग्नता छ । छपन्न सन्ताउन्न वर्षका पुरुष पात्र काभ्रेपलाञ्चोक घर भएका श्रीमती बितेका दश वर्ष भएको रैछ, छोराछोरीको विवाह भई नाति नातिना भएका रैछन् । छपन्न सन्ताउन्न वर्षका भए पनि देख्दा असी पच्चासीका देखिन्थे । पाँच हात परदेखि नै उनको शरिरबाट दुर्गन्ध आइरहन्थ्यो । पहिरनमा बीचबीचमा भ्वाँङ परेका लुगा थिए । पारिवारिक विषयवस्तुमा अँगालेर लेखिएको नारी समस्यामा आधारित कथा हो । यस कथामा श्रीमतीको मृत्युपछि श्रीमान्को जीवनमा मायाको अभावले जीवनलाई अर्कोतिर मोडेको पाइन्छ । पुरुषपात्र बुढेसकाल लागेपछि कसैको सहारा र माया नपाएर घर बनाउने काममा ज्याला मजदुरी गर्न जान्छन् । यो जीवन जिउनका लागि लोग्नेमान्छेलाई स्वास्नी मान्छेको र स्वास्नीलाई लोग्नेको खाँचो बराबर मात्रामा रहेको हुन्छ भन्ने यस कथामा कथाकारले अभिव्यक्ति दिएकी छन् । उनको जीवनमा फेरि अर्की नारीको आगमन हुन्छ । ती पच्चिस वर्ष कि नारी पनि घर बनाउने ठाउँमा ज्याला मजदुरी गर्न आएकी हुन्छिन् । जुनेली हुन्छ उनको नाम । जुनेलीको माया पाएपछि, शिशिरको कठोर जाडोपछि वसन्ती बहार छाए झैं उनको जीवन बदलिएको छ । पुरुष पात्रको जीवनमा श्रीमतीको मृत्यु र जुनेलीको आँगमनपछि पनि जीवन बदलिएको छ । यस कथामा नारीको साथ विना पुरुषको जीवन अपूर्ण छ । नारीको साथले पुरुषको जीवन नै बदलिन्छ भन्ने भाव देखाइएको छ ।

### ३.६.१ लैङ्गिक समनताको आग्रह

'बदलिएको जीवन' नामक कथामा नारीको वियोगले पुरुषको जीवन अस्ताएको छ र अर्की नारीको आगमनले फेरि उनको जीवन उदाएको छ । जैविकताको कोणबाट हेर्दा मात्र महिला र पुरुष फरक-फरक तत्व हुन् । तर यी दुवै मानव हुन समान रूपले जीवन चलाउनका लागि ती दुवैको एक अर्काप्रति उत्तिकै खाँचो हुन्छ । यो समाजमा एक्लो जीवन अगाडि बढाउन एक पाइला पनि सम्भव छैन ।

यस कथाका पुरुष पात्रको जीवनमा श्रीमतीको मृत्युपश्चात् दस वर्षसम्म उनको जीवन अस्तव्यस्त भएको थियो । जीवन जिउने क्रममा फेरि जुनेली नाम गरेकी नारी

पात्रको आगमन र मायाले जीवन बदलिएको छ । 'शिशिरको कठोर जाडोपछि वसन्ती बहार छाए झैं उनको जीवनमा परिवर्तन आएको छ उनको त्यो बदलिदै गएको व्यवहार बारे चर्चा हुन थाल्यो हाम्रो घरमा (मधुपर्क २०६९ :२१) ।' नारी पुरुष दुवै जीवनका हरेक पाइलामा समान रूपमा सहभागी भएर अगाडि बढेमा समाजमा जीवन बिताउन सजिलो हुन्छ भन्ने भाव यस कथामा प्रस्ट्याइएको छ ।

### ३.६.२ नारी शक्ति

नारी स्त्री हो, नारी महिला हो । जीवनका कालखण्डमा नारी विभिन्न भूमिकामा प्रस्तुत हुन सक्छे । 'बदलिएको जीवन' नामक कथामा बुढाबाको जीवन उनको श्रीमतीको मृत्युपश्चात् निकै दयनीय र अकल्पनीय बनेको छ । जसोतसो जीवन निर्वाह गरेका छन् । 'आ मेरो को छ र कसका लागि राम्रो हुनु भन्थे, अरुका लागि राम्रो हुने हो र ? आफ्ना लागि पो राम्रो हुने त, बुढी हुने जोश जाँगर चल्थ्यो रहर पनि लाग्थ्यो, आ अब मेरो को छ र ? कसका लागि राम्रो हुने त्यही वाक्य दोऱ्याउँथे बारम्बार (मधुपर्क २०६९ :३०) ।' पुरुष पात्रको यी भनाइका भावले नारीमा कति असीम शक्ति रैछ भन्ने कुरा प्रष्ट हुन्छ । नारीको मृत्युपछि उनको शक्ति कम हुँदै गएर फोहोरको थुप्रो झैं भएका थिए । उनको जीवनमा अर्की नारीको माया पाएपछि फेरि बुढा बा बदलिएर तीस पैत्तिसको जस्ता जवान भएका छन् । एउटा नारीको मायामा असिम शक्ति छ भन्ने भाव यस कथाले प्रष्टाएको छ । नारी शक्ति र उनको माया विना पुरुष प्रधान समाजका पुरुषको जीवन, परिवार र समाज एक पाइला पनि राम्रो तरिकाले अगाडि बढ्न सक्दैन भन्ने भाव यस कथाले प्रष्टाउँछ ।

### ३.६.३ नारी स्वनिर्भरता

पितृसत्ताले नारीलाई पुरुष आश्रित वा परजीवी जस्तो तुल्याएर शोषण र दमन गरेको हुन्छ । सामाजिक, पारिवारिक कारणले गर्दा नारीलाई उत्पादनमूलक कामबाट बञ्चित गराई अनुत्पादक काममा लगाइएको, हुन्छ । यसको परिणाम स्वरूप नारी क्षमतावान् भएर पनि अवसर नपाउनाले आफू आर्थिक रूपमा बलियो बन्न पाउँदिनन् ।

यस कथाकी नारी पात्र पच्चिस छब्बिस वर्षकी जुनेली त्यो कल कलाउदो उमेरमा आर्जन गर्नका लागि घरबनाउने ठाउँमा ज्याला मजदुरी गरेकी छन् । आफूलाई जे जस्तो परिस्थिति आए पनि आर्थिक अभाव कै कारणले कसैको शोषण तथा दमनमा पर्न नपरोस्

भनेर काम खोजेर आय आर्जन गर्न थालेकी छन् । एउटी पच्चिस छब्बिस वर्ष जतिकी केटीको आगमन भयो सलक्क परेकी गहुँगोरी हिस्सी परेकी थिइन् बालुवा बोक्ने मुछ्ने काममा सिपालु रहिछन् । जुनेली रहेछ उनको नाम जुन झैं हसिली थिइ (मधुपर्क २०६९ :३१) ।' यस कथाकी नारी पात्र जुनेलीले आफू सशक्त बनेर समाजमा पुरुष सरह जे जस्तो काम पाइन्छ गरेर आय आर्जन गरेकी छन् । आर्थिक समयमा बलियो बनि आफूमाथि परि आएको सम्पूर्ण उत्तरदायित्व बहन गर्न सकेकी छन् ।

## ३.७ 'हस्ताक्षर'-भागीरथी श्रेष्ठ (२०६९ भदौ, पूर्णाङ्क-५१९)

'हस्ताक्षर' कथा भागीरथी श्रेष्ठद्वारा रचित हो । २०६९ सालको मधुपर्कमा (पूर्णाङ्क ५१९, भदौ) प्रकाशित कथामा नारी पात्रको प्रमुख भूमिका रहेको छ । कथामा पुरुष पात्रको पनि संलग्नता छ । जनयुद्धले गर्दा असुरक्षाको कारण पर्यटकहरू आउने क्रममा कमी हुँदा दिनदिनै देशको आर्थिक अवस्था खस्कदै गएको छ । यस कथाका पुरुष पात्र अनुराग पर्यटकलाई गाइड गरेर जीविकोपार्जन गर्थे । राजनैतिक अस्थिरताको कारणले पानी विनाको माछा जस्तै छटपटाएका थिए । अनुरागको परिवारमा आमा, श्रीमती र छोराछोरी थिए । अनुरागको आश्रयमा बाँचेका थिए सबैजना । आकाशे खेती जस्तो गाइड व्यवसायले पर्यटकको सिजन पर्खनु बाहेक अरु विकल्प थिएन ।

यस कथामा पर्यटक व्यवसाय राम्ररी नचल्दा परिवारमा आर्थिक अभाव हुन्छ । घरको सम्पूर्ण दयनीय स्थिति ह्वात्तै देखिन्छ । अनुरागकी श्रीमतीको अनुहारमा घरको आर्थिक स्थिति धुजाधुजा भएर च्यातिएको पर्दा झैं टागिएको छ । त्यसलाई कुनै पनि कोणबाट सिउन सकिदैन । असल, सज्जन र भलाद्मी स्वभावका अनुराग पारिवारिक समस्याले गर्दा इमान्दारिता पूर्वक केही हुन्छ भन्ने आशा बोकेर मिहिनेत गरी राखेका छन् । नेपालका मूख्य सुन्दर ऐतिहासिक स्थानहरूमा घुम्नु र रमाउनु पर्यटकहरूको उद्देश्य थियो । यो समाजमा मानवको मनले बोकेको आशा उनको मिहिनेत अनुसार अरुले बुझ्दैनन् । अनुरागले गाइड गरी सकेपछि पर्यटकहरूले उनलाई तिमी जस्तो असल, सज्जन र भलाद्मी योग्य गाइड थोरै मात्रामा भेटेका छौ भनेर सामुहिक हस्ताक्षर गरेर चिठी पठाएका थिए । अनुरागको जीवनमा प्रशंसा भन्दा पैसाको खाँचो भएको कुरा यस कथाले प्रस्टाइएको छ ।

### ३.७.१ नारी शक्ति

'हस्ताक्षर' नामक कथामा नारी पात्र अनुरागकी श्रीमती सुमीले सहनशील भएर आफ्ना परिवारका सबै सदस्यलाई माया ममता र सम्झना दिएर अगाडि बढाएकी छन् । देशकाल परिस्थिति अनुसारको समसामयिक कथा हस्ताक्षरमा सुमीले लोग्नेको आर्जन नभएर ६ महिनासम्म घर बस्दा पनि धैर्यता कायम राखेकी छन् । 'पर्यटकहरू नआउँदा म र मेरो परिवार पानी विनाको माछाजस्तै छटपटिएका थियौं (मधुपर्क २०६९ :१८) ।' यस्तो परिस्थितिमा पनि यस कथाकी नारी पात्र सुमीले आफ्नो नारीशक्ति प्रदान गरेर श्रीमान्, सासु र छोराछोरीलाई परिवारमा आर्थिक र मानसिक पक्षलाई खलबलाउन दिएकी छैनन् । नारी शक्तिकै कारणले परम्परागत संस्कारलाई धान्दै समाजमा साहसी बनेकी छन् । छोराछोरीलाई भित्री मर्मका कुरा पनि थाहा दिएकी छैनन् । कथामा परिस्थितिले परिवारमा विपन्नता आए पनि पुरुषप्रधान समाजकी नारीले सबै सामाजिक, आर्थिक सङ्कटलाई आफ्नो शक्ति प्रदान गरेर सहज तुल्याएकी छन् । 'सुमीले यात्राको मंगल कामना गर्दै भनी-शुभ यात्रा आफ्नो शरीरको हेर विचार गर्नुहोला (मधुपर्क २०६९ :१९) ।' हासी खुसी भएर आफ्नो कर्तव्य पूरा गरेकी छन् ।

### ३.७.२ नारी मातृत्व

'हस्ताक्षर' कथामा नारी पात्र सुमीले छोराछोरीको भविष्य बनाउनका लागि आफूले पनि दुःख सहेर भए पनि छोराछोरीलाई केही थाहा दिएकी छैनन् । 'ती अबोध छोराछोरीलाई भित्री मर्मस्थलका कुरा के थाहा ? उनीहरूलाई चकलेट खान पाए पुग्यो, (मधुपर्क २०६९ :१९) ।' माथि लेखिएको उक्तिबाट प्रष्ट हुन्छ नारीको मातृत्वलाई पहिलो प्राथमिकता दिँदै अरु सबै अभावको भावलाई भित्री मन मस्तिष्कमा पचाएकी छन् । एउटी आमाले हुर्कदै गएका छोराछोरी माथि आर्थिक अभावले पर्न जाने असरलाई जोगाएर असल आमाको भूमिका निभाएकी छन् ।

### ३.७.३ नारी स्वतन्त्रताबाट बञ्चित

'हस्ताक्षर' कथाकी नारीले घर हेर्ने बच्चाबच्ची स्यहार्ने सासुको सेवा गर्ने, श्रीमान्को सेवा सुश्रुषा गर्ने स्त्री धर्म जुन छन् ती धर्मको पालना गर्न उनको पारिवारिक, परिस्थितिले बाध्य पारिएको छ । 'उसको व्यथित थकित र भावपूर्ण शून्य अनुहारले घरको सम्पूर्ण

दयनीय स्थिति ह्वात्तै देखिइरहेको थियो । लाग्यो घरको स्थिति धुजाधुजा भएर च्यातिएको पर्दा झैं टागिएको छ (मधुपर्क २०६९ :१९) ।' यसरी पितृसत्तात्मक समाजमा यस कथाकी सुमीले स्वतन्त्र भएर घरबाट निस्केर पुरुष सरह आर्जन गर्ने आँट गर्न सकेकी छैन । उनलाई पारिवारिक समस्याले घरमा वञ्चित गराइएको छ । पितृसत्तात्मक समाजमा नारीका निमित्त भनेर छुट्टै अनुशासनको दायराभित्र नारी रहन सकिनन् भने उनी परिवार र समाजमा राम्रो गनिन्न । जसको कारणले नारी बाध्य भएर दुःखकष्ट र अभावलाई सहनु पर्छ । यस कथामा सुमीको घरमा कमाइ नभएर अभावमा छटपटिए पनि स्वतन्त्र भएर आर्जन गर्नका लागि घर भन्दा बाहिर निश्कन सकेकी छैन । सुमीले अभावलाई धकेल्दा धकेल्दै भावशून्य अनुहार लिएर थकित भएर बाच्न बाध्य भएकी छन् ।

## ३.८ 'करवीरको फूल'-गीता केशरी (२०६९ असोज, पूर्णाङ्क-५२०)

कथाकार गीता केशरीद्वारा लेखिएको 'करवीरको फूल' २०६९ सालको मधुपर्कमा प्रकाशित कथा हो । कथामा नेपाली समाजमा नारीले भोग्नु परेका विभिन्न समस्या र समाजले गर्ने मूल्याङ्कन, विवेक, विचार, माया, दया आदि नारीको जीवनमा के कसरी प्रस्तुत भएको छ भनी केलाइएको छ । 'करवीरको फूल' कथा सामाजिक विषयवस्तुमा अँगालेर लेखिएको नारी समस्यामा आधारित कथा हो । यस कथाकी नारी पात्र सात वर्षकी बालिका आभा र उनकी आमाले घर परिवार र समाजमा जीवनका हरेक मोडमा भोग्नु परेको समस्यालाई चित्रण गरिएको छ । 'करवीरको फूल' कथाकी नारी पात्र आभा सात वर्षकी बालिका दया, माया र प्रेमले भरिएकी बाटोमा फूलिरहेको फूलको हाँगालाई देख्दा आकर्षित भई त्यसको एउटा हाँगा भाचेर घरमा ल्याई तन मन दिएर रोपेकी छन् । तनमन दिँदा पनि फूललाई बचाउन सकिनन् । यस कथामा कसैले टाढाबाट ल्याएर आफ्नो जवानीको भूल नाबालक शिशुलाई उठाएर घर ल्याउँछिन् । आमाकी आभाले भर्खरै विधवा जीवन बिताई राखेकी नारीले काखमा छोरा करवीरलाई खेलाउँदा खुशीले नयाँ नयाँ कुरा कल्पना गर्न थाल्छिन् । छोरी आभाले स्नातक पास गरी शिक्षिका भएकी छन्, भाइ करवीरले आठ कक्षा पास गरेर तालिम लिएर गाउँमा काम गर्न थाल्छन् । अचानक आमाको खेतमा काम गर्दा सर्पले टोकेर मृत्यु हुन्छ । भाइ करवीरको अभिभावक दिदी मात्र थिइन् । समाजले यस दिदी भाइको नातामाथि शङ्काको दृष्टिले हेर्न थाल्यो । आभा घर छाडेर काठमाडौं जान बाध्य हुन्छिन् । बुद्धिमानी नारी आभाले अन्तिममा सोच्दछिन् कि समाजमा त्यो दिन कहिले आउला जब

नारी पुरुष पनि एक अर्कासँग निर्भीक भएर जुनसुकै समयमा पनि जुनसुकै क्षेत्रमा पनि परिवारमा विभिन्न तहको सदस्यको मर्यादा राखेर समाजमा साथी भएर राष्ट्रका समान आधिकारिक नागरिक भएर हातेमालो गरेर हिँड्न सकियोस् ।

### ३.८.१ पितृसत्तात्मक सोच

विधवा महिला र जवानी अवस्थामा रहेकी महिलालाई समाजले गरिने विभेद त्यसका कारण नारीको उठन नसकेको व्यक्तित्वलाई प्रकाश गरिएको छ । आभा कि आमाले लोग्ने गुमाइसकेपछि सात वर्षकी छोरीलाई लिएर दुःखमय जीवन बिताइराखेको पाइन्छ । उनको जीवनमा आर्थिक समस्याको कारणले आफ्ना कतिपय सामान्य चाहना पनि प्राप्त गर्न सक्दिनन् । हीनताबोधका पीडा जीवनमा थपिई रहन्छ । पितृसत्तात्मक समाजमा छोराको अभाव र खाँचो भएको भाव देखिन्छ । 'आमा तपाईले बा पर जाँदा रुदै भन्नु भएको थियो एउटा छोरा पाएपछि मात्र गए हुन्न अहिले नजानुस् भनेर रुनु भएको थियो (मधुपर्क २०६९ :२२) ।' हाम्रो समाजमा बुढेसकालले सहारा र वंश धान्नलाई छोरो नै चाहिन्छ भन्ने रुढिवादी परम्पराले दरिलो जरा गाडेको छ । यस कथाकी छोरी आभालाई सहाराको रूपमा मानिदैन पितृसत्तात्मक सामाजिक व्यवस्थामा पिता अथवा कुनै पनि पुरुष प्रधान भई परिवारका सबै सदस्य, सम्पत्ति र आर्थिक साधन माथि आफ्नो नियन्त्रण राख्दछ । रुढिवादी समाजले दिदीभाइ जस्तो पवित्र नातालाई पनि पाप धर्मको विचार नराखी शङ्काको दृष्टिले हेर्छन् । पुरुष प्रधान समाजमा नकारात्मक सोचाइले गर्दा यस कथाकी नारी पात्रले समाजलाई चुनौती दिँदै सङ्घर्ष गरी अघि बढेकी छिन् ।

### ३.८.२ नारी मातृत्व

मातृत्व भनेको सन्तान प्राप्तिपछि आमामा विकसित हुने संवेदना भावना वा विशेषता हो । मातृत्व, आमा र शिशु बीचको सामाजिक र कानूनी रूपले परिभाषित अभिभावकीय सम्बन्ध पनि हो । खासगरी मातृत्वमा दुईवटा प्रारूपले काम गर्दछ । नारी अनुभव, सामाजिक परिवर्तन, यो करवीरको फूल कथामा आभाकी आमाले आफ्नो मातत्त्व रक्षाका लागि, अर्काको दयामा बाँचेर दाह्रा टोकेर भए पनि दुःख कष्ट पार लगाएकी छन् । छोरीको चाहनालाई बुझेर जीवन धान्नलाई गाह्रो परेको छ । आभाकी आमाले छोरीले बाटोमा भेट्याएर ल्याएको करवीर नगरलाई नयाँ जीवन दिनको लागि धेरै सामाजिक

चुनौतीहरू पार गरेकी छन् । ‘आमाले केही नबोली मेरो हातलाई मेरो छातीमा राखेर भन्नुभयो थाहा पाइस आफ्नो ढुकढुकी । सबै बाँचेको मान्छेको यस्तै गरी मुटु चलेको हुन्छ ( मधुपर्क २०६९ :२२) ।’ यसैमा उनी गर्व गर्छिन् आफूले त्याग र तपस्या गरेर छोरी र करवीरको भविष्यको लागि निरन्तर दुःखकष्ट गर्दै जीवन बिताइन् ।

### ३.८.३ नारी स्वनिर्भरता

सुख दुःखको अनुभव नै जीवन हो । सुख र दुःखमा जीवनका छुट्टाछुट्टै पाठ सिकिन्छ । जीवनका हरेक पाइलामा धैर्यताले नै धेरै विषयलाई सिकाउँछ । ‘आभाको बा बितेको चार पाँच वर्षपछि बल्ल उनीहरूले केही रकम उनी काम गर्न गएको देशबाट पाएका थिए । त्यही रकमबाट एउटा सानो घर खेत जोडेका थिए (मधुपर्क २०६९ :२४) ।’ माथि लेखिएको वाक्यबाट थाहा हुन्छ कि, करवीरको फूल कथाकी नारी पात्रको जीवनभरि कति सामाजिक, आर्थिक भारको बोझले थला टेकाएका छन् भनेर आफ्नो सानो आवश्यकता पूर्ति गर्नका लागि पुरुषसँग हात थाप्नु पर्ने अवस्था आएर महिला अझ बढी शोषण र दमनमा पर्न सक्छन् यस कथाकी नारी पात्रले उनी र उनका छोराछोरी पाल्नको लागि उनले आत्मनिर्भर भएर दुःखमा जोतिएकी र अर्काको खेतबारीमा काम गरेर आफू आत्मनिर्भर बनेकी छन् ।

## ३.९‘अघोषित हत्यारा’-कल्पना श्रेष्ठ

प्रस्तुत कथा कल्पना श्रेष्ठद्वारा रचित एक नारीप्रधान कथा हो । नारी पात्रको प्रमुख भूमिका रहेको यस कथामा पुरुष पात्रको पनि संलग्नता रहेको छ । यस कथाकी नारी पात्र अभिलाषा र पुरुषपात्र प्राचिनको प्रेम सम्बन्धलाई आधार बनाएर कथाको रचना गरिएको छ । प्रेम अन्ध हुन्छ भन्ने भाव यस कथाले बुझाएको छ ।

अभिलाषाले एउटा छोरा जन्माएपछि उनका लोग्ने प्राचीनले आत्महत्या गर्छन् । उनले जीवनदेखि फ्रस्टेसन भएका दुइतीन जना साथीसँग सामूहिक आत्महत्या गर्छन । त्यसपछि सङ्घर्ष गर्दै गरेकी आलिषाले अर्को विवाह गरेर छोरी जन्माउछिन् । पहिलेको छोरालाई प्राचीनकी आमाले लगेर पालन पोषण गर्छिन् । पछि जन्मेकी छोरी सात कक्षामा पढ्दा उनको दोस्रो लोग्ने रक्सीको कुलतमा लागेर मृत्यु हुन्छ । अभिलाषाकी छोरी शिलु विज्ञान विषय लिएर स्नातक तह पढ्छिन् । सँगै पढ्ने युवकसँग उनको प्रेम हुन्छ । संयोगले त्यो युवक शिलुको दाइ हुन्छन् । उनीहरूको प्रेम सफल हुन सक्दैन । जङ्गलमा विष सेवन

गरेर दुवैले मृत्युलाई अँगालेको थाहा हुन्छ । शिलुकी आमाले मेरी छोरीको अघोषित हत्यारा मैहुँ भनेकी छन् । यस कथामा संयोगले आमा छोरी दुवैको प्रेम असफल हुन्छ । पितृसत्तात्मक समाजमा सामाजिक मूल्य, मान्यता, धर्म, संस्कार आदिको कारणले निम्ताएको समस्याले गर्दा पुस्तौपुस्ता सामाजिक बन्धनबाट छुटकरा पाएका छैनन् । सामाजिक बन्धनको असर महिलाले बढी भोग्न बाध्य भएको विषयलाई यस कथाले प्रस्ट्याएको छ ।

### ३.९.१ नारीलाई सामाजिक मान्यता प्राप्त नहुनु

नेपाली समाज पूर्ण रूपमा पितृसत्तात्मक रही आएको छ । यस कथाकी नारीपात्र अभिलाषाले एउटा छोरा जन्माएपछि लोग्नेले सामूहिक आत्महत्या गर्छन् । त्यसपछि उनका पीडाका दिन शुरु हुन्छन् । समाजमा पीडादायक जीवन बाँच्न बाध्य हुन्छिन् । यो समाज भित्रको पर्खालको सीमावर्ती मनैबाट नियाल्छु कुनै किनार भेटे जस्तो लाग्दैन, तथापि मेरो मानसिक जलनलाई नाप्ने कुनै तौल छैन (मधुपर्क, २०६९ : ५३) । नारी पात्र अभिलाषा सानो छोरालाई लिएर समाजमा मानसिक तनावमा बाँचेकी छन् । उनले जन्माएको छोरालाई प्राचीनकी आमाले लगेकी छन् । समाजमा उनको लोग्नेका घरका सदस्यले उनलाई स्वीकारेका छैनन् । तर उनको काखबाट त्यो शिशुलाई छुटाएर लगेका छन् । अभिलाषालाई एकातिर लोग्ने मरेको पीर र अर्कोतिर काखको सन्तान खोसेर लगेको दोहोरो समस्यामा जुधेर दिन बिताउनु परेको छ । प्राचीनकी आमालाई मैले दोस्रो पटक भेटेकी थिए, त्यो पटक उनले एउटा नारीत्वबाट अर्को नारीको ममतालाई लुटेर लगेकी थिइन् ( मधुपर्क, २०६९ : ५५) । यस कथामा रुढिवादी परम्परित समाजले नारी पात्र अभिलाषालाई निर्दयी अमानविय व्यवहार गरेको छ । सामान्ती संस्कार, रुढिवादी अन्धवविश्वास र पितृसत्तात्मक मानसिकताबाट ग्रस्त सामाजिक पर्खाललाई नेपाली नारीले नाध्न नसकेर नारीलाई सामाजिक मान्यता प्राप्त हुन नसकेको विषयलाई यस कथामा देखाइएको छ ।

### ३.९.२ नारी स्वतन्त्रतावाद वञ्चित

अघोषित हत्यारा कथामा यस कथाकी नारी पात्र अभिलाषाले सबै सामाजिक समस्या बुझेकी छन् । उनी पढेलेखेकी शिक्षित महिला हुन् । उनकी छोरीलाई परेको समस्या उनलाई पनि परेको थियो । कहिले त लाग्छ यो धर्ती भनेर नारीलाई दिइने उपमा नै शोषण हो दमन हो (मधुपर्क, २०६९ : ५३) । सामाजिक बन्धनको शोषण र दमनमा परेर

नारीहरूमा चेतना अनि विवेक भएर पनि न्याय अन्यायका कुरा बोल्न नपाउने आँट अनि साहस भएर पनि अगाडि बढ्न नपाउने बाध्यतामा नारीहरू बाँच्नु परेको छ । यस कथाकी नारी पनि सामाजिक बन्धनले गर्दा स्वतन्त्र भएर बाँच्न पाएकी छैनन् । उनी आफू सचेत भएर पनि छोरीलाई रुढिवादी समाजबाट जोगाउन सकेकी छैनन् । मेरी छोरीको अघोषित हत्यारा मै हुँ, हो म हत्यारा हुँ (मधुपर्क, २०६९ : ५५) । सामाजिक शोषण र दमनले गर्दा अन्याय र अत्याचार सहेर बस्न बाध्य छन् । आधुनिक युगसम्मको अन्याय अत्याचारको अबुझ लिपिलाई अनुसन्धानको विषय बनाउ यदि नारीले यी र अरु यस्तै कुरामा विद्रोह गरी भने उसले बिताएको वर्तमान जीवनको बाहिरी आवरण पनि रुढिवादी समाजले ध्वस्त पारिदिने छ भन्ने डरले बाँधिएर जीवन निर्वाह गर्न बाध्य पारिएको विषयलाई यस कथामा प्रस्ट्याइएको छ ।

### ३.९.३ नारी स्वनिर्भरता

'अघोषित हत्यारा' कथामा नारी पात्र अभिलाषाका लोग्नेले आत्महत्या गरी मरेपछि उनको जीवनमा सङ्घर्षका दिन सुरु हुन्छन् । समाजको नजरमा अभिलाषा नै दोषी बनेकी छन् । उनमा मानसिक जलन भइराखेको छ । उनले अर्को बिहे गर्छिन त्यो लोग्ने पनि जड्याहा हुन्छन् । नेपाली समाजमा एउटा लोग्नेको मृत्युपछि अर्को लोग्ने रक्सीको कुलतमा फसेकासित दिन बिताउँदा असह्य आर्थिक सङ्कट पर्छ । जसोतसो पार लगाएकी छन् । हाडीमा भुटेर उछिट्टिँदै गरेको मकै जस्तै मेरा पीडाले के निकास पाउलान (मधुपर्क, २०६९ :५३) । यस कथाकी एकल तथा विधवा नारीले उनको जीवनमा जस्तो परिस्थिति आए पनि आर्थिक शोषणमा पर्न नपरोस् भनेर सानोतिनो काम गरेर आत्मनिर्भर हुने प्रयासमा छन् ।

### ३.९.४ पुरुषको स्वेच्छाचारी प्रवृत्ति

हाम्रो समाजमा अनुशासनका नियम पनि सबै नारीका लागि बनेका छन् । पुरुषका अनुशासनहीन कार्यलाई पनि समाजले उच्चमूल्याङ्कन गर्छ । यस समाजमा पुरुषले हरेक क्रियाकलापमा अनुशासनको पालना नगर्नाले स्वेच्छाचारी व्यवहार गरेको पाइन्छ । पुरुषका स्वेच्छाचार व्यवहारको असर महिलालाई पर्छ । 'अघोषित हत्यारा' कथाका पुरुष पात्रले सामुहिक आत्महत्या गर्छन् । उनले नारी माथि देखावटी प्रेम गरेर प्रेमको जालमा पार्छन । 'उसको त्यो दिन मलाइ एकान्त कुनामा पुऱ्याई दिएको थियो । उसले कम्प्युटर सम्बन्धी

काम गर्ने र घर चाहि विराटनगर भनेर बताएको थियो (मधुपर्क, २०६९ :५४) ।' पुरुषको स्वच्छाचारी प्रवृत्तिले यस कथा कि नारीपात्र अभिलाषाले फेरि जन्मघर फर्केर अर्को बिहे गर्छिन् र छोरी जन्माउदिन । यो समाजको सामाजिक, धार्मिक, पारिवारिक परम्पराले गर्दा दुवै आमा छोरीको भविष्य नै सङ्कटमा परेको छ । छोरी सीलुले अन्त्यमा विष सेवन गरेर आत्महत्या गर्छिन् ।

## ३.१० 'मुत्युको आभास'-शशी थापा पण्डित (२०६९ कात्तिक, पूर्णाङ्क-५२१)

'मृत्युको आभास' २०६९ सालको मधुपर्कमा प्रकाशित कथा हो । यसका कथाकार शशी थापा पण्डित हुन् । यस कथामा नारी पुरुष दुवैको समान भूमिका रहेको छ । यो एक समसामयिक, सामाजिक र राजनीतिक विषय वस्तुमा आधारित छ । देशमा क्रान्ति फैलिएको बेलामा घर भित्र पनि सुरक्षित हुन नसकेर शारीरिक र मानसिक झमेला र तनाव भोग्नु परेको छ । यस कथाकी नारीपात्रका श्रीमान् सुरक्षाकर्मी छन्, देशमा द्वन्द्व चलेको बेलामा सुरक्षाकर्मीलाई ज्यान जोगाउनमा बाधा भएको छ । देशमा हत्या हिंसा, द्वन्द्व, मारामार, काटाकाट, भौतिक कार्वाही आदि देखेर यस कथाकी नारी पात्र दीपा मानसिक रोगी भएर तड्पेकी छन् । सुरक्षाकर्मीले देशको सुरक्षा गर्ने क्रममा क्रान्तिमय वातावारण देखेर मृत्युको सन्त्रासले गाँजेको छ । देशमा क्रान्ति फैलिएर द्वन्द्व भएको बेलामा मान्छेको रगतले होली खेल्दै हिँडेको देखिन्छ । देशमा द्वन्द्व भएको बेलामा नेपाली आमाका सन्तानहरूले अकालमा ज्यान गुमाएका छन् । द्वन्द्वको असरमा नेपाली समाजमा अधिकांश महिला र बालबालिकाहरू परेका छन् । आमाहरूका काख रित्तिए, सिन्दूर पुच्छिए, बालबालिकाहरू टुहुरा भएको विषयलाई यस कथामा प्रस्ट्याइएको छ ।

### ३.१०.१ नारीको आर्थिक हैसियतहीनता

पितृसत्तात्मक समाजमा सम्पूर्ण आर्थिक सन्दर्भमा पुरुषको एकाधिकार कायम रहेको छ । हाम्रो समाजमा जति पनि आर्थिक क्रियाकलापहरू छन् सबै पुरुषहरूले नै जिम्मा लिएका हुन्छन् । यस कथामा पुरुषपात्र देशमा अशान्ति र द्वन्द्व भएको बेलामा मृत्युसँग डराइराखेका छन् । 'यस्ता क्रान्तिहरूका बेलामा प्रहरीको परिवार भएर बाँच्न पनि निकै सास्ती खेप्नुपर्ने दीपा दुखेसो पोख्छे (मधुपर्क, २०६९ :२५) ।' देशमा अशान्ति फैलिएर सुरक्षाकर्मीका परिवार भएकै नाताले पनि सधैं शारीरिक र मानसिक झमेला भोग्नु पर्ने

अवस्थाको सिर्जना भएको छ । यस कथाकी नारी पात्रले आफ्नो मनमा लागेको कुरा पोख्छिन् । 'श्रीमान् जिउनुमा नै आफ्नो जीवनका सार मेटाउथी ३१ वर्षमा मर्न परे पनि डर छैन उसलाई तर श्रीमान् विना ऊ आफ्नो जीवन कल्पना पनि गर्न सक्दिनँ (मधुपर्क, २०६९ :२६) ।' माथि लेखिएको कथनबाट बुझिन्छ हाम्रो समाजमा श्रीमान्को आश्रयमा बाँचेका महिला श्रीमान् विना आफ्नो जीवन जीउन कल्पना पनि गर्न सक्दैनन् । बाँचे पनि समाजमा आर्थिक हैसियत नभएकाले पीडादायक जीवन जीउन बाध्य हुन्छन् । यस कथामा दीपाका श्रीमान् सुरक्षाकर्मीलाई देशको द्वन्द्वात्मक वातावरणमा केही दुर्घटना भयो भने कति दुःखपूर्ण अभिभावकमा बाँच्नुपर्ला सन्तान हुर्काउन बढाउन, अनि व्यवहार गर्न कति सङ्घर्ष गर्नपर्ला भनी कल्पना गरेर डराएर मानसिक तनावमा बाँचेकी छन् । समाजमा नारी आर्थिक हैसियतहीनता हुनाले उनका मनमा यस्ता कल्पनाले डेरा जमाउनु शाश्वत् सत्य छ भन्ने विषय देखाइएको छ ।

### ३.१०.२ नारीलाई सामाजिक मान्यता प्राप्त नहुनु

नेपाली समाजको सामाजिक संरचनाले एउटै व्यवहारका लागि पनि पुरुषलाई प्रशंसा र नारीलाई विभिन्न आलोचनाको दृष्टिले र नकारात्मक तरिकाले हेर्ने प्रवृत्ति विकसित गरेको हुन्छ । नेपाली समाजमा एकल महिलाले भोग्नु परेका विभिन्न शारीरिक, सांस्कृतिक, आर्थिक, पारिवारिक समस्या देख्न पाइन्छन् । परिस्थितिनुसार हाम्रो समाजमा घटेका विभिन्न द्वन्द्वको मारमा नेपाली महिला र बालबालिकाहरू परेका छन् । 'यदि म मरे भने मेरो छोरीको भविष्य कस्तो होला (मधुपर्क, २०६९ :२७) ।' यस कथामा छोरीका बुबा यदि द्वन्द्वमा मरे भने उनका छोरीको भविष्य कस्तो होला भनेर कल्पना गरेका छन् । समाजमा पुरुषको अनुपस्थितिमा नारीहरूको सामाजिक मान्यता नभएका कारणले नै दुःखपूर्ण अनि अभावमा बाँच्नुपर्छ भन्ने कल्पना गरेको विषयलाई यस कथाले प्रस्ट्याएको छ ।

## ३.११ 'अन्त्य एक अध्याय'-गमला लुइँटेल (२०६९, मंसिर)

'अन्त्य एक अध्याय' कथा नामक कथामा कथाकार गमला लुइटेलद्वारा रचित रचना हो । नारीपात्रको प्रमुख भूमिका रहेको यस कथामा पुरुष पात्रको पनि संलग्नता रहेको छ । समाजमा चल्दै आएको पुरुषको महिलाप्रतिको यौनिक तथा शारीरिक आकर्षणले महिलाको जीवनमा पर्न सक्ने प्रभावलाई मुख्य विषयवस्तु बनाएर कथाको रचना गरिएको छ ।

समाजमा स्वार्थी शारीरिक सम्बन्ध राखेर प्रेम गर्न खोज्ने पुरुषको व्यवहार बारे वर्णन गरिएको छ ।

कथामा शारीरिक सम्बन्ध एकजनासँग राख्ने, विवाह अर्को जनासँग गर्न खोज्ने व्यवहार भएका पुरुष पात्रले गर्दा महिलाले यो समाजमा सुन्न र चुपलाग्नु बाहेक अरु केही विकल्प देखिदैन । यस कथामा लुकामारी प्रेम गरेर महिलालाई शारीरिक शोषण गरी मनोरञ्जन गर्ने साधनको रूपमा लिएका छन् । पुरुषपात्रले प्रेमको नाटक गरी प्रयोग गरिसकेपछि फाल्ने र नयाँ खोज्ने सिद्धान्त लागू गरेका छन् ।

### ३.११.१ यौन स्वतन्त्रता

'अन्त्य एक अध्याय' कथा नामक कथामा नारी चरित्र आँचल र उसको प्रेमी दीपक साह्रै नजिक भएका थिए । दीपकले एकदिन स्पष्ट गऱ्यो कि यो सम्भव छैन । 'यो लुकामारीको प्रेम कहानी तर ऊ थाहा दिन्नथिई । सुन्नु नै उसको एक मात्र काम थियो (मधुपर्क, २०६९ :४९) ।' 'फेरि दीपक उसको प्रेमिका हुन नसकेकी प्रेमिकाको भेटघाट पातलिदै गयो र आँचललाई फेरि २ वर्ष अगाडिको समयमा धकेल्न खोज्दै छ । यस कथाका पुरुषपात्र दीपकले प्रेमको नाटक गरेर एक छोडी अर्कालाई यौन सम्बन्ध राख्न खोजेका छन् । अब उसलाई प्रेमको खोल ओढेर आउने मान्छेप्रति रुचि छैन (मधुपर्क, २०६९ :४९) ।' यसरी यस कथामा यौन स्वतन्त्रता विशेष गरी पुरुष पात्र दीपकले विवाह गर्नु पूर्व प्रेमको नाटक गरेर एक छोडी अर्की नारीसँग यौन सम्बन्ध राख्न खोजेका छन् ।

### ३.११.१ पुरुषको स्वेच्छाचारी प्रवृत्ति

'अन्त्य एक अध्याय' कथा नामक कथामा पुरुषको स्वेच्छाचारी प्रवृत्तिका कारणले 'प्रेमको नाममा जे पनि गर्न सक्छु भनेर आँट गरेर हुन्न (मधुपर्क, २०६९ :४८) ।' प्रेमको नाटक गरेर जे पनि गर्ने स्वेच्छाचारी स्वभाव भएका यस कथाका पुरुष पात्र दीपकको कारणले एकपछि अर्को नारी प्रेममा असफल भएर मानसिक रोगी भएकी छन् । पितृसत्तात्मक समाजमा पुरुषले जे गरे पनि हुन्छ भन्ने सोचले हुर्केका पुरुषको मनपरि व्यवहारले गर्दा नारीहरू समाजमा कुण्ठित भएर बाँच्नु परेको छ । 'नेपाली समाजमा छोरी मान्छे हुनु र छोरा मान्छे हुनुमा कति फरक छ (मधुपर्क, २०६९ :४९) ।' पुरुषको स्वेच्छाचारी व्यवहारले गर्दा शारीरिक सम्बन्ध एकातिर राख्ने र विवाह अर्को तिर गर्ने भन्ने

प्रस्ताव सजिलै राख्न सक्छन् । यस्तो व्यवहारको परिणामले गर्दा नारीहरू समाजमा धेरै आलोचना सहेर बाँच्न बाध्य भएका छन् ।

### ३.११.२ नारी स्वतन्त्रताबाट वञ्चित

पुरुष प्रधान सामाजिक संरचनामा नारीहरूको अस्तित्वको कुनै ख्याल गरिदैन नारीको हरेक इच्छा चाहनालाई कुण्ठित गराइएको हुन्छ । कथाकार गमला लुइँटेलद्वारा लिखित 'अन्त्य एक अध्याय' कथा नामक कथामा नारी पात्र आँचलले प्रेमको नाटक गरेको पुरुष पात्र दीपकको व्यवहारलाई हरेक पाइलामा सहेर बसेकी छन् । 'आखिर मेरो काम सुन्ने र चुप लाग्ने न हो । त्यसमा घोतल्नु पर्दैन, टाउको दुखाउनु पर्दैन । मलाई समस्या नभई उनलाई शान्ति हुन्छ भने मैले किन नसुनिदिने (मधुपर्क, २०६९ :४९) ।' यो समाजले नारीको सोचलाई नै स्वतन्त्रबाट वञ्चित गराएर हुर्काएको हुन्छ । समाजले बनाएका नियम कानूनले पनि नारीलाई स्वतन्त्रता हुनबाट वञ्चितीकरण गरिएको छ ।

## ३.१२ 'सार्थक सम्बन्ध'-बाबा बस्नेत (२०६९ पुस, पूर्णाङ्क-५२३)

'सार्थक सम्बन्ध' कथा कथाकार बाबा बस्नेतद्वारा रचित २०६९ सालको मधुपर्कमा (पूर्णाङ्क ५२३, पुस) प्रकाशित कथा हो । नारीपात्रको प्रमुख भूमिका रहेको कथामा पुरुष पात्रको पनि संलग्नता छ । कथाकार बस्नेतले पथभ्रष्ट, निष्ठुर, कामुक, दम्भी पुरुष पात्रको शोषण र अन्यायको चपेटामा बाँच्न विवश नारीका व्यथालाई कथामा विषयवस्तु बनाइएको पाइन्छ । यस कथा नारी जीवनका सङ्घर्ष, नारीका मनका भावना, अनुभूति, पितृसत्तात्मक समाजमा विधवा महिलालाई हेर्ने दृष्टिकोण जस्ता विविध पक्षहरूलाई समेटेर लेखिएको छ ।

बालक सार्थककी मुवाले उनको बुबाको मृत्युपछि यो समाजमा सङ्घर्ष गर्न गाह्रो भएर आश्रयका लागि पुरुष साथी बनाएकी छन् । छोरा सार्थकको सम्बन्ध त्यो पुरुषसँग राम्रो हुँदैन । सार्थक र त्यो अङ्कलको सम्बन्ध राम्रो नभएका कारणले उनको मानसिक र बौद्धिक विकासमा असर परेको छ । सार्थकको शिक्षकका सकारात्मक शिक्षाले उसमा परिवर्तन आउँछ । परम्परागत कुरीतिले जेलिएको घर र समाजबाट फड्को मारेर सोचाइमा सकारात्मक परिवर्तन ल्याई उनले मुवाको खुशी सजाउने निर्णय गर्छन् ।

### ३.१२.१ नारीलाई सामाजिक मान्यता नहुनु

नेपाली समाज परम्परागत कुरीतिले जेलिएको छ । घर परिवार, समाज, धर्म, संस्कारबाट फड्को मारेर निस्कन सजिलो छैन । यस्तो सामाजिक संरचनाले एउटै व्यवहारका लागि पनि पुरुषलाई प्रशंसा र नारीलाई आलोचनाका दृष्टिले हेर्ने प्रवृत्ति विकास गरेको हुन्छ । 'सार्थक सम्बन्ध' कथामा सार्थककी मुवाले उनको पतिको मृत्युपछि आश्रयका लागि पुरुष साथी बनाएकी छन् । छोरा सार्थकले उनलाई सघाएका छैनन् । सार्थकले त्यो अङ्कललाई पटक्कै मन पराउँदैनन् । पुरुषप्रधान सोच लिएर हुर्केका छोराले मुवाको परपुरुष साथीलाई राम्रो सम्बन्ध राखेका छैनन् । उनका शिक्षकले रूढीवादी समाजबारे सकारात्मक शिक्षा दिएपछि राम्रो सम्बन्ध राख्छन् । 'परम्परागत कुरीतिले जेलिएको हाम्रो घर र समाजबाट फड्को मारेर मेरी मुवाको खुशी सजाउने निर्णय मैले गरेँ (मधुपर्क, २०६९ :१२) ।' यस कथामा नारीले परपुरुषलाई एक अर्काको सहयोग आदानप्रदानमा बाँचेको समाजले मान्यता दिएको छैन ।

### ३.१२.२ नारी मातृत्व

'सार्थक सम्बन्ध' कथामा सार्थकको बुबाको मृत्यु भएपछि सार्थक कि मुवाले बाहिर खुशी देखिए पनि घर व्यवहार चलाउन, सार्थकलाई पढाउन, हुर्काउन कति कष्ट व्यहोर्न परे होला सोचेका छौ (मधुपर्क, २०६९ :११) ।' छोराको भविष्यलाई सोचेर पारीवारिक, सामाजिक झमेलालाई पार गर्दै उचित शिक्षा दिनतर्फ लागि रहेकी छन् । उनले छोरालाई सम्झेर आफूलाई समालेकी छन् । जनको जीवनमा उसको आमा सग्लो जीवित हुन्छे भने त्यो सन्तान टुहुरो हुँदैन किनकि मातृ ममताबाट ऊ वञ्चित रहेको हुँदैन (मधुपर्क, २०६९ :१०) ।' सार्थकले यस कथामा मातृ मानवता र स्नेहमय मायामा हुर्किने मौका पाएको छ ।

### ३.१२.३ नारी स्वनिर्भरता

यस कथामा नारी पात्रले पतिको मृत्यु पछि आत्मनिर्भर भएर कलेजमा पढाउँछिन् । उनको कमाइले परिवार पालिएका छन् । यो समाजमा पुरुष कै दाजोमा शिक्षित भएर आय आर्जन गरेकी छन् । 'तिम्रो बुबा के गर्नुहुन्छ ? कलेजमा पढाउनु हुन्छ ?(मधुपर्क, २०६९ :१०) ।'

### ३.१२.४ पितृसत्तात्मक सोच

पितृसत्तात्मक समाजमा पिता अथवा कुनै पनि पुरुष प्रधान भइ परिवारका सबै सदस्य परिचालित हुन्छन् । पुरुषको उपस्थिति विना परिवार नै विचलित हुन्छ । 'सार्थक सम्बन्ध' कथामा सार्थकको पिताको मृत्यु भएपछि आश्रयका लागि परपुरुषलाई साथी बनाउँछिन् 'कुनै नारी वा परपुरुष एक अर्काको सहयोगको आदान प्रदानमा बाच्दा उनीहरू पतिपत्नी हुनैपर्छ भन्ने मेरो मान्यता होइन (मधुपर्क, २०६९ :१२) ।' यो समाजमा सहयोग महत्त्पूर्ण रहेको छ ।

## ३.१३ अन्तिम विदाइ-सुमित्रा पौडेल (२०६९, पुस पूर्णाङ्क ५२३)

'अन्तिम विदाइ' कथा कथाकार सुमित्रा पौडेलद्वारा रचित रचना हो । नारी पात्रको प्रमुख भूमिका रहे पनि यस कथामा पुरुषपात्रको पनि संलग्नता रहेको छ । यस कथाकि नारी पात्र सीमा सन्तानको सुख र खुशीका लागि कर्तव्य बोकेर प्रवास पलायन भएकी विवाहिता नारी हुन् । नेपाली समाजमा गरीबीका कारणले सीमा आयआर्जन गर्न विदेश पुगेकी छन् । यौवनकालीन पलको सुकुमारी फूल जस्तै तरुनी अवस्थामा परिवारका श्रीमान् लालाबालालाई छोडेर इजरायल पुगेकी छन् । विदेशमा सङ्घर्ष गरेकी सीमालाई उनले काम गर्ने परिवारकी रिनाले गरेको माया र परिवारको सद्भावलाई यस कथामा मुख्य विषयवस्तु बनाएर रचना गरिएको छ । विदेशमा गएर पनि आफ्नो सामाजिक परम्परालाई कसरी बचाएर राखेकी छन् । उनको अस्मिता र नेपाली नारीको अस्तित्त्वलाई परदेशी भूमिमा गुम्न नदिएका व्यवहारलाई यस कथामा प्रष्टाइएको छ । उनको व्यावहारिक क्रियाकलापले आम नेपालीको स्वभिमान हुँदोरहेछ भन्ने भाव यस कथाले बुझाउन खोजेको छ ।

### ३.१३.१ नारी मातृत्व

'अन्तिम विदाइ' नामक कथामा सीमाले आफ्ना सन्तानको खुशीका लागि लालनपालन र भविष्यका लागि सोचेर परदेश जान परेको छ । श्रीमान् र बच्चालाई छोडेर जानेकी पीडालाई बिर्सेर मुटुमाथि ढुङ्गा राखेर हिँड्नु परेको छ । नारी मातृत्वले गर्दा सीमालाई अरुले प्रेमप्रस्ताव राखेर जिस्काउँदा जिस्किने कल्पनासम्म गर्न सकेकी छैनन् । नारी मातृत्वले सब कुरा सम्भव हुन सकेको छ । विदेशी भूमिमा ऊ एक्लै बनेको अवस्थामा उसले चाल्न सक्ने कदमहरू धेरै हुन सक्थे तर आफ्नो लालावालाप्रतिको कर्तव्य पालनाका

लागि आफूलाई समालेकी छन् । विदेशी भूमिमा सङ्घर्षमा सीमालाई उसकी मालिक्नी रिनाले पनि आमा बराबरको ममता भई माया गरेकी र परिवारको सद्भाव उसका लागि सञ्जीवनी बन्न पुगेको थियो । 'आफ्ना साना-साना लालाबाला र मातृगन्धले लतपत्तिएको मेरो देश छोडेर आउनुको पीडाले सताएको अवस्थामा रिनाले दिने गरेको माया र परिवारको सद्भाव मेरो लागि सञ्जीवनी बन्न पुगेको थियो (मधुपर्क, २०६९ :३८) ।' माथि लेखिएको भावबाट बुझिन्छ कि नारी मातृत्व कै कारणले, नारीले आफ्नो सन्तानलाई मात्र नभएर अरुको सन्तानलाई पनि माया गरेकी छन् ।

### ३.१३.२ नारी स्वतन्त्रताबाट बञ्चित

'अन्तिम विदाइ' नामक कथामा पितृसत्तात्मक समाजमा नारीलाई कस्तै पनि स्वतन्त्रताको अधिकार नभएको कुरा देखाइएको छ । 'यो मन सामाजिक परम्पराले जोडेको हाम्रो सम्बन्ध, पीडा, डर, त्रास र सङ्कोच पालेर बस्नु पर्ने वाध्यता सम्झिएर मन नराम्रोसँग दिक्दारियो, कल्पनामा नै म एक चिम्टि सिन्दुरले बाधिएको मेरो बन्धित जीवन सम्झिदै घोतलिरहन्छु (मधुपर्क, २०६९ :३८) ।' नेपाली समाजमा संस्कृति र परम्पराको कसिलो गाँठोलाई फुकाउन नसकेर नारीहरू स्वतन्त्रताबाट बञ्चित भएका छन् । कथामा विदेशमा भएकी नारीपात्र सीमाले विदेशी धर्म, संस्कृतिमा सङ्घर्ष गरेको अवस्थामा पनि नेपाली समाजको धर्म, संस्कृति, रितीरिवाज, परम्परा आदिबाट स्वतन्त्र हुन सकेकी छैनन् ।

### ३.१३.३ सतीत्वको प्रश्न

यस कथामा छोरी मान्छेलाई छोरा मान्छेसरह स्वतन्त्र हुन पितृसत्तात्मक समाजले छेकबार लगाएको छ । छोराछोरीको लालन पालन र कर्तव्यका लागि परदेश गएकी सीमाले आफ्नो समाजको धर्म संस्कारलाई तोड्न सकेकी छैनन् । मेरो धर्मप्रतिको अगाध आस्था र विश्वासले गर्दा, सेवा नै धर्म हो भन्ने ठानी उनीप्रति सेवामा पूर्णलीन रहनु मलाई आध्यात्मिक आस्थाले धेरै सघाउ पुऱ्याइरहेको थियो (मधुपर्क, २०६९ :३८) । उनले अरूप्रति दिएको कर्तव्यले गर्दा, विदेशीले उनलाई सजिलै विश्वास गरेका छन् । नेपाली नारीले मात्र सतित्व कायम राख्नु पर्छ भन्ने सामाजिक मान्यताले महिलाहरू आफ्नो समाज अथवा विदेशमा बन्धनमा परेर जीवन यापन गरेको सङ्केत यस कथाले दिएको छ ।

### ३.१३.४ नारी शक्ति

जीवनका काल खण्डमा नारी विभिन्न भूमिकामा प्रस्तुत हुन सक्छे । आफ्नो भूमिका अनुसारको कर्तव्य निभाउन ऊ पछि हट्दिन भन्ने भाव यस कथाले बुझाएको छ । 'तिम्रा अमूल्य शब्द नै मेरा दुःख दर्द र पीडाका डाहा मार्ने मलम बनेका थिए (मधुपर्क, २०६९ :३९) ।' नारी शक्तिले गर्दा नै सीमाले विदेशमा आमाको जस्तै माया ममता पाएर दुःख दर्द, पीडा सबै विर्सेकी छन् ।

## ३.१४ 'अन्तिम आशा'-निरूपा प्रसून (२०६९ माघ, पूर्णाङ्क-५२४)

'अन्तिम आशा' कथा कथाकार निरूपा प्रसुनद्वारा रचित रचना हो । यस कथामा नारी र पुरुष दुवैको बराबर भूमिका रहेको छ । कथाकार निरूपा प्रसूनले समाजमा नारी पुरुष दुवै मानव भए पनि, नारीलाई किन मानवताको व्यवहार गरिदैन र समाजले सधैं एउटाको मात्र वकालत गर्छ भन्ने विषयवस्तु बनाएर यस कथाको रचना गरिएको छ । यस कथाकी नारी पात्र एन्जलले १९ वर्षको उमेरदेखि निःस्वार्थी प्रेमीको खोजी गरेकी छे तर यो समाजमा प्रेममा प्राप्ति खोजेकाहरू भेटिन्छन् । पितृसत्तात्मक समाजमा नारीको उत्पादन शक्ति, प्रजनन, यौनिकता सम्पत्ति अन्य आर्थिक स्रोतहरू शिक्षा जस्ता कुरालाई नियन्त्रण गरेर नारी शोषण र दमनलाई गहिर्‍याउँदै लैजाने इतिहासदेखि वर्तमानसम्मको पुरुष परिपाटीले विकासित सोचले गर्दा पुरुषको स्वेच्छाचारी व्यवहार भएको देखाइएको छ ।

### ३.१४.१ पुरुषको स्वेच्छाचारी प्रवृत्ति

'अन्तिम आशा' कथामा विवाहित पढेलेखेका पुरुषले पढेलेखेकी नारी एन्जललाई क्षणिक वासनापूर्ति गर्ने साधनका रूपमा हेर्ने काम गरेका छन् । 'भूस्या कुकुरहरू ! के ठान्दा हुन् आफूलाई ? के म चाहिँ खेलौना हुँ मन लागूनञ्जेल हात मै राखिरह्यो; मन लागेन भने कुनाकाप्चातिर मिल्काउनलाई, (मधुपर्क, २०६९ :१८) ।' माथि लेखिएको वाक्यबाट प्रष्ट हुन्छ कि नेपाली समाजमा पुरुषले आफ्नो स्वार्थ प्राप्तिका लागि नारीलाई थरिथरीका खेलौना बनाएका छन् । यस कथाकी नारी पात्र एन्जलले १९ वर्षको उमेर देखि २७ वर्षसम्म निःस्वार्थी प्रेमीको खोजी गरेर हिँडेकी छन् । प्रेमीहरू पनि भेट्टाएकी छन् तर सबैमा स्वार्थको भावना छ । हाम्रो समाजमा पुरुषहरूले इच्छाएको जस्तो चाहन्छन् नारीलाई 'कुमालेको घर अगाडि थुप्रिएको माटो पनि होइन, म उनीहरूले इच्छाएको भाँडा बन्नलाई, (मधुपर्क, २०६९

:१८) ।' पुरुष त हो नि जातैले पाएको, उसले त जे गरे पनि हुन्छ भन्ने पितृसत्तात्मक सामाजिक मनोविज्ञानको प्रभावले गर्दा पनि पुरुष यस कथामा स्वेच्छाचारी स्वभाव भएको पाइन्छ ।

### ३.१४.२ लैङ्गिक समानताको आग्रह

अन्तिम आशा नामक कथामा पितृसत्तात्मक समाजमा यस कथाकी नारी पुरुष सरह स्वतन्त्र हुन सकेकी छैनन् भनिएको छ । लिङ्ग विभेदरहित समाजमा केवल मानव छ । मानवलाई मानवताको व्यवहार गरियोस्, तब मात्र विभेदरहितको समतामूलक समाजको निर्माण हुने छ । तिमी र म बीच तुलना गर्ने हो भने ९० प्रतिशत उही छौ । यति हो तिमी युवक र म युवती । तिम्रै बहकाउमा मैले त्यो सब गरे । तिम्रो कुरा सुनेर मैले तिमीलाई छोडिन तर तिमी ? के गर्न नहुने गरे मैले चाहि ? यो कस्तो एक पक्षीय धारणा हो तिम्रो (मधुपर्क, २०६९ : १९ ) । यसरी जैविक विशेषताको कोणबाट हेर्दा महिला र पुरुष फरक-फरक तत्व हुन् । त्यो मानिस गर्भमा रहँदादेखि नै निर्धारण भएर आएको हुन्छ । त्यसैले यो प्राकृतिक हुन्छ तर यही जैविकतालाई आधार बनाएर महिला र पुरुषका लागि छुट्टाछुट्टै नीति नियम अनि मूल्य मान्यता बनाएर उनीहरू बीच सीमा रेखा नकोरियोस् । सामाजीकरण प्रक्रियामा महिला र पुरुष दुवै मानव भएर सहभागी हुन सकुन् भन्ने मनसाय कथामा व्यक्त गरिएको छ । सायद यति भाग्यमानी युवती म होइन । तपाईंले आफ्नी श्रीमती भइकन पनि मलाई प्रेम गर्छु भन्न हुने मैले भने ...? (मधुपर्क, २०६९ : १८) । यसरी समाजमा पुरुष र नारीलाई फरक फरक व्यवहार नगरीकन समान रूपले सहभागी भएर नारी पुरुष बराबर व्यवहार गरून् भन्ने मनसाय कथामा व्यक्त गरिएको छ ।

## ३.१५ 'अभागी'-महालक्ष्मी सिलवाल (२०६९ माघ, पूर्णाङ्क-५२४)

'अभागी' कथा कथाकार महालक्ष्मी सिलवालद्वारा रचित रचना हो । नारी पात्रको प्रमुख भूमिका रहेको कथामा पुरुष पात्रको पनि संलग्नता छ । 'अभागी' कथामा निम्न आर्थिकस्तर भएका मानिसको परिवारमा आर्थिक समस्याको कारणले, पाठेघरको उपचार गर्न नसकेर चार वर्ष पनि नपुगेकी छोरीकी आमाको मृत्यु हुन्छ । आमाको मृत्युपछि परिवारमा विभिन्न सामाजिक आर्थिक समस्या परेको मुख्य विषयवस्तु बनाएर यस कथाको रचना गरिएको छ । आमाको मृत्युपछि चार वर्षकी छोरी र १० वर्षको छोरा टुहुरा भएका छन् । उनका बुबालाई त्यसपछि झन मानसिक र आर्थिक बोझ थपिएको छ । छोराछोरीका

बुबाले आमाको पनि माया दिने प्रयास गरेका छन् तर आमाबाट बच्चाले प्राप्त गर्ने शिक्षादीक्षा, नैतिक मूल्य मान्यताबाट बञ्चित भएको र त्यसको अभावले पीडा बोकेका परिवारको व्याख्या यस कथामा गरिएको छ ।

### ३.१५.१ नारी मातृत्व

'अभागी' कथामा चार वर्षकी छोरी र दश वर्षका छोराले आमालाई गुमाएर टुहुरा भएका छन् । जुनसुकै परिवारमा पनि वावुलाई गुमाएर छोराछोरी टुहुरा हुँदैनन् तर आमा गुमाएका छोराछोरी टुहुरा हुन्छन् भन्ने धारणा छ । यस कथाका छोराछोरीले आमाको माया ममता, शिक्षादिक्षा, नैतिक मूल्यमान्यता पाएका छैनन् । 'साथीहरूको आमाले एकपटक मात्र मलाई अँगाली मारेर छोरी भने पनि कस्तो हुन्थ्यो जस्तो लाग्थ्यो तर छोरी भनेर बोलाएको सुन्ने इच्छा मेरा लागि सपना झैं अधुरो नै भयो (मधुपर्क, २०६९ :३९) ।' आमाको मायाले बच्चालाई जुनसुकै विषयमा थप ऊर्जा दिएर सशक्त बनाउँछ । आमासँग बस्न नपाएर छोरीले आफूलाई अभागी भनेकी छन् । यस कथाका पुरुष पात्र छोराछोरीका बुबाले उन्ले गर्ने सबै कर्तव्य पूरा गर्न खोजेका छन् तर आमाको मातृत्व बुबाबाट पूरा हुँदो रहेनछ भन्ने कुरा यस कथामा प्रष्ट पारिएको छ ।

### ३.१५.२ नारी स्वनिर्भरता

यस कथाकी चार वर्षकी छोरीलाई उनका बुबाले ज्याला गरेर, भारी बोकेर खर्च जुटाएर पढाएका छन् । छोरीले पनि सङ्घर्ष गरेर पढेर प्रथम स्थान हासिल गरेकी छन् । 'म आफ्नो सर्टिफिकेटको नम्बर देखेर खुशी हुन्थें फेरि उत्तिखेर खुशी आँसु बनेर बग्थ्यो । यो मेरो परिश्रम नभएर बुबाको हातको पसिना र ठेला हो जस्तो लाग्थ्यो (मधुपर्क, २०६९ :३८) ।' यस कथाकी छोरी उच्चशिक्षा हासिल गरेर सर्जीकलको राम्रो डाक्टर भएकी छन् । नेपाली समाजमा नारी पनि पुरुष सरह डाक्टर भएर समाज सेवा गरेर आत्म निर्भर बनेकी छन् । राम्रो शिक्षादीक्षा पाएपछि छोरी पनि छोराको जस्तो आट साहस हुँदैन भन्ने पितृसत्तात्मक समाजलाई उदाहरण बनेकी छन् । विकट गाउँकी गरीबकी छोरी भए पनि आत्म निर्भर भएर आर्थिक रूपले सबल हुने काम गरेकी छन् ।

### ३.१५.३ लैङ्गिक समानताको आग्रह

महिला पुरुष एक अर्काको अभिन्न परिपूरक र विकल्परहित प्राणी हुन् । एकको अभावमा अर्कोले मात्र मानवीय अस्तित्वलाई निरन्तरता दिन सक्दैनन् 'अभागी' नामक कथामा छोराछोरीको आमाको मृत्यु भएपछि, परिवारमा बुवालाई शारीरिक, मानसिक, प्रत्येक क्षणमा नैसर्गिक अधिकारका रूपमा आफ्नो त्याग, समर्पण र कर्तव्य भाव देखाउने नारी युगौंयुगकी श्रद्धा हुन् । नारी विना पुरुषको जीवनको कल्पना पनि गर्न सकिदैन । त्यस्तै पुरुष विना नारीको जीवनको पनि कल्पना गर्न सकिदैन । नारी पुरुष दुवै समान रूपले जीवनका हरेक पाइलामा अगाडि बढेमा समाजमा सकारात्मक परिवर्तन आउँछ । यस कथाकी नारी पात्रको अकालमा मृत्यु भएपछि पारिवारिक जीवनमा सामाजिक, आर्थिक परिवर्तन आएर छोराछोरीलाई मानसिक असर पर्छ र पुरुष पात्रको अन्तिममा मृत्यु हुन्छ । 'सबै नदीको तीन किनार जस्तै भएर छुट्टिनु पर्‍यो । दैव पनि कति निष्ठूरी रैछ, नियतिको खेललाई धिक्कार्न मन लाग्यो (मधुपर्क, २०६९ :३९) ।'

## ३.१६ 'लीला बहिनी'-रेणुका थापा सोलु (२०६९ फागुन, पूर्णाङ्क-५२५)

'लीला बहिनी' कथा कथाकार रेणुका सोलुद्वारा रचित एक नारी रचना हो । नारी पात्रको प्रमुख भूमिका रहेको कथामा पुरुष पात्रको पनि संलग्नता रहेको छ । यस कथामा लीला बहिनीले दुई तीन वर्षमै बुबालाई गुमाएर टुहुरी भएकी छन् । दाजु भाइ पनि छैनन् । उनकी दिदी र बहिनी घर व्यवहारमा परि सकेका छन् । आमालाई पालेर बस्ने पनि उनको बाध्यता थियो । पितृसत्तात्मक समाजमा पुरुषको अभाव उनको परिवारमा भएको छ । पुरुष माथि आश्रय लिएर बाँचिरहेका नेपाली नारीको जीवन पुरुषको वियोगमा व्यवहार मिलाई दिने अभिभावकको अभावमा एक्लो जिन्दगी पीडादायक तरिकाले बिताएर अकालमा ज्यान गुमाउनु परेको विषयलाई यस कथामा रचना गरिएको छ । यस कथामा पितृसत्तात्मक सामाजिक संरचनामा छोरा नजन्मेको परिवारमा, कर्तव्यबोध गरेर जिम्मेवारी निर्वाह गर्ने बुबाको मृत्यु भए पछि २/३ वर्षको उमेरमा टुहुरी भएकी छोरीले सामाजिक, आर्थिक भेदभावलाई सङ्घर्षमय तरिकाले पन्छाउँदै गर्दा गर्दै ब्रेन ट्युमर भएर अकालमा ज्यान गुमाउनु परेको छ ।

### ३.१६.१ नारीलाई सामाजिक मान्यता नहुनु

हाम्रो समाजपूर्ण रूपमा पितृसत्तात्मक रही आएको छ । यस्तो सामाजिक संरचनामा पुरुष र महिलालाई गर्ने व्यवहार फरक-फरक हुन्छ । महिलालाई दोस्रो दर्जाको नागरिक ठानिएको हुन्छ । यस अवस्थामा पुरुषका हरेक आचरणले सामाजिक मान्यता पाएका हुन्छन, तर नारीको आचरण सकारात्मक भएर पनि त्यसले मान्यता पाएको हुँदैन । लीला बहिनी कथामा उनको बुबाको मृत्यु भएपछि उनकी आमा र उनले सामाजिक सङ्घर्ष गर्नु परेको छ । 'मैले पनि विवाह गरें भने आमाको विजोग हुन्छ दिदी, म आमा पालेर बस्छु, विहे गरेर मात्रै ठूलो को भाको छ र ? (मधुपर्क, २०६९ :२८) ।' आमालाई आश्रय दिनका लागि छोरीले विवाह नगरी बस्न बाध्य छन् । आफन्त सबै शिक्षित हुनेखाने भएपनि उनलाई मतलब गरेका छैनन् ।

### ३.१६.२ नारी आर्थिक हैसियतहीनता

'लीला बहिनी' कथामा उनका बुबाको मृत्युपछि ठूलो आर्थिक सङ्कट पर्छ । छोराछोरीको शिक्षादीक्षा, पालनपोषण अन्य सम्पूर्ण कर्तव्य निभाउनका लागि उनकी आमाले आर्थिक समस्या भोगिराखेकी छन् । आर्थिक रूपमा कमजोर महिलालाई समाजले हेर्ने दृष्टिकोण नै फरक रहेको हुन्छ भन्ने कुरा 'लीला बहिनी' कथामा देखाइएको छ । नारी आर्थिक रूपमा सक्षम नहुँदासम्म समाजमा उसको बोली बलियो बन्न सक्दैन । लीला हात र मुख गलुञ्जेल बोलाई रहिन, ऊ त्यसको पर्वाह गर्दैन । अनि मैले सोधे त्यो भाइ को त ? मेरो वडा बाको छोरा नि (मधुपर्क, २०६९ :२८) ।' लीला बहिनी बिरामी भएर अप्रेसन गर्नु पर्दा पनि आफ्नै वडाबाका छोराछोरी र बडाबाले सानो भन्दा सानो सहयोग पनि गरेका छैनन् । आफन्तहरू सधै सम्पन्न वर्ग भित्र भए पनि तिनीहरू बिच ठूलो मानवीय विपन्नताको खाडल देखिन्छ । यस कथामा नारी पात्र आर्थिक रूपले सक्षम नभएको कारणले समाजमा उसको बोली पनि विकेको छैन । समाजमा महिलाको कमाई नभएको पुरुष साक्षीको रूपमा भए पनि अगाडि उपस्थिति गराउनु पर्ने देखिन्छ ।

### ३.१६.३ पितृसत्तात्मक सोच

पितृसत्ता एक यस्तो सामाजिक व्यवस्था हो जस अन्तर्गत पिता अथवा कुनै पनि पुरुष प्रधान भई परिवारका सबै सदस्य सम्पत्ति र आर्थिक साधनमाथि आफ्नो नियन्त्रण

राख्दछ । उनीहरूको व्यक्तित्व विकास गर्नका लागि कुनै अवसर प्रधान गरिएको हुँदैन ! यस्तो सामाजिक संरचनामा पुरुषको आश्रयमा बाँचेका महिलाहरू पुरुषको अनुपस्थिति अथवा मृत्यु भएपछि महिलाले भोग्न परेको पीडालाई यस कथामा चित्रण गरिएको छ। 'मैले भने जसले कर्तव्यबोध गरेर जिम्मेवारी निर्वाह गर्छ त्यही हो बाबु, त्यही हो आमा अनि त्यही हो आफ्नो मान्छे (मधुपर्क, २०६९ :२९) ।' पितृसत्तात्मक सोचलाई तोडेर महिला पुरुष दुवै समान रूपले अगाडि बढेको अवस्थामा, महिलाहरू सशक्त भएर पुरुषको अनुपस्थितिमा पनि सकारात्मक र सहज तरिकाले जीवन निर्वाह गर्न सक्छन् ।

## ३.१७ 'अध्यारो भविष्य'-उषा शेरचन (२०६९ चैत, पूर्णाङ्क-५२६)

'अध्यारो भविष्य' कथा उषा शेरचनद्वारा रचित एक नारी रचना हो । यस कथामा नारी पात्र र पुरुष पात्र दुवैको भूमिका रहेको छ। हाम्रो समाजमा नवजात शिशुले आमाको काखलाई नै पहिलो पाठशाला ठान्दछ । आमाले बालकलाई उमेर अनुरूप सम्पूर्ण बानी व्यवहार कर्तव्य, आदर सत्कार माया ममता दिएर हुर्काएकी हुन्छिन् । यस कथाका छोरा लागू पदार्थको दुर्व्यसनीमा फसेका छन् । आमा बुबा जतिबेला नि व्यस्त भएको कारणले छोरालाई घरमा काम गर्ने हेरविचार, शिक्षादीक्षा, आदर प्रोत्साहनको कमी भएको देखिन्छ । आमाले चाहिने भन्दा बढी माया गरेकी र बाहिरी वातावरणलाई बुझाउन नसकेको विषयलाई यस कथाले प्रष्ट्याएको छ ।

### ३.१७.१ नारी मातृत्व

मातृत्व भनेको सन्तान प्राप्तिपछि आमामा विकसित हुने एक प्रकारको संवेदना, भावना वा विशेषता हो । मातृत्व आमा र बच्चाबीचको सामाजिक र कानुनी रूपले परिभाषित अभिभावकीय सम्बन्ध पनि हो । 'चाहिने भन्दा बढी माया नगर नफुर्क्याउ, फजुल खर्च नदेऊ भन्दा मानिनौ, अब त्यसैको फल भोग फेरि मतर्फ फर्कदै भन्यो मत हैरान परिसके भाउजू (मधुपर्क, २०६९ :२१) ।' यस कथामा आमाको चाहिने भन्दा बढी माया ममताले छोरा दुर्व्यसनमा फसेको छ । आफ्नो सन्तान यसरी विद्यालय जानै छोडेर साथीको संगतमा गाँजा, चुरोट, रक्सी आदि लागूपदार्थ सेवन गरेर उसलाई दुर्व्यसन हटाउने नाम चलेको संस्थामा राखिन्छ । यस संस्थामा आमाको मातृत्व भित्र माया र मोह दुवै हुन पर्दो रहेछ भन्ने बुझिन्छ । 'माया गर्ने बेलामा माया गर्ने, कठोर हुने बेलामा कठोर हुन

जान्नु पऱ्यो नि (मधुपर्क, २०६९ :२१) ।' सन्तानको भविष्य उज्जल र अध्यारो बनाउनेमा आमाको ठूलो हात हुन्छ भन्ने कुरालाई यस कथामा देखाइएको छ ।

## ३.१८ 'स्मृति'-सुषमा मानन्धर (२०६९ चैत, पूर्णाङ्क-५२६)

'स्मृति' कथा कथाकार सुषमा मानन्धरद्वारा रचित एक नारी रचना हो । नारी पात्रको प्रमुख भूमिका रहेको कथामा पुरुष पात्रको पनि संलग्नता रहेको छ । यस कथाकी नारीपात्र रञ्जनाका श्रीमान्ले पढ्ने बेलाकी साथी 'स्मृति'को शारीरिक वनावटमा आकर्षित भएर यतिका वर्षपछि पनि उनैलाई रातभरि सम्झना गरिराखेका छन् । घरमा गुलाफ जस्ती श्रीमती हुँदाहुँदै उनले स्मृतिलाई बिर्सन सकेका छैनन् । संयोगले 'स्मृति' रञ्जनाकी साथी भएकी छन् । स्कुले जीवनको धेरै वर्षपछि 'स्मृति आज रञ्जनाको घर आउँदैछन् । राता गाला भएकी, पुष्ट छाती र छचल्किदो बैस भएकी नारी मात्रै भोग गर्न पाए हुन्थ्यो भन्ने पुरुषको नारीप्रतिको शारीरिक आकर्षण र यौन सुख सन्तुष्टि चाख्दै हिँड्ने पुरुष पात्रले नारीलाई खेलौनाको साधन ठान्ने सोचको विकास भएका पुरुषको मनोवृत्ति बारे यस कथामा मुख्य विषयवस्तु बनाएर प्रस्टाइएको छ ।

### ३.१८.१ यौन स्वतन्त्रता

समाजनिर्मित लिङ्ग भेद जुन छ त्यो नारीका निमित्त विभेदकारी रहेको छ । आफ्नो यौनसाथी रोज्ने, बदल्ने आदि इत्यादि कुरामा जति पुरुष स्वतन्त्र छन् त्यत्तिकै मात्रामा महिला स्वतन्त्र छैनन् । स्मृति कथामा कथाका पुरुष पात्र रञ्जनाका श्रीमान्ले घरमा गुलाफ जस्ती सुन्दरी श्रीमती हुँदाहुँदै स्मृतिको शारीरिक बनावटमा आकर्षित भएका छन् । उनले यौन साथीका रूपमा स्मृतिलाई चयन गर्न खोजेका छन् । विवाहित पुरुषले आफ्नी घरकी श्रीमती भन्दा केटी साथी स्मृतिसँग बढी जिस्कने र मनोरञ्जन गरेका छन् । रञ्जनाका लोग्नेले स्मृतिप्रति समर्पित भएका छन् । अहिले ऊ कस्ती देखिँदी हो । उसले कस्तो प्रतिक्रिया गर्ली, म मनमनै आफ्नो तबरले सम्भावित भेटघाटको तानावाना बुन्दै थिएँ (मधुपर्क, २०६९ : २९) । यौन स्वतन्त्रताको कारणले नै रञ्जनाका श्रीमान् हेमन्तले घरकी श्रीमतीलाई भन्दा केटी साथी स्मृतिलाई राम्री देखेको विषयलाई यस कथामा प्रस्तुत गरिएको छ ।

### ३.१८.२ पुरुषको स्वेच्छाचारी प्रवृत्ति

'स्मृति' कथामा रञ्जना नामक नारी चरित्रसँग सम्बन्ध जोडेका हेमन्त नामक पुरुष चरित्रले घरमा गुलाफ जस्तै सुन्दरी, आज्ञाकारी, अफिसमा काम गर्ने सर्वगुण सम्पन्न श्रीमती हुँदाहुदै 'स्मृति'को रूप र शारीरिक आकर्षणमा आकर्षित भएर रातभरी उनैको कल्पनामा निद्रा परेको छैन । उससँगको कुराकानीमा नजानिँदो तवरले मेरो चोर दृष्टि हल्का गुलाबी सिफनको सारीमा उक्सेको उसका छातीमाथि अल्मलिरहेका थिए (मधुपर्क, २०६९ :३०) । घरकी अत्यन्तै रूपमती श्रीमती रञ्जना हुँदाहुँदै स्मृतिको शारीरिक आकर्षणमा आँखा लगाउँछन् । यस कथाका विवाहित पुरुष पात्र हेमन्तले घरकी श्रीमतीको इच्छा चाहनालाई वास्ता नगरेर आफ्ना स्वइच्छाले स्मृतिसँग शारीरिक सम्बन्ध राख्ने इच्छा गरेका छन् । 'उसैलाई मैले धेरैपटक आफ्नो वेड छेऊ सर्वाङ्ग देखेको थिएँ, एकान्तमा उसैलाई सम्झेर आफ्नो कल्पना रँगाएको थिएँ' (मधुपर्क, २०६९, चैत : २९) । आफू एक विवाहित पुरुष हुँ भन्ने बिर्सेर आफ्नै श्रीमतीको साथीसँग शारीरिक सम्बन्ध राख्न खोजेको छ । यो अवैध यौन तृप्तिको सुविधा समाजमा पुरुषलाई भए पनि महिलालाई छैन ।

सर्वगुण सम्पन्न भएकी रञ्जनाका श्रीमान्ले आफ्नी स्वास्नीको चोखोमाया र त्यागलाई बिर्सेर अर्की नारीको शारीरिक वनावटलाई मन पराएर शारीरिक सम्बन्ध राख्ने कल्पनामा विभिन्न क्रियाकलाप गरेका छन् । उनको यस्तो स्वेच्छाचारी कार्यलाई पुरुष हुनुको योग्यताले विकसित पुरुषको मनोमानी प्रवृत्तिबाहेक अरु केही भन्न सकिँदैन ।

### ३.१८.३ नारी शक्ति

सुषमा मानन्धरद्वारा रचित स्मृति नामक कथामा यस कथाका पुरुष पात्र हेमन्तले घरकी श्रीमतीको शारीरिक सम्बन्धलाई बिर्सेर बाहिरको महिला साथी स्मृतिलाई राम्री देखेका छन् । यौन सन्तुष्टि चाख्दै हिँड्ने स्वभावका पुरुषले विभिन्न बाहनामा होटल रेष्टुरेन्टमा भेट्न थालेका छन् । मैले तपाईंलाई आजसम्म बिर्सेको छैन । म भावुक भए रेष्टुराको एउटा एकान्त क्षणमा एकदिन मैले उसको हात आफ्नो ढुकढुकीमाथि राख्दै भने । ऊ बोलिन्, चुपचाप आफ्नो ओठको कुना ढाक्दै मलाई हेरीरही (मधुपर्क, २०६९ : ३१) ।

हेमन्तले आफ्नी श्रीमती घर नभएको मौका पारेर, स्मृतिसँग उनको घर गएर शारीरिक सम्बन्ध राख्न खोज्दा विभिन्न कुरा खेलाएर संस्कार ऊनीसँग युद्ध गर्दै थियो । त्यत्तिकैमा ऊनी ढोकाबाट फर्कन्छन् । संयोगले उनकी श्रीमती रञ्जना हवाइजहाज उड्न

नसकेर त्यही साथी स्मृतिको कोठामा बसेकी हुन्छिन् । नारी शक्तिको कारणले नै यस कथामा हेमन्तले आफ्नी श्रीमतीको शक्तिले गर्दा अर्को नारी स्मृतिसँग सम्बन्ध राख्नलाई उनको मनमा बाधा आउँछ । श्रीमतीको मायालु अनुहार र मप्रतिको विश्वासले मेरो बाटो छेक्दै थियो (मधुपर्क, २०६९ : ३१) ।

## ३.१९ 'मलान'-सञ्जु बजगाईं (२०७०-वैशाख, पूर्णाङ्क-५२७)

'मलान' कथा सञ्जु बजगाईंद्वारा रचित कथा हो । नारी पात्रको प्रमुख भूमिका रहेको यस कथाका पुरुष पात्रको पनि संलग्नता रहेको छ । यस कथाकी नारीपात्र १५ वर्षको उमेरमै क्रान्तिमा लागेकी छन् । रोग, भोक र रहरहरू पूरा गर्न विपन्नताको कारणले क्रान्तिमा लागेकी छन् । जीवनमा धेरै समस्याको स्रोत विपन्नता हो । गरीबीको रेखामुनि रहेको हाम्रो देशका जनता सबै गरीब छन् । सोही कारण देशमा क्रान्ति छाएको छ । १५ वर्षकी बालिका क्रान्तिको बेलामा जेल परेकी छन् । जेलमा शारीरिक यातनाबाट बल्लबल्ल बचेर परदेशको भूमिमा आएकी छन् । पुरुषप्रधान समाजमा स्वतन्त्रता र समानताको खोजी गर्दा विभिन्न शारीरिक, मानसिक, सामाजिक, आर्थिक पीडा खपेर, भोक, रोग, अभाव, शोक, रोग, अभाव, शोषणको मृत्यु जस्ता थरीथरीका मृत्युलाई झेल्दै स्वास बोकेर परदेशमा पनि ट्रेन दुर्घटनामा परेर मृत्युको मुखबाट बाँचेकी छन् । नारीहरू देशमा होस् वा विदेशमा, घरभित्र वा बाहिर कुनै न कुनै माध्यमबाट शोषण र दमनमा परिरहेका हुन्छन् भन्ने कुरालाई मुख्य विषयवस्तु बनाएर यस कथाको रचना गरिएको छ । यस कथामा विपन्नताको कारणले सोझासिधा नारी स्वदेशमा अथवा विदेशमा कसरी शोषित भएका छन् भन्ने कुरा प्रष्टाइएको छ ।

### ३.१९.१ नारी स्वनिर्भरता

मलान कथामा नारी पात्रले पुरुषले जस्तै विदेशी भूमिमा पलायन भएर आफू तथा आफ्नो परिवारलाई आर्थिक रूपले सबल बनाउने काम गरेकी छन् । 'आफ्नो त ब्वाई फ्रेन्ड कता हो कथा भ्यालेनटाइनको रोमान्स नभए पनि ढिलोसम्म कम गरेर थप पैसा कमाएकाले खुशी थियो मेरो मन पनि' (मधुपर्क, २०७० : २०) । नारी पात्रले विदेश गएर यसरी आत्मनिर्भर भएर पैसा कमाउने काम गरेकी छन् । उनी आफ्नो खुट्टामा आफै उभिएर सशक्त भएकी छन् । पितृसत्तात्मक संरचनामा हुर्केकी किशोरी अर्काको देशमा गएर पुरुष

सरह आयआर्जन गरेकी छन् । छोरी मान्छेमा छोराको जस्तो आँट र साहस हुँदैन भन्ने पितृसत्तात्मक सोच बोकेको समाजलाई चुनौती दिएकी छन् । नारी स्वयम् आत्मनिर्भर बनेर आफ्नो भविष्य आफैले बनाउने काम गरेकी छन् । नेपाली नारीले विदेशमा विदेशी नियम कानून, समय र अनुशासन ध्यान दिँदै सशक्त भएकी छन् ।

### ३. १९.२ नारीलाई सामाजिक मान्यता नहुनु

यस कथाकी बालिका १५ वर्षको उमेरमै क्रान्तिमा लागेर रोग, भोक र रहरहरू पूरा गर्छु भन्ने हिम्मत गरेकी छन् । नेपाली समाजमा टाठाबाठाहरू लुके, भागे सोझासिधा यस्ता नारीहरू जेलमा कोचिए । समाजमा नारीको कुनै मान्यता छैन । नारीका लागि समाजमा छुट्टै खालको सोचको विकास भएको छ । सामाजिक नियमको बन्धनमा यस कथाकी नारी पनि परेकी छन् । विपन्नताको कारणले देशमा क्रान्ति ल्याएको छ । यस कथाकी नारी सामाजिक र आर्थिक समस्यालाई पार लगाउन नसकेर जेलमा बस्न बाध्य भएकी छन् । समाजमा भुडी भरिएका र खाना नपाउनेहरूको खाडल ठूलै देखिएको छ । 'फुसको छानो भित्र हाम्रो चिसो चुल्हो जलाउने आधार खोज्न होमिएकी थिए म । तर भुडी भरिएकाहरूले त्यो सह्य भएन तिनले फलामे साँग्लोको नेल हालेर जेलमा कोचिदिए मलाई मेरो तरुनी देहको चिरफार गरे' (मधुपर्क, २०७० : २१) ।'

### ३.१९.३ पितृसत्तात्मक सोच

यस कथाकी नारी पात्रले सानै उमेरदेखि गरिबीको कारणले सामाजिक, आर्थिक, मानसिक पीडा भोग्दै आफ्नो देशमा जेलमा शारीरिक, मानसिक कष्ट भोगेर चौबीस वर्षको उमेरमा विदेशमा पुग्छिन् । अचानक रेल दुर्घटनामा परेर हस्पिटलमा भर्ना गरिएको हुन्छ । उनलाई हाम्रो देशको पितृसत्तात्मक संरचनाको नियम कानून र विदेशको नियम कानूनमा धेरै फरक पाउछिन् । हल्दार त परको कुरा, मौका परे पावरवाला अफिसका पालेसँग दोहोरो कुरा गर्न डर मान्नुपर्ने देशकी मन्छे म अर्काको देशको डाक्टर, मन्त्रीको छोरासँग साक्षात् कुरा गर्दै थिए (मधुपर्क, २०७० : २२) । महिला, पुरुषमा भेदभाव, ठूलो सानोमा भेदभाव, धनी गरिबमा भेदभाव यी सबैले निम्ताएका समस्याको कारण नै पितृसत्तात्मक सामाजिक संरचनाले हुर्काएको सोच हो भन्ने चित्रण यस कथामा गरिएको छ ।

## ३.२० 'आँधीबेहरी'-शशिकला मानन्धर (२०७० जेठ, पूर्णाङ्क-५२८)

'आँधीबेहरी' कथा कथाकार शशिकला मानन्धरद्वारा रचित एक रचना हो । नारी पात्रको प्रमुख भूमिका रहेको यस कथामा पुरुष पात्रको पनि संलग्नता रहेको छ । नेपाली भाषा साहित्यकी चर्चित साहित्यकार शशिकला मानन्धरले आँधीबेहरी कथामा स्वार्थी प्रेमलाई देखाएकी छन् । यस कथाकी नारीपात्र महिमा र पुरुष पात्र विपुलको स्वार्थी प्रेमले नारीको जीवन समस्यामा परेको सन्दर्भलाई केलाइएको छ । तीन वर्ष पहिला महिमा र विपुलको प्रेम भएको थियो । समाजमा चलिआएको पुरुषको महिलाप्रतिको यौनिक तथा दैहिक आकर्षणले महिलाको जीवनमा आइ पर्ने समस्यालाई यस कथामा चित्रण गरिएको छ । महिमाको जीवनमा भयानक आँधिबेहरी आएर उनलाई अपाङ्ग बनाएको छ । अपाङ्ग भएको थाहा पाएर महिमालाई विपुलले जीवन साथीको रूपमा स्वीकार्न सक्दैनन् । अपाङ्ग नारीलाई प्रेमीले नस्वीकारेको विषयलाई मुख्य विषयवस्तु बनाएर कथाको रचना गरिएको छ ।

### ३.२०.१ पुरुषको स्वेच्छाछारी प्रवृत्ति

आँधिबेहरी कथामा विपुल नामक पुरुष पात्रले महिमा नामक नारी पात्रसँग प्रेम गरेका छन् । कथामा उनको स्वेच्छाचारी प्रवृत्तिलाई देखाएको छ । महिमाको कुरा सुनेर उनले एक क्षण त सोच्नै सकेनन् । 'एउटा स्तन काटिएकी महिमाको त्यो छाती सम्झेर ऊ फेरि कहालियो, महिमालाई जीवन साथीको रूपमा स्वीकार गर्न उसको मन हठात तयार भएन (मधुपर्क, २०७० : ३१) ।' हाम्रो समाजमा पुरुषले जे गरे पनि हुन्छ भन्ने सोचको विकास भएको हुन्छ सबै नागरिकमा, सबैमा यस्ता सोचले जरा गाडेको छ । यस्ता सामाजिक मान्यता प्रदान गरेको समाजमा पुरुष स्वेच्छाचारी बन्न सक्ने अवस्था न आउला भन्न सकिन्न । यस कथामा पुरुष पात्रको मायामा स्वार्थ लुकेको छ । साँचो प्रेम गरेको भए महिमालाई जीवन साथी बनाउने थिए, तर बनाउन सक्दिन भनेका छन् । पुरुषको यस्तो स्वार्थी प्रेम र महिमामाथि मनोमानी गर्ने प्रवृत्तिबाट महिला र पुरुषको सम्बन्ध दिगो नरहनुका साथै महिमाले पुरुषमाथि कहिल्यै पनि विश्वास गर्न नसक्ने वातावरणको सिर्जना भएको छ । 'त्यसो भए महिला अब हामी साथीसाथी मात्र है ? म तिमीसित बिहे गर्दिन नेभर माइन्ड, यति भनेर विपुलले महिलाको हातबाट आफ्नो हात छुटायो (मधुपर्क, २०७० :

३१) ।' शिक्षित पुरुष भएर पनि नारी माथि स्वेच्छाचारी व्यवहार गरेको विषयलाई यस कथामा देखाइएको छ ।

### ३.२०.२ यौन स्वतन्त्रता

शशिकला मानन्धरद्वारा रचित 'आँधिबेहरी' नामक कथामा महिमाका प्रेमी विपुलले महिमा अपाङ्ग भएपछि उनलाई विवाह गर्दिनँ भनेका छन् । एक विना अर्को बाच्न नसक्ने जोडी विपुलले महिमाको एउटा स्तन काटिएर अपाङ्ग भएको थाहा पाएपछि उनीसँग छुट्टिएका छन । 'हेर भोलि शनिवार, हामी दुवैको बिदा, एक चोटी भेटेर कुरा गरौंन, मलाई भन कारण के हो ? त्यो कारण तिमीले मलाई नभनेसम्म म तिमीलाई डिस्टर्व गरिरहन्छु (मधुपर्क, २०७० : २९) ।' नारीको गोप्य अंग स्तन काटिएको थाहा पाएपछि उनले महिमालाई स्वीकारेका छैनन । यस कथाका पुरुष पात्रको माया प्रेम जीवनसाथी बनाएर जीवन बिताउनाका लागि नभएर यौन सन्तुष्टिका लागि गरेको देखिन्छ । पुरुष पात्रले आफ्नो चाहनापूर्ति गर्नका लागि अर्को बाटो रोजेका छन् । यो कथाका दुवै पात्र शिक्षित भए पनि पुरुष पात्रले यौन सन्तुष्टिका लागि नै नारीको स्तन काटिएर दुर्घटनामा परेपछि चटक्क माया मारेका छन् । समाज निर्मित लिङ्ग भेद जुन छ त्यो नारीका निम्ति विभेदकारी रहेको छ । आफ्नो यौन साथी रोज्ने बलल्ने आदि इत्यादि कुरामा जति पुरुष स्वतन्त्र छन् भने त्यत्तिकै मात्रामा महिला स्वतन्त्र हुन सकेका छैनन् । 'महिमा यो कुरा म कसैलाई भन्दिनँ है, आफ्नै मनमा राखि रहन्छु, अब म जाउँ है, भन्दै विपुल जवाफै नसुनि मेचबाट जुरुक्क उठेर गयो (मधुपर्क, २०७० : ३१) ।' यस कथाका पुरुष पात्र विपुलले प्रेमलाई यौनका दृष्टिले मात्र हेरेर, उनकी प्रेमिका महिमालाई स्तन काटेको थाहा पाए पछि चटक्क छोडेर हिँडेको विषयलाई यस कथामा प्रस्तुत गरिएको छ ।

### ३.२०.३ नारी स्वनिर्भरता

आँधीबेहरी कथाकी नारीपात्र महिमा एम.एस्सी उत्तीर्ण गरेकी एक शिक्षित नारी हुन् । उनको जीवनमा कथानक आँधीबेहरी आएर अपाङ्ग भएकी छन् । दुर्घटनामा उनको एउटा स्तन काटिएर फालिएको छ । महिमा अपाङ्ग भएको कुरा आफ्नो प्रेमीलाई भन्न डराएकी छैनन् । शिक्षित महिला भएकै कारणले उनको सोच सशक्त भएको छ । उनी आत्मनिर्भर भएर आफ्नो जीवनको निर्णय आफै गरेकी छन् । जीवनमा जे परे पनि आफ्नो

खुट्टामा आफैं उभिएर बाँच्न सक्छु भन्ने उनमा आत्मविश्वास छ । 'के जवाफ देला उनले ? मेरो कुरा सुनेपछि पनि उसले मसँग नै बिहे गर्न तयार भए, म विपुललाई आदर्श पुरुष मान्छु । आदर्शवान व्यक्ति फेला पार्न निकै गाह्रो छ भन्ने सुन्छु । यसमा होइन हजारमा एउटा होला भन्छन् । भोलि हेर्छु विपुल आदर्शवान व्यक्ति हुनसक्छ कि सक्दैन (मधुपर्क, २०७० : ३०) ।' यस कथाकी नारी महिमा आत्मनिर्भर भएर अगाडि बढेकी छन् । उनको सोच र निर्णय गर्ने क्षमता सशक्त भएकोले, प्रेमीले उनलाई जीवनसाथी बनाउन नस्वीकारे पनि धैर्यता लिएर स्वनिर्भर भएर बाचेकी छन् । 'विपुल तिमीले केही बोलेनौ भन मलाई के भन्नु छ अप्ठेरो कुरा भए पनि भन, म सुन्न तयार छु । हामी पहिला प्रेमी भएपनि अब हामी साथि पनि त हुन सक्छौ नि होइन ? (मधुपर्क, २०७० : ३१) ।' महिमाको जीवनको यस्तो गम्भिर निर्णय सुनेर पनि विचलित भएकी छैनन् । विपुल आदर्शवान पुरुषको सूचीमा परेनन् मलाई उनले स्वीकार गरेनन् ठिकै भयो । अन्तिममा आत्मबल लिएर भनेकी छन्, जीवनमा फेरि अर्को आँधीबेहरीकी सामना अब मैले गर्न परेमा यही ठूलो कुरा भयो मेरा लागि ।

## ३.२१ 'शहर भित्रको एउटा कथा'-सरु पोखरेल (२०७०जेठ, पूर्णाङ्क-५२८)

'शहर भित्रको एउटा कथा' कथाकार सरु पोखरेलद्वारा रचित एक नारी रचना हो । नारी पात्रको प्रमुख भूमिका रहेको यस कथामा पुरुष पात्रको पनि संलग्नता रहेको छ । समाजले नारीको त्यागमय सङ्घर्ष तथा भूमिकालाई कहिल्यै पनि उचित मूल्य दिन सक्दैन भन्ने कुरालाई मुख्य विषयवस्तु बनाएर कथाको रचना गरिएको छ । कथामा प्रमुख नारी पात्र हजुरआमा प्यारालाइसिस भएर थला परेकी छन् । उनको परिवारमा छोरा बुहारी र एउटा नाती अनि घरको काम धन्दा सघाउन राखेकी सुन्दरी नामक नारी पात्र छन् । कथामा प्रमुख नारी पात्र समाजको प्रतिनिधित्व गरेको प्रतिनिधि पुरुष पात्रले आफ्नै छोराबाट पीडित बन्न परेको देखाइएको छ । उनका छोराले उनलाई एउटा बन्दकोठामा राखेर उनको कुनै पनि कर्तव्य ननिभाइकन आफूहरू उनीदेखि टाढा भएको महशुस गराएको छ । उनको चार वर्षको नाति कोठामा पस्दा पनि छोराले झर्को फर्को गरी अनैतिक भाषा प्रयोग गरेर उनलाई मानसिक तनाव दिएका छन् । मुखले बोल्न नसक्ने, हिँड्न उठ्न बस्न नसक्ने प्यारालाइसिस भएर जतिबेला सुकै बिस्तारामै लडिराखेकी आमाप्रति कठोर निष्ठुरी व्यवहार गरेका छन् । सुन्दरी र नाती मात्र आमाको कोठामा पस्छन् । माया दया त त्यस्तै हो छोराको बोलि सुन्न पनि आमालाई रहर भएको छ । आमाले मुखले केही बोल्न सक्दिनन् ।

जतिवेला ति विगतका दिन सम्झेर छोराका बाल्यकाल सम्झेर अहिले बोझ भएको देखेर आँखा रसाई राखेका छन् । मानसिक तनाव दिएर हेला गरेर राखेकी आमालाई अन्तिममा स्याहार केन्द्रमा पुऱ्याएको छ अन्तिममा एकान्तमा पुऱ्याएर उनलाई आर्थिक, भौतिक तथा मानसिक सहयोगबाट वञ्चित बनाएको विषयलाई यस कथामा चित्रण गरिएको छ ।

### ३.२१.१ नारी मातृत्व

'शहर भित्रको एउटा कथा' नामक कथामा यस कथाकी नारी पात्र प्यारालाइसिस भएर थला परेर विस्तारामा लडेपछि छोरा बुहारीको आश्रयमा बोझ भएर दिन बिताइ राखेकी छन् । उनले छोरा सानो हुने बेलाका सम्झना गर्छिन् 'सुन्न खोज्यो हजुरसँग, हजुरकै थालको भात मिठो, बारिखेत छोरा सधै पछिपछि, कहिलेकहीँ त झर्को मान्थिन उनी, (मधुपर्क, २०७० : ३४) ।' यसरी उनले छोरो काखमा हुने बेलाका दिन सम्झेकी छन् । जुनसुकै आमाले पनि आफूले दुःख सहेर छोराछोरीका लागि सङ्घर्ष गरेका हुन्छन् । यस कथाकी नारीले पनि आफ्नो छोरालाई शिक्षित बनाएकी छन् । नारी मातृत्वले गर्दा नै बच्चाले उचित शिक्षादीक्षा नैतिक, मूल्य मान्यता, सामाजिक, सांस्कृतिक व्यवहार सिकेका हुन्छन् । छोरालाई हुर्काउँदा बढाउँदा जस्तो सुकै कठिन परिस्थिति आए पनि छोराले प्रगति गरेको देख्दा उनले नारी मातृत्वको सार्थकता बोध गरेकी छिन् ।

### ३.२१.२ नारी मातृत्वको अवमूल्यन

'शहर भित्रको एउटा कथा' कथामा यस कथाकी नारी पात्रले छोराको उज्जवल भविष्यका लागि, खेतबारीमा हातका नङ्ग्रा खियाएर भारी बोकेर जे जस्तो त्याग र सङ्घर्ष गरिन त्यो सब उनी प्यारालाइसिसको बिरामी भएर थला परेपछि भताभुङ्ग भएको छ । छोराले आमाको सङ्घर्ष, दुःख पीडा, माया ममतालाई बुझ्न नसकी आमालाई आफ्नो माया ममता एवम् कर्तव्यबाट टाढा राखेका छन् । छोराको एक वचन बोलि सुन्न पनि आमालाई रहर भएको छ । छोराछोरीका लागि आमाले आफ्नो सर्वस्व त्याग गरेर हुर्काएका हुन्छन् । 'रसाएको आँखाले उसैलाई देखिरहे । उसले पनि एक झलक हेऱ्यो तर ती आँखाले कुनै संवाद गरेनन् ऊ नाक उचाल्दै छोरो बोकेर बाहिरियो (मधुपर्क, २०७० : ३४) ।' यसरी छोरा सानो हुने बेलामा नुनिला आँसु खाएर हुर्कीएकी आमालाई अपमान गरेर मानवताको व्यवहार गरेको छैनन् । 'के गर्ने त विष खुवाउनु भएन, यसैगरी कति झेल्नु पर्ने हो,

(मधुपर्क, २०७० : ३५) ।' नेपाली समाजमा शहरिया जीवनको साइनोमा छोरा भएर अन्तिममा आमालाई 'स्याहार केन्द्र'मा पुऱ्याएको छ ।

## ३.२२ 'उत्तरार्द्धको प्रेम'-लक्ष्मी उप्रेती (२०७०, पूर्णाङ्क-५२८)

'उत्तरार्द्धको प्रेम' नामक कथा कथाकार लक्ष्मी उप्रेतीद्वारा रचित एक नारी रचना हो । नारी पात्रको प्रमुख भूमिका रहेको यस कथामा पुरुष पात्रको पनि संलग्नता रहेको छ । पितृसत्तात्मक समाजमा कुनै पनि परिवारमा पुरुष नहुँदा मृत्यु भएमा पुरुषको आश्रयमा बाँचेका नारीले भोग्न परेका सामाजिक आर्थिक, मानसिक समस्यालाई यस कथामा मुख्य विषयवस्तु बनाएर रचना गरिएको छ । नेपाली समाजमा एकल महिलाप्रतिको यौनिक आकर्षणले महिलाको जीवनमा पार्न सक्ने प्रभावलाई पनि वर्णन गरिएको छ । यस कथामा नारीपात्रको छोरी जन्मेपछि लोग्नेको मृत्यु भएको छ । चार/पाँच वर्षकी छोरी र उनी बेसहारा भएका छन् । घरका अर्धबैसे ससुरा र बिहे नभएको देवरका अस्वाभाविक क्रियाकलाप, गिद्धे दृष्टिबाट बाँच्न खोज्दा अभावका दिनहरू शुरु भएका छन् । उत्तरार्द्धको प्रेम कथाकी नारी पात्रले अभाव र असुरक्षाले डस्न थालेपछि उनी जन्मेको भूमि ब्रिटेनमा छोरी लिएर गएर, छोरीको भविष्यका लागि सङ्घर्ष गरेकी छन् । छोरीले जन्म अनि कर्म दिने आमालाई अपमान गरेकी छन् । नारी मातृत्वको कर्तव्यलाई पालना गरेकी छैनन् । छोरीले बिहे गरेपछि आमालाई वास्ता नगरेकाले नारीपात्रले एक जना पुरुष साथीसँग मित्रता गाँसेकी छन् । ब्रिटिस सरकारको सुव्यवस्थित नियम कानूनको छातामुनि र त्यो सामाजिक संरचनामा छोरीको लालनपालन, शिक्षादीक्षा र उनको जीवन अभावयुक्त स्थितिबाट मुक्त पाएको विषयलाई यस कथाले चित्रण गरेको छ । अन्तिम अवस्थामा मात्र यस कथाकी नारी पात्र प्रेममा बाँचेकी छन् ।

### ३.२२.१ पुरुषको स्वेच्छाचारी प्रवृत्ति

'उत्तरार्द्धको प्रेम' नामक कथामा कथाकी नारी पात्रका लोग्नेको अचानक मृत्यु भएपछि आमा छोरीको जीवन दुर्घटित हुन पुगेको छ । समाजमा एकल महिलाले सहयोग पाउनाको साटो परिवारका अरु पुरुष सदस्यको गिद्धे दृष्टिबाट शारीरिक तनाव लिएर अभावमा बाच्न बाध्य भएकी छन् । 'एकदिन त घरमा ससुरा नभएको मौका पारेर मैले थाहै नपाई देवरले आफ्ना वलिष्ठ पाखुरामा मलाई च्याप्प कसेर जवरजस्ती ... । धन्न ससुरा

त्यस क्षण घर आइहाल्नु भयो, नत्र ... त (मधुपर्क, २०७० : ५३) ।' विधवा महिलामाथि परिवारकै अन्य पुरुष सदस्यले शारीरिक आकर्षणलाई यौनका दृष्टिले हेरेपछि महिला पात्र र उनको छोरीको जीवन पीडादायक बनेको छ । यसरी यस कथामा देवरले भाउजूलाई च्याप्प समातेर बलात्कार गर्न खोजेका छन् । कानूनमा नै यस्तो अधिकार दिएको छ कि जस्तो व्यवहार गरेका छन् । समाजमा पुरुषले विधवा महिलालाई देखेर हेपेका छन् ? पुरुषले जे गरे पनि हुन्छ भन्ने सोचको विकास भएको कारणले नै यस कथामा पुरुषको स्वेच्छाचारी व्यवहार देखाएको छ । 'जे जस्तो भए पनि आइमाईका लागि लोग्ने हुनु भनेको सुरक्षाको कवच  रहेछ । त्यही लोग्ने नभएपछि आइमाईलाई बाँच्न कति गाह्रो, बाफ रे बाफ ! ।

### ३.२२.२ नारी मातृत्व

'उत्तरार्द्धको प्रेम' नामक कथामा नारी पात्रले विवाह गरेर भर्खर छोरी तिन चार वर्षकी हुँदा उनको लोग्नेको मृत्यु भएर विधवा भएकी छन् । विधवा भएपछि परिवार अनि समाजले शारीरिक, मानसिक, आर्थिक रूपमा एक्लो पारेको परिस्थितिमा पनि छोरीलाई उचित शिक्षादीक्षा दिन र पालन पोषण गर्नका लागि लन्डन पुग्छिन् । जस्तो सुकै पीडादायक समयलाई पनि पार गरेकी छन् । छोरीको मायाले, नारी मातृत्वले गर्दा नै यस्तो सहनशील क्षमता बढेको देखिन्छ । सन्तानको कर्तव्य पूरा गर्नाका लागि आमाले जस्तो सुकै चुनौतीलाई पनि भत्काउन तयार भएकी छन् । 'ब्रिटिस सरकारको सुव्यवस्थित नियम कानूनको छातामुनि बिस्तारै बिस्तारै व्यवस्थित भए पनि छोरीको लालनपालन, शिक्षादीक्षा र मेरो जीवनको अभावयुक्त स्थितिबाट मुक्त भए, विधवा भएपछि (मधुपर्क, २०७० : ५३) ।' यो कथाकी नारीले आफू कुनै सम्मान तथा माया ममता नपाएर आफूप्रति बनेको अवस्थामा उनले चाल्न सक्ने कदमहरू उनको आर्थिक रूपमा सहज हुन सजिलो थिएन तर उनले आफ्नी छोरीको लागि आफूलाई समाल्ने प्रयत्न गरेकी छन् ।

### ३.२२.३ नारीको आर्थिक हैसियतहिनता

'उत्तरार्द्धको प्रेम' नामक कथामा यस कथाकि नारी पात्र विधवा भएपछि बेसहारा बनेकि छन् । उनको जीवनमा विपन्नता आएको छ । आर्थिक रूपमा कमजोर महिलालाई समाजले हेर्ने दृष्टिकोण, गर्ने व्यवहार फरक रहेको हुन्छ भन्ने कुरा देखाइएको छ । नारी आर्थिक रूपमा सक्षम नहुने हो भने समाजमा उसको बोलि पनि सक्षम हुँदैन । अरु

लेनदेनको व्यवहार त त्यस्तै हो । बोलिको व्यवहार पनि गर्न मान्दैनन् । यसरी अभावले दिनदिनै घेर्ने क्रम बढेपछि नारी पितृसत्तात्मक समाजमा आर्थिक हैसियतहिन भएर बाँच्न बाध्य छन् । 'लामो श्वास तानी र आँखामा भरिएका आँसु हातले पुछि अनि पीडाका भावहरूमा मुस्कुराउँदै अतितमा फर्किन थाली (मधुपर्क, २०७० : ५३) ।' 'यसरी समाजले पुरुषलाई आर्थिक क्षेत्रमा पहिलो हैसियतमा राखेर महिलालाई पछाडि पारेको हुन्छ भन्ने विषयलाई यस कथामा प्रस्टाइएको छ ।

### ३.२२.४ नारी स्वनिर्भरता

'उत्तरार्द्धको प्रेम' नामक कथामा नारी पात्रले छोरीको पालनपोषण, शिक्षादिक्षाका लागि विदेशमा गएर काम गरेर आफू आत्मनिर्भर बनेकी छन् । विदेशीभूमिमा जुधेर एक्लो भईकन आफूमाथि आएका सम्पूर्ण समस्याको समाधान गरेकी छन् । 'गुजरात नै मेरो लागि विरानो भएपछि आशाको केन्द्रबिन्दु ब्रिटन सम्फे, त्यही जन्मिएकि हुनाले ब्रिटेनसँग मेरा अस्तित्व गासिने नै भयो (मधुपर्क, २०७० : ५३) ।' यस कथाकी एकल नारी पुरुष सरह आर्थिक रूपमा बलियो बनि विदेशी भूमिमा गएर सङ्घर्ष गरेर सशक्त बनेकि छन् र आफूले गर्नु पर्ने सम्पूर्ण कर्तव्य र जिम्मेवार निभाएकी छन् ।

### ३.२२.५ नारी मातृत्वको अवमूल्यन

'उत्तरार्द्धको प्रेम' नामक कथामा नारी पात्रले छोरीको उज्ज्वल भविष्यको लागि जे जस्तो त्याग र सङ्घर्ष गरिन त्यो सब छोरी पुरुष साथी बनाएर बिहे गरेपछि भताभुङ्ग भयो । छोरीले आफ्नी आमाको माया ममता र भावना बुझ्न नसकी आमालाई आफ्नो माया र कर्तव्यबाट टाढा राखेकी छन् । 'छोरी बढ्दै गई, अभावबाट मुक्त हुँदै गए तर म टुक्रदै गए । छोरीले साथी बनाएर आफ्नो मात्र जीवन निस्फिक्री बाँच्न थालि (मधुपर्क, २०७० : ५३) ।' बिहे गरेपछि आमाको छेउमा न छोरी आइन्, त नातिनातिना नै आउन दिइन् । यस कथाकी छोरीले आमाको ममतालाई नबुझेर आमालाई बिचलित बनाएकि छन् । अन्तिम अवस्थामा नारीपात्रले जोनसँगको मित्रता गाँसेकि छन् ७० वर्षको उमेरमा जोनसँगको भेटले आत्मबल बढाएर उत्तरार्द्धको प्रेम कसिलो भएको छ ।

## ३.२३ 'स्वप्निल संसार'-सुशीला देउजा (२०७० असार, पूर्णाङ्क-५२९)

'स्वप्निल संसार' नामक कथा कथाकार सुशीला देउजाद्वारा रचित एक नारी रचना हो । यस कथामा नारी र पुरुष पात्रको बराबर भूमिका रहेको छ । यस कथाकी नारीपात्र भावना र उनका श्रीमान् अनि छोराछोरी डीभी चिट्ठा परेर सपनाको देश अमेरिकामा गएका छन् । मानव जातिको एउटा लहट या उच्च महत्त्वकांक्षा प्राप्त सुखलाई भुलाउँदै सपनाको संसार पौडन र रमाउन खोजेका छन् । सामाजिक संरचनामा हुर्केका मानिस अमेरिकामा गएर त्याहाको परिवेश सबै बुझ्रेर त्यसमा समाहित हुन कति गाह्रो रैछ र त्यहाँका कठिन परिस्थितिलाई सङ्घर्ष गरेर सामना गरेका विषयलाई यस कथामा रचना गरिएको छ ।

नेपाली समाजका मानिस जे काम गर्दा पनि अर्काको भरमा पर्ने बानी परेका विशेष गरी महिलाहरू पुरुषकै आश्रयमा बाँचेका हामी र अमेरिकाका बासिन्दाको बानीमा आकाश जमिनको फरक भएका विषयलाई पनि यस कथामा देखाउन खोजिएको छ । समयलाई महत्त्व दिएर जुनसुकै काम नागरिक जस्तो सुकै काम गर्न पनि पछि हटेका  छैनन । हाम्रो देशका नारीको तुलनामा त्याहाका अशक्त वृद्ध नारी पनि आत्मबल लिएर अगाडि बढेका छन् उनीहरू जस्तोसुकै कामलाई पनि सहज ढङ्गले समाधान गरेका छन् । सपनाको संसारको देश अमेरिका गएका यस कथाका पात्रले काम गर्ने जति साना र काम नगर्ने जति ठूला मनस्थिति राख्ने नेपालीको बानीले देश विकासमा बाधा पुऱ्याएको कुरा उल्लेख गरेका छन् । अमेरिकामा सबैले काम गर्ने संस्कारले गर्दा पनि होला यो देश विकासको चुचुरोमा पुगेको जस्तो लाग्छ । नेपाली समाजमा हुर्केका मानिस अमेरिकाको समाजमा गएर त्यहाँको समाजमा पाएको भिन्नतालाई नै यस कथामा उल्लेख गरिएको छ ।

### ३.२३.१ पितृसत्तात्मक सोच

पितृसत्तात्मक सामाजिक संरचनाले गर्दा हरेक मानिसहरूको सोचाई र व्यवहार पुरुषका केन्द्रीयतामा आधारित रहेको हुन्छ । एउटा पुरुषको आश्रयमा अरु सबैले जीवन धानेका हुन्छन् । पितृसत्ता एक यस्तो सामाजिक व्यवस्था हो जस अन्तर्गत पिता अथवा कुनै पनि पुरुष प्रधान भई परिवारका सबै सदस्य सम्पत्ति र आर्थिक साधनमाथि आफ्नो नियन्त्रण राख्दछ । 'स्वप्निल संसार' कथामा यस कथाका पात्रहरू डी.भी चिट्ठा परेर अमेरिकामा गएका छन् र त्यहाँको परिवेश र नेपाली परिवेशमा आकाश जमिनको फरक पाएका छन् ।

'अर्कालाई अऱ्हाएर खानी बानी लाएका हामी, यहाँ आई काम गर्नुपर्दा केकेन गरे जस्तो भई रहेछ जे काम गर्दा पनि अर्काको भरमा पर्ने बानी परेको हामी र यहाँको वासिन्दाको बानीमा आकाश जमिनको फरक छ (मधुपर्क, २०७० : ३८) ।' यसरी पुरुष प्रधान नेपाली समाजमा हुर्केका मानिसको सोचले गर्दा विकास भएको आनीबानी परिवर्तन गर्नलाई अमेरिकामा गाह्रो परेको छ । नेपाली समाजको सामाजिक संरचनाले गर्दा नेपालमा विकास भएको मानसिकतामा काम गर्ने जति साना र काम नगर्ने ठूला भन्ने मनस्थितिले अमेरिका गएका मानिसमा शारीरिक, मानसिक, सोचमा नकारात्मक विचार आएर विदेशको समाजमा समाविष्ट गर्न गाह्रो परेको छ । 'सुन्दा अचम्म लाग्यो यहाँ सबैले काम गर्ने संस्कारले गर्दा पनि होला यो देश विकासको चुचुरोमा पुगेको जस्तो लाग्छ (मधुपर्क, २०७० :३९) ।' यस्तो पितृसत्तात्मक सामाजिक मनोवैज्ञानिक असर सम्पूर्ण नेपालीमा परेको छ ।

यस कथाकी नारी पात्रले पनि आफ्नो देशमा हुने बेलामा पुरुषको आश्रयमा बाँचेकी छन् र कुनै पनि कठिन काम गरेकी छैनन् । डीभी चिट्ठा परेर अमेरिका गएपछि बच्चा स्याहार्ने काम गर्नु परेको छ र त्यहि कामबाट आयआर्जन गरेकि छन् । पितृसत्तात्मक समाजमा रहेर बाहिरी काम भन्दा घरको कामलाई बढी प्राथमिकता दिँदै घर भित्रै अनुत्पादक काम गरेर बसेकी नारीको सोचलाई अमेरिकामा सङ्घर्ष गर्न गाह्रो परेको विषयलाई यस कथामा चित्रण गरिएको छ ।

### ३.२३.२ नारी स्वनिर्भरता

'स्वप्निल संसार' नामक कथामा विदेशमा भएकी एक अशक्त वृद्धा नारी माक्स लगाएर गाडी हाकेकिछन् उनी आमा जस्तो लागेर नेपालीले म केही मद्दत गरु की भनी सोधछन् । ती महिलाले अशक्त भनेर उनलाई हेपे जस्तो मानेकी छन्, त्यहाँका नारीहरूको सोच सशक्त देखिएको छ । यस कथामा उनीहरूलाई नसक्ने, अशक्त भनेको रुचाउँदैनन् । अमेरिकाको सामाजिक संरचनाले गर्दा नै नारीलाई स्वनिर्भर बन्न थप टेवा दिएको छ, 'म केही मद्दत गरु भनी सोधेछन्, ती महिलालाई अशक्त भनी हेपेजस्तो लागेछ र रिसाउँदै साच्चिकै मद्दत गर्न मन छ भने मलाई काम देऊ भन्छिन् (मधुपर्क, २०७० :३९) ।' अमेरिकाकि नारी आमा जस्तै वृद्ध अशक्त भएर पनि आफ्नो काम गर्न कत्तिपनि गाह्रो मानेकि छैनन् । यसरी वृद्ध अवस्थामा पनि पुरुष सरह आर्थिक रूपमा बलियो बनेर आफूमाथि परि आएको सम्पूर्ण उत्तरदायित्व बहन गर्न सकेकी छन् । सक्रिय भएर

आयआर्जन गर्ने काममा जुटेकी छन् । यसरी पैसा आर्जन गर्ने काममा नारी वृद्धवृद्धा, असक्त सबै सक्रिय छन् । 'सुन्दा अचम्म लाग्यो यहाँको यही सबैले काम गर्ने संस्कारले गर्दा पनि होला यो देश विकासको चुचुरोमा पुगेजस्ती लाग्छ (मधुपर्क, २०७० :३९) ।' यस कथामा विदेशि आत्म निर्भर भएका महिलालाई देखेर नेपाली नारीले पनि विस्तारै बानी पर्दै छन् र उनमा आत्म विश्वास पनि बढ्दै छ भन्ने विषयलाई चित्रण गरिएको छ ।

## ३.२४ 'प्रश्नहरूको पहाडमुनि'-नीरा शर्मा (२०७०, पूर्णाङ्क-५३०)

'प्रश्नहरूको पहाडमुनि' नामक कथा कथाकार नीरा शर्मा रचित एक नारी रचना हो । नारी पात्रको प्रमुख भूमिका रहेको कथामा पुरुष पात्रको पनि संलग्नता रहेको छ । यस कथाकि नारी पात्र विपन्नताले गर्दा आर्थिक समस्या परेर केही आर्जन गर्न विदेश गएकी छन् । विदेशमा गएर विभिन्न दुःख पीडा खपेर आफू आर्थिक रूपमा आत्म निर्भर बन्ने प्रयास गरेकी छन् । विदेशमा गएर सङ्घर्ष गरेकी नारीले एक्लोपनको अनुभवले मानसिक रूपमा पीडित भएकी छन् । एक्लोपनको अनुभव र विदेशको सङ्घर्ष घरदेशको आफ्नो मान्छेलाई फेसबुक च्याट गरेर बताउनाले आफ्नो मान्छेको उपस्थितिले उनलाई थकाइमा स्फूर्ति उर्जा दिएको विषयलाई मुख्य विषयवस्तु बनाएर यस कथाको रचना गरिएको छ ।

'प्रश्नहरूका पहाडमुनि' कथामा अझ गहिरिएर विश्लेषण गर्दा एक्काइसौ शताब्दीमा यस कथाकी नारीपात्र आत्मनिर्भर भएर स्वदेशमा मात्र न बसेर विदेशमा गएर पैसा कमाउने काम गरेकी छन् । विदेश जानका लागि आफ्नो मान्छेको माया र आफ्नो मातृभूमिको मायालाई छाडेर जान आट गरेकी छन् । विदेशिभूमिमा गएर त्यहाँको चालचलन अनुसार सङ्घर्ष गर्न बाध्य भएकी छन् । हाम्रो समाजमा सम्पूर्ण आर्थिक सन्दर्भमा पुरुषको एकाधिकार कायम रहेको हुन्छ जति पनि उत्पादक कामहरू छन् ती पुरुषका एकलौटी बनेका छन् । नारीका जिम्मामा जति कामहरू छन् ती अनुत्पादक ठहऱ्याइएका छन् । यस्तो सामाजिक संरचनाको नियमले बाधेको समाजमा हुर्केकी यस कथाकी नारीले आँट साहस र आत्मविश्वासका साथ विदेशमा गएर दुःख मेहनत गरेर फलामको गिटी कुटेर आत्मनिर्भर बनेकि छन् । विदेशमा सङ्घर्ष गर्दा आफ्नोपन हराएका नमीठा अनुभव आफ्नो मान्छेलाई फेसबुक च्याटमा भनेको विषयलाई यस कथामा चित्रण गरिएको छ ।

### ३.२४.१ नारीको आर्थिक हैसियतहिनता

'प्रश्नहरूका पहाडमुनि' नामक कथामा आर्थिक रूपमा कमजोर महिलालाई समाजले हेर्ने दृष्टिकोण नै फरक रहेको हुन्छ भन्ने कुरा देखाइएको छ । आर्थिक कारणले गर्दा महिलाले सानो भन्दा सानो काम पनि आफ्नो इच्छाले गर्न पाउँदैनन् आफ्ना इच्छा आकाङ्क्षा मनभित्र दमित रहन्छन् । मनका इच्छा मन भित्रै दबाएर राखेर कुन्ठित भएर परिवार र समाजमा बाच्न बाध्य छन् । उनीसँग कसैले पनि लेनदेनको व्यवहार गर्न मान्दैनन् । यस्ता खालका समस्यालाई पार गर्न खोज्दा मानसिक तनाब लिएर समाजमा निम्नस्तरको भूमिका निभाउनु पर्छ । यस कथाकी नारीपात्रलाई समाजमा आर्थिक हैसियत नभएपछि आफ्नो देशको आफ्नोपनलाई पन्छाएर पैसा कमाउनका लागि विदेश गएकी छन् । 'तिमी भाग्यमानी हौ, माटोको स्वादमा जीवन बाँच्छौ, आफ्नोपनमा रमाउँछौं र त्यही खुशीमा मुस्कुराउँछौ, तर म यहाँ सुनको खोजमा नुन चपाउँछु (मधुपर्क, २०७० :२८) ।' माथि लेखिएकी वाक्यमा विदेशमा पैसा कमाउन गएकी नारीले कठोर सङ्घर्ष गर्न परेको छ र आफ्नोपन हराएको टर्रो नमीठो अनुभव सुनाएको विषयलाई यस कथामा रचना गरिएका छन । 'नुनको सोझो गर्दागर्दै थाक्छु' दिक्क हुन्छु र लुसुक्क बाथरुम छिरेर नुनिलो आँसु बगाउँछु मन अमिलिन्छ, मुहार धमिलिन्छ, अनि अलिकति जोगाएर राखेकी मुस्कान पनि हराएर जान्छ (मधुपर्क, २०७० :२८) ।' 'प्रश्नहरूका पहाडमुनि' कथामा विदेशमा गएर आय आर्जन गरेकि महिलाले सङ्घर्ष गर्ने बेलामा आफ्नो मातृभूमिलाई सम्झेर आफ्नो मान्छेलाई प्रश्न गर्ने क्रममा प्रश्न कै पहाडमुनि हराएकी छन् ।

### ३.२४.२ नारी स्वनिर्भरता

'प्रश्नहरूको पहाडमुनि' कथामा नारी पात्रले विदेशी भूमिमा गएर कामदारका काम गरेर आफू आत्मनिर्भर बनेकी छन । पैसा कमाउनका लागि आफ्नो देश र आफ्नो मान्छेको माया मारेर विदेश गएकी छन् । आँट, सहास र आत्मबल लिएर अर्काको देशमा गएर आर्थिक रूपमा सशक्त भएर आफ्नो खुट्टामा उभिएकी छन् । 'हेर म त धन्न यति टाढा परदेशमा छु, त्यो पनि एक्लोपनको धनले फलामको गिट्टी कुट्दैछु (मधुपर्क, २०७० :२८) ।' आर्थिक रूपमा बलियो बनि सशक्त भएकी नारीले विदेशमा एक्लोपनको अनुभव गरेकी छन् । उनलाई आफ्नो मातृभूमि र आफ्नोपनको सम्झनाले सताएको छ । छोरीमान्छे घर छाडेर चारकोष पर निस्किदा पनि प्रश्न चिन्ह खडा हुने समाजलाई चुनौती दिँदै यस

कथाकी नारी पात्र साहसका साथ विदेश गएर पुरुष सरह आर्थिक रूपमा बलियो बनि आफूमाथि परि आएको सम्पूर्ण उत्तरदायित्व बहन गर्न सकेकी छन् । नेपाली नारीले विदेशी भूमिमा गएर त्यहाँको परिवेश, संस्कार, सभ्यता, संस्कृति, नियम, कानून आदिको पालना गरेर घोलमेल भएकी छन् ।

यस कथाकी नारीमा पितृसत्तात्मक सामाजिक संरचनाको सोचलाई त्यागेर आफू आयआर्जन गरेर आत्मनिर्भर बन्ने भावनाको विकास भएको पाइन्छ । नारी आर्थिक रूपमा सबल भएपछि परिवारका अन्य सदस्यलाई पनि र समग्र समाजलाई आर्थिक रूपमा अगाडि बढाउने विषयलाई टेवा दिन्छ भन्ने कुरा सकारात्मक तरिकाले लिन सकिन्छ । यस कथाकी नारीले विदेशमा गएर पैसा कमाउँदा गरेको सङ्घर्षलाई यसरी व्यक्त गरेकी छन् । के यो मुलुक उसले कल्पना गरे जस्तै सुनको चिउरा सजिलै चपाउन सकिने मुलुक हो । के म साँच्चै सुनको चिउरा चपाइरहेकी छु त ? विदेशि भूमिमा अरुले कल्पना गरे जस्तो सजिलो छैन, त्यहाँको परिवेशमा सजिलै घुलमेल हुन सकिन्न र धेरै दुःख कष्ट पीडा सहेर धैर्यता अपनाएर मात्र आत्मनिर्भर बन्न सकिन्छ भन्ने कुरा यस कथाकि नारी पात्रले कथामा चित्रण गरेकी छन् ।

## ३.२५ 'शून्य सपना'-सलोजा (२०७० साउन, पूर्णाङ्क-५३०)

'शून्य सपना' नामक कथा कथाकार सलोजाद्वारा रचित एक नारी रचना हो । नारी पात्रको प्रमुख भूमिका रहेको कथामा पुरुष पात्रको संलग्नता रहेको छ । यस कथाकी नारी पात्रले देखेको सपनालाई मुख्य विषयवस्तु बनाएर रचना गरिएको यस कथामा नारीपात्रलाई आत्महत्या गर्न मन लागेको छ । यो कुरा उनले फेसबुकवालमा स्टाटसमा अपडेट गरेकी छन् । त्यस्तो स्टाटस देखेर धेरैको प्रतिक्रिया आएको छ । शून्य सबै भन्दा प्रिय लाग्ने नारीले तीन दशक काटेकी छन् । उनलाई सपनामा मृत्यु नजिक आएजस्तै लागेको थियो । उनले आमालाई सम्झेकी छन् । सानै हुँदा बासको साँघुबाट चिप्लिएर खोलामा लडेको बेलामा, आमाले ज्यानको बाजी राखेर उनलाई बचाएकी थिइन् उनलाई त्यसैले मृत्युदेखि डर लागेको थिएन । अब उनको जिन्दगीमा स्वेच्छिक अबकासको समय पनि आएको बताएकी छन् । अन्तिममा फोन आउँछ केटाको आवाज बोल्यो । सरु तिम्रोसामु उपस्थित हुन सकिन प्रतिक्षामा धेरै वर्ष बिताएको छु, तिमीले महशुस गरेको हुनुपर्छ । त्यसपछि नारीपात्र सरु झसङ्ग भएर व्युझिएकी छन् । यो संसार छोड्दै गरेको सपना देख्दा पनि कम रमाइलो

थिएन । पुरुष पात्रको आवाज उनको मन मस्तिष्कमा घुमिरह्यो त्यो भन्दा पनि रमाइलो लाग्यो उनको रहर र स्वतन्त्रताको सम्मान गर्छु भनी धोद्रो आवाज, आकाशमा उड्ने चराहरूसँग रम्ने र शून्यतामा हराउने त सपना मात्र रहेछ ।

'शून्य सपना' कथामा हाम्रो समाजमा सामाजिक संरचनामा नारीहरू स्वतन्त्रताबाट बञ्चित छन् त्यस्तै नारी पात्रले आत्म हत्या गर्न मन लागेको सपना देखेकी छन् र अन्तिममा उनको रहर स्वतन्त्रताको सम्मान गर्छु भन्ने धोद्रे आवाज आए पछि व्यूँझिएकी छन् । यस कथामा पितृसत्तात्मक सामाजिक संरचनामा नारीहरू स्वतन्त्रताबाट बञ्चित छन् । नारीलाई सामाजिक मान्यता छैन, आर्थिक हैसियत उच्च छैन । मानसिक रोगी भएर आत्महत्या गर्न बाध्य छन् र त्यस्तै सपना देखेको विषय मुख्य विषयवस्तु बनाएर यस कथाको रचना गरिएको छ ।

### ३.२५.१ नारी स्वतन्त्रताबाट बञ्चित

पितृसत्तात्मक सामाजिक संरचनामा नारीहरूको मूल्य मान्यता र अस्तित्वको कुनै ख्याल गरिदैन । नारीका हरेक इच्छा चाहनालाई कुण्ठित गराइएको हुन्छ । समाजमा नारीलाई पुरुषको मुठ्ठीभित्रको माखो बनेर बाँच्न विवश तुल्याइन्छ । हरेक सन्दर्भको मूल धारमा पुरुष पहिलो हैसियत अथवा केन्द्रमा बसेर नारीको अस्तित्वलाई किनारमा पुऱ्याउने गरेको छ । शून्य सपना नामक कथामा पितृसत्तात्मक समाजमा नारीलाई कस्तै पनि स्वतन्त्रताको अधिकार नभएको कुरा देखाइएको छ । यस कथाकी नारीको रहर स्वतन्त्रता भएर बाँच्नु छ । 'मान्छेका चाहना फरक-फरक हुने रहेछन् । त्यसैले त भनिन्छ नि संसार विचित्र छ आफ्नै चाहना संझिएर खित्का छाडेर हाँस्न मन लाग्यो (मधुपर्क, २०७० :३६) ।' अरुको दबाब सहेर बस्नु भन्दा उन्ले आत्महत्या गर्न मन लागेको सपना देखेकी छन् मर्नु र बाँच्नुमा खासै अन्तर पनि देखिदैन भनेकी छन् । नेपाली समाजको सामाजिक संरचनामा नारीलाई स्वतन्त्रताबाट बञ्चित पारिएको हुनाले जीवनका विभिन्न कालखण्डमा भिन्न-भिन्न भूमिकामा प्रस्तुत भई सोही अनुसारको भूमिका पनि उसले निभाउनु पर्ने हुन्छ त्यसैले यो समाज देखेर विरक्त भएर उनले आत्महत्या गर्न मन लागेको सपना देखेको विषयलाई मुख्य विषयवस्तु बनाएर यस कथाको रचना गरिएको छ । समाजमा नारीहरू स्वतन्त्रताबाट बञ्चित भएर आत्महत्या गरेका छन् गर्न बाध्य छन् । मानसिक रोगी भएर आत्महत्या गर्न मन लागेकी सपना देखेकी नारीको विषयलाई यस कथामा उल्लेख गरिएको छ । उनका

प्रेमीले धेरै वर्ष प्रतीक्षामा बिताएका छन् उनले स्वतन्त्रता खोजेकी छन्, अहिले मृत्यु र जीवन बुझेर पनि मलाई मृत्युको डर लागेको छैन (मधुपर्क, २०७० :३७) ।'

### ३.२५.२ नारी मातृत्व

'शून्य सपना' नामक कथाकि नारी पात्र सरुले आत्महत्या गर्न मन लागेको सपना देखेकी छन्, 'दिदीले रिसाउँदै फोन गरि मैले नढाँटी भने-आज आत्महत्या गर्न मन लागेछ (मधुपर्क, २०७० :३७) ।' सपनामा यस्तो कल्पना गरेपछि सरुले आफ्नी आमाको सन्तानप्रतिको माया ममता र त्यागमय सङ्घर्षलाई आत्मैदेखि चिन्तन मनन गरेकी छन् । 'मलाई जिन्दगी दिने उनै हुन् तर मृत्युको निर्णय एक्लै लिदै छु । उनीप्रति अन्याय भएको महशुस पनि गरे (मधुपर्क, २०७० :३७) ।' आफूलाई गर्भमा राखेर जन्माएर, हुर्काएर सन्तान वयस्क अवस्थामा पुगिन्जेलसम्म आमाको सन्तानप्रतिको लगाव अनि माया ममता रातिभर पनि नघट्ने तर सन्तानको भने आमाबाबुप्रति कस्तो झुकाव, अनुभव उनीसँग रहेको छ । 'मावल जादै गर्दा बाँसको साँघुबाट चिप्लिएर झोलुङ्खोलामा झरेको बेला आमाले आफै ज्यानको जोखिम मोलेर मलाई बचाएकी थिइन् (मधुपर्क, २०७० :३७) ।' आत्महत्या गर्न मन लागेको सपना देखेपछि सरुले आमाको मातृत्वलाई भावुक भएर सम्झना गरेकी छन् । आफ्नो बच्चाप्रतिको आत्मीय मायाममता आमा बनेपछि नारी जीवन सार्थक भएको अनुभूति, सन्तानलाई हुर्काउदा बढाउँदा आइपरेका कठिन सङ्घर्षका पलहरू जस्ता नारी जीवनमा गाँसिन आइ पुग्ने विविध पक्षहरूलाई जोडेर आमाको सन्तानप्रतिको मातृत्वको गहिराईलाई व्यक्त गरेकि छन् । जन्म दिएकी आमालाई आत्महत्या गर्न मन लागेपछि जीवन बारे एक पटक सोध्न पर्ने हो भनेर सोच विचार गरेकी छन् । 'मेरी अनुपस्थितिमा आफन्त र साथीहरूले केही दिन अभावको महशुस गर्लान केही समयसम्म आमाबुबा नमजाले रोलान् हुर्काउँदै गर्दा देखेका सपना आफै आँखा अघि एकै पटक झर्याम्म फुट्दा अर्धचेत होलान् (मधुपर्क, २०७० :३७) ।' उनलाई मर्न मन लागेको सपनाले नारी मातृत्वलाई अन्याय हुने कुरा गरेकी छन । सन्तान हुर्काउन, बढाउन सभ्यता संस्कार कर्तव्य सिकाउन नारी मातृत्वको असीम देन रहेको चेतना यस कथामा पाइएको छ ।

### ३.२५.३ लैङ्गिक समानताको आग्रह

यसरी समाजले प्रत्येक व्यक्तिबाट लिङ्ग अनुसार भूमिका नखोजी नरनारीको बीचमा सीमा रेखा नकोरिदिने हो भने लैङ्गिक विभेदरहितको समाज निर्माण हुने थियो । महिला र पुरुष जैविक रूपमा साना ठूला हुदैनन् । नारी पात्र सरुको मनभरी अन्तरद्वन्द्व चलेको छ । उनले भनेकी छन् केही रहरहरू थिए त्यतिकै हुने भए 'तर अन्तिम दिन रमाइलो त गर्नुपर्छ, बाँचुन्जेल रमाउनुपर्छ । रमाइलो मान्ने मनले हो कि आँखा र मुखले हो । जहाँ गए पनि मन नरमाएपछि के को रमाइलो (मधुपर्क, २०७० :३७) ।' शून्य सपना नामक कथामा पितृसत्तात्मक समाजमा नारीहरू पुरुष सरह स्वतन्त्र हुन सकेका छैनन् भनिएको छ । जैविकताको कोणबाट हेर्दा मात्र महिला र पुरुष फरक-फरक तत्व हुन् तर यी दुवै मानव हुन दुवैलाई समान दृष्टिबाट मानवताको व्यवहार गरियोस् । कथाकी नारीपात्रले स्वतन्त्रता खोजेकी छन् । स्वतन्त्रतासहित निर्वाध रूपमा मर्न चाहेको सपना देखेकी छन् । पितृसत्तात्मक सामाजिक संरचनामा विवाह गरेपछि स्वतन्त्रता खोसिन्छ कि भनेर सरु डराएकी छन् यस समाजमा सामाजिक मान्यता हुँदैन र आफ्ना रहर र इच्छा आकाङ्क्षा दमित गराएर राख्न पर्ने हो कि भनेर सोचेकी छन् र त्यस्तो कुण्ठित हुन भन्दा स्वतन्त्र रूपमा आत्महत्या गर्न मन लागेको सपना देखेकी छन् । 'एउटा धोद्रे परेको केटाको आवाज खुल्यो, सरु म तिम्रो प्रतिक्षामा धेरै वर्ष बिताएको छु । हाम्रो स्वतन्त्रता खोसिदैन रहरहरू साझा हुनेछन् इच्छाहरूको सम्मान हुनेछ । यही समाजमा हामी दुवैको छुट्टै संसार हुने छ (मधुपर्क, २०७० :३७) ।' रुढिवादी पुरुषप्रधान समाजको पर्खाललाई तोडेर छुट्टै संसार बनाउने कुरा सरुका प्रेमले गरेका छन् यसरी तर नारी दुवै समान रूपले अगाडि बढेमा नारीको स्वतन्त्रता खोसिदैन, रहरहरू साझा हुन्छन्, सामाजिक मान्यता हुन्छ भनेर यस कथामा चित्रण गरिएको छ । 'त्यो भन्दा रमाइलो लाग्यो मेरो रहर र स्वतन्त्रताको सम्मान गर्छु भन्ने धोद्रे आवाज । शब्द चयन र संयोजित मिलेको प्रतिवद्धता, शून्यतामा उड्नु भन्दा बढी आनन्द आउने क्षण बन्यो (मधुपर्क, २०७० :३७) ।' सामाजिकरणको प्रक्रियामा महिला र पुरुष दुवै मानव भएर स्वतन्त्र रूपमा सहभागी हुन सकुन् भन्ने भाव यस कथामा व्यक्त गरिएको छ । स्वतन्त्रताको सम्मान गर्छु भन्ने धोद्रे आवाजले यो समाजकी नारीको मनमा मानसिक र शारीरिक उर्जा बढाएर शून्यतामा उड्नु भन्दा बढी आनन्द आउने क्षण बनेको विषयलाई यस कथामा चित्रण गरिएको छ ।

## ३.२६ 'हारा किरी'-इन्दिरा शाह (२०७० साउन, पूर्णाङ्क-५३०)

'हारा किरी' नामक कथा कथाकार इन्दिरा शाहद्वारा रचित एक नारी रचना हो । यस कथामा नारी र पुरुष पात्र दुवैको बराबर भूमिका रहेको छ । सामाजिक र पारिवारिक विषयवस्तुमा आधारित कथामा दम्पत्ति ७० वर्ष नाघेका छन् । जापानमा बस्दै आएका यी दम्पत्तिका एक छोरा र एक छोरी रहेका छन् । २६ वर्षका छोरा काम पाएपछि विवाह गर्ने भन्दै घर छोडेर कामको खोजीमा निस्केका छन् । १२ वर्ष हुँदा पनि उनी घर फर्केर आएका छैनन् । छोरीको विवाह भइसकेको छ । समाजमा छोरी भए पनि छोरालाई नै बुढेसकालको साहारा मान्ने सोचले जरा गाडेको हुन्छ, त्यसको परिणाम स्वरूप सबै व्यवहार नै परिवर्तन हुन्छ । समाजमा महिला छोरी हुँदा बुबाको श्रीमती भएपछि पतिको र आमा भएपछि छोराको आश्रयमा बाँच्नु पर्ने हुन्छ ।

'हारा किरी' कथामा पैसा कमाउन निस्केका छोरा बाह्रसम्म घर फर्केका छैनन् । छोराको आश्रयमा बाचेका ७० वर्षका वृद्ध बुबा आमा छोराको अत्तोपत्तो नआएपछि दिनदिनै उदास मन लिएर जीवन निर्वाह गरेका छन् । आफ्नो सन्तान बाह्र वर्षसम्म घर फर्केर नआउँदा सन्तानको माया ममता र सम्झनाले छटपटिएका दम्पत्ति एकदिन अवश्य आउँछ भन्ने आशमा पीडादायक र विपन्नताको जीवन बिताउँदा छोराको मृत्युको चिठी पाएपछि दुवैले हारा किरी पेटमा छुरिले चिरेर आत्महत्या गरेको विषयवस्तुलाई यस कथामा चित्रण गरिएको छ । छोराको प्रत्येक पाइला-पाइलाको सम्झनामा छोरा नहुँदा आमाले जतिवेला नि नुनिला आँसु खाई राखेकी छन् । रसाई राखेका आँखा लुकाउँदा नि लुकेका छैनन् । सन्तानप्रतिको मातृप्रेमले यस कथाकी नारीलाई झक्मकाएको छ । दम्पत्तिको सन्तानको नाममा छोरी पनि थिइन र छोरीको साहारामा नबसेर छोराको आउने आश गरी उसकै प्रतिक्षा गर्नु नियति बनेको भावनालाई पनि सङ्केत गरेको छ ।

### ३.२६.१ नारी शक्ति

नारी स्त्री हो, महिला हो, जीवनका कालखण्डमा नारी विभिन्न भूमिकामा प्रस्तुत हुन सक्छे । आफ्नो भूमिका अनुसारको कर्तव्य निभाउन पनि ऊ पछि हट्दिन । माथि लेखिएका वाक्यहरू अनुसार 'हारा किरी' नामक कथामा उनी सम्बोधित नारी पात्रले जीवनका विभिन्न कालखण्डमा विभिन्न भूमिकामा प्रस्तुत हुन सकेकी छन् । नारी शक्ति भएर नै आमा भएर छोराछोरीलाई आमाको मातृत्व दिएकी छन् । श्रीमती भएर श्रीमान्लाई पनि माया गरेकी

छन्, 'बुढाले कुनै खुशीको कुरा सुनाउँछ कि भन्ने आशामा बूढी यसो टाउको तन्काएर हेर्छिन्, बुढाको उदास अनुहार देखेपछि चुपचाप बुढी चुल्होमा पाकिराखेको मिसो सुपरी तिरै कर्किन्छिन्, (मधुपर्क, २०७० :४६) ।' छोरा हराएपछि जीवनका उदास क्षणमा र विपन्नताले घेरेको बेलामा शान्त भइ धैर्यता अपनाएर श्रीमान्लाई चित्त बुझाउन सकेकी छन् नारी शक्तिको कारणले नै यस्तो हुन सम्भव भएको छ । विरामी श्रीमान्लाई पनि उचित स्यारसुसार गरेकी छन् । 'श्रीमान् विरामी हुनुहुन्छ, उहाँलाई रोगले गाल्दै लगेको छ, औषधिको भरमा जीवित हुनुहुन्छ । हाम्रो जीवनको महत्त्वपूर्ण समय यही ठाउँमा बिताएकोले अन्त्यसम्म पनि यही बस्न चाहन्छौं (मधुपर्क, २०७० :४७) ।' यस कथामा नारी शक्तिको कारणले नै परिवारका सबै सदस्यप्रति आ-आफ्नो भूमिका निभाएर छोरा आउने प्रतिक्षामा बसेको विषयलाई रचना गरिएको छ ।

### ३.२६.२ लैङ्गिक समानताको आग्रह

'हारा किरी' नामक कथामा पितृसत्तात्मक समाजमा छोरीलाई छोरासरह हक अधिकार दिइएको छैन भन्ने बुझिएको छ । यस कथामा वृद्ध दम्पत्तिहरू ७० वर्ष काटेका छन् । उनी हरूको एउटा छोरा र एउटी छोरी छन् । बुबा आमाले छोरीलाई बुढेसकालको साहाराको रूपमा लिएका छन् । हाम्रो समाजमा ढिलैहोस् छोरै होस् भन्ने उखान सबैको मुखमा सुनिन्छ । यस कथामा पनि छोराको आश्रयमा बाँचेका बुबाआमाले बाह्र वर्षसम्म छोरा हराउँदा, छोरालाई नै साहारा बनाएर छोरा आउने प्रतिक्षामा आँखा रसिला बनाएर दिन काटेका छन् । छोरीको कुनै आशा गरेका छैनन् । 'त्यही छोरोलाई नै पर्खिबसेका छौ । ऊ फर्केको भए हाम्रो साहारा हुने थियो (मधुपर्क, २०७० :४७) ।' छोराछोरीलाई बराबर देखेर छोरीलाई पनि साहाराको रूपमा लिएको भए, छोराको भरमा बसेर छोराको माया र आश्रयले गर्दा छोराको अनुपस्थितिमा आत्महत्या गर्नु पर्ने परिस्थिति हुने थिएन भन्ने सङ्केत यस कथाले दिएको छ । यसरी जैविक विशेषताको कोणबाट हेर्दा महिला र पुरुष फरक-फरक तत्व हुन् । यो मानिस गर्भमा हँदादेखि नै निर्धारण भएर आएको हुन्छ । त्यसैले यो प्राकृतिक हुन्छ, तर यही जैविकतालाई आधार बनाएर महिला र पुरुषका लागि छुट्टैाछुट्टै नीति नियम अनि मूल्यमान्यता बनाएर उनी बिच सीमा रेखा नकोरियोस, सामाजिकीकरणको प्रतिक्रियामा महिला र पुरुष दुवै मानव भएर सहभागी हुन सकून भन्ने भावना यस कथामा व्यक्त गरिएको छ ।

### ३.२६.३ नारी मातृत्व

'हारा किरी' नामक कथामा नारी पात्र आमाले छोरा बाह्र वर्षसम्म घर नआएपछि छोराको माया र सम्भनाले दिन बिताउन गाह्रो भएको छ । 'आमा म यो देशको जुनसुकै ठाउँमा बसे पनि माचुरीमा म अवश्य यहाँ आउने छु, मलाई यो ठाउँ अत्यन्त प्रिय छ किनकि यहाँ तपाईहरू मलाई जन्म दिने मेरा बाआमा हुनुहुन्छ । उनले यस बेला जति बल गरे पनि रसाएका आँखा लुकाउन सकिनन् (मधुपर्क, २०७० :४७) ।' छोरा आमादेखि टाढा भएपछि, झन हराएपछि ऊ नहुनुको पीडाले आमालाई झन्-झन् सताएको छ । जीवनमा त्यही एउटा छोराको आशले त हामी बाँचिरहेका छौं (मधुपर्क, २०७० :४७) ।' आमाको निम्ति अचेत मनमा छोराप्रति आमाको असीमित प्रेम रहेको भेट्न सकिन्छ । मातृत्व भनेको सन्तानप्रति पछि आमामा विकसित हुने एक प्रकारको संवेदना भावना वा विशेषता हो । छोरो हराएपछि यस कथाकी नारीलाई दुःखको भूमरीमा परे पनि सन्तानको मायाले सन्तान अवश्य फर्केर आउँछ भनेर आशाको शक्ति लिएर बाँचेकी छन् । छोराले खाने कुरा मनपऱ्याएका कुरा, भनेको कुरा सम्झेर आँखा जतिवेलानि रसिला बनाइराखेकी छन् । उनी छोराका लागि आफ्नो अस्तित्व बिर्सिएर, चेतनाशून्य निर्जीव वस्तु भएर बाँच्नु आफैमा गाह्रो कुरा हो । तर पनि यो सब कुरा नारीको मातृत्वले सम्भव हुन सकेको छ । यो कथाकी आमा जतिबेला पनि छोरालाई सम्झेर भोलिको प्रतिक्षा गर्नु उनको नियती बनेको छ । 'छोराले रोपेको धुपी सल्लाको बोट देखाउँदै यो सानो भन्छन् यो बोट अहिले १५ वर्षको भयो छोराले आफ्नो नर्सरीबाट ल्याएर रोपेको । कस्तो सप्रियको छ मेरो छोरो, अब आएपछि तपाईंहरूलाई भेटेर ऊ पक्कै खुशी हुनेछ (मधुपर्क, २०७० :४८) ।' यसरी छोराका विभिन्न क्रियाकलाप सम्झेर दम्पत्ति रोइराखेका छन् । घरमा बसेकी सत्तरी वर्षकी आमाले, छोराले घरमा गरेका काम धन्दा सम्झेर घरलाई पनि आफ्नो सन्तानलाई जस्तै माया लाग्ने कुरा बताएकी छन् । घर र सन्तानको सम्बन्ध गाढा रहेको छ । त्यही सम्झेर हामीलाई बाँच्न सजिलो भएको बताउछिन् । घर र सन्तानसँग तुलना गरी नारीमा रहेको मातृत्व भावलाई प्रकट गर्ने काम गरेकी छन् । 'अब त चिठी मात्र नआएको पनि १० वर्ष भइसक्यो । ती पुराना चिठीहरू पढ्दा पढ्दा कागज नै च्यात्तिइसक्यो फोन चिठी कुनै सम्पर्क छैन तर हामी दुवै जना आशावादी छौं ऊ पक्कै आउने छ । आमा भनेर मलाई अँगाली हाल्नेछ । त्यसको प्रतिक्षाले हामीलाई बचाई राखेको छ (मधुपर्क, २०७० :४७) ।' यसरी नारी मातृत्वले गर्दा

आमा भनेर मलाई अँगाली हाल्ने छ भनेर भनेकी छन् । यस कथामा हराएको छोरालाई सम्झेर सङ्कट पर्दा नारीमातृत्वले गर्दा उनिहरूलाई बचाएको भाव चित्रण गरेको छ ।

## ३.२७ 'अप्रत्यासित'-हिरण्य कुमारी पाठक (२०७० असोज, पूर्णाङ्क-५३२)

'अप्रत्यासित' नामक कथा कथाकार हिरण्य कुमारी पाठकद्वारा रचित एक नारी रचना हो । नारी पात्रको प्रमुख भूमिका रहेको कथामा पुरुष पात्रको पनि संलग्नता रहेको छ । कथाकार हिरण्य कुमारी पाठकले नारीहरूले भोग्नुपर्ने विभिन्न प्रकारका शोषण र समस्यालाई कथ्य बनाएर लेखेका कथाहरूमध्ये 'अप्रत्यासित' कथा पनि नारी समस्यालाई केन्द्रविन्दु बनाएर रचना गरिएको कथा हो । यस कथाकी नारीपात्र शीलालाई कुष्ठरोग भएको थाहा पाएपछि सामाजिक संरचनामा अन्धविश्वास र रूढीवादी पुरानो मनस्थितिले रुमलिएका परिवारले शीलालाई गरेको अमानवीय व्यवहारलाई मुख्य विषयवस्तु बनाएर यस कथाको रचना गरिएको छ । यस कथाकी नारी पात्र शीलाका बुबा बिरामी भएर हस्पिटलमा भर्ना गरेको बेलामा बुबालाई हेरविचार गर्न आई रहने डाक्टर गौरवसँग उनको आत्मियता बढ्दै गइरहेको थियो । डाक्टर गौरवको हेराइमा मायाको गंगासागर उर्लिरहेको अनुभव हुन्थ्यो उनलाई । एकदिन डाक्टर गौरवले उनलाई भने म तिमीलाई माया गर्छु के तिमी पनि मलाई माया गर्छयौं ? यी दुवै जनाले एक अर्कालाई माया गर्थे, यस कथाका पुरुष पात्र डाक्टर गौरवले उनलाई पर्खिबस्छु भनेका थिए । एकदिन हस्पिटलमा शीलाको हात जचाउँदा उनलाई कुष्ठरोग भएको प्रमाणित हुन्छ । शीलालाई कुष्ठरोग भएपछि परिवारका सदस्यहरू, आमा, भाइ सबैले उनलाई सबै व्यवहारबाट टाढा राख्न थालेका छन् । आफूलाई जन्मदिने आमाले पनि भान्छामा पस्न बन्देज लगाउनु भयो यस्तो पारिवारिक अमानवीय व्यवहारले उनलाई पारिवारिक, सामाजिक, मानसिक, समस्यासित जुध्न परिराखेको अवस्थामा डाक्टर गौरवको गौरवमय व्यवहार, उनको प्रेम र सदभावले भरिएको आँखालाई उनको गंगाजस्तो हृदयलाई अङ्कमालमा सदासदाका लागि अप्रत्यासित तरिकाले जीवनमा भित्र्याएको विषयवस्तुलाई लिएर कथाको रचना गरिएको छ ।

### ३.२७.१ पुरुषको स्वेच्छाचारी प्रवृत्ति

'अप्रत्यासित' कथामा नारी पात्र शीलालाई हातमा पोलेर छुँदा पनि थाहा नभएकोले उनलाई हस्पिटलमा जचाउँदा कृष्ठरोग भएको प्रमाणित हुन्छ । कुष्ठरोग लागेपछि घरका

सबै जना सदस्यले दयाको दृष्टिले हेरिराखे । 'अब कति दिन यसरी परपर बस्ने ? एउटै घरमा निर्वाह हुँदैन त्यसकारण दिदीलाई कतै अन्तै पठाइदीनु ल ! (मधुपर्क, २०७० :२४) ।' रूढीवादी समाजमा पुरुषले जे गरेपनि हुन्छ । भन्ने सोचको विकास भएको हुन्छ र यस्तो सोचको व्यवहारले गर्दा रुढिवादी परिवारमा अमानवीय पक्षपातपूर्ण व्यवहार गरेको पाइन्छ यस कथामा । 'हाम्रो समाजको पुरानो मनस्थितिले रुमलिएको परिवारले यो कुरा पचाउन सकेनन् (मधुपर्क, २०७० :२४) ।'

रूढीवादी सोचले गर्दा चेतना नभएर पुरुषको स्वेच्छाचारी व्यवहार भएको छ । शीलाका आफ्नै भाइले दिदीलाई कुष्ठरोग भएको थाहा भएपछि दयामायाको दृष्टिले हेरेका छैनन् । दिदीप्रति उनको हृदय कत्तिपनि मायाको भावना देखिएको छैन । उल्टै दिदीलाई कतै अन्तै टाढा पठाइदीनुस् आमा भनेर भनेका छन् । यस कथाका पुरुष पात्रको यस्तो स्वेच्छाचारी व्यवहारले बैनी शरीरिक, मानसिक रूपमा रोगी भएकी छन्, एउटै कोखबाट जन्मेका दाजु बैनीको माया पनि कस्तो हो भनेर भनेकी छन् । आफ्नै भाइबाट पराइको व्यवहार खपिरहेकी नारीलाई पराई घरमा पन्छाउन खोजेका व्यवहारले उनलाई पीडा भएको छ । अन्धविश्वासले जरा गाडेको समाजमा कुष्ठरोगबारे राम्ररी थाहा नभएर परिवारमा छिःछिः र दुर्दुर गरेर भाइले दिदीलाई पन्छाउन खोजेको विषयलाई पुरुषको स्वेच्छाचारी व्यवहार गरेको पाइएको छ ।

### ३.२७.२ घरेलु हिंसा

हाम्रो समाजमा महिलामाथि घरमा परिवारका सदस्यहरूबाट शारीरिक, मानसिक, आर्थिक, यौनिक, सांस्कृतिक शोषण तथा दमन भैनै राखेका हुन्छन् । घरमा हुने यस्तो अमानवीय शोषण तथा दमनलाई नै घरेलु हिंसा भनेर भनिन्छ । रूढीवादी समाजमा घरेलु हिंसाका कारणले नेपाली नारी समाजमा शारीरिक, मानसिक पीडा खपेर बाँचेका छन् भने असह्य पीडा खप्न नसकेर अकालमा ज्यान गुमाउन पनि बाध्य छन्, यस कथामा नारी पात्र शीलाले उनलाई कुष्ठरोग भएको थाहा भएपछि उनको कुनै इच्छा चाहना र भावनाको कदर नगरी मानसिक रूपमा आघात पुग्ने किसिमको आफ्नै जन्म दिने आमा र भाइको व्यवहार असह्य भएको छ । 'अब यस्तो रोग लागेको थाहा पाए भने कसरी विवाह होला त्यसको ? अब त हामीले छिट्टै केटो खोजी विवाह गरी दिनुपर्छ, घरमा गएपछि उतै औषधी गर्दछन् (मधुपर्क, २०७० :२४) ।' यसरी जन्मदिने आमा र भाइले आफ्नै छोरी र दिदीभाइ एक रति

भर पनि माया ममता नदेखाइ अमानवीय निष्ठुरी व्यवहार गरेका छन् । 'आमाको मुखबाट कसरी यस्तो मुटु छेड्ने वाक्य निस्कन सकेको ? (मधुपर्क, २०७० :२४) ।' उनी घरकै सदस्यबाट यसरी मानसिक दमनमा परेको व्यवहार यस कथाले प्रस्ट्याइएको पाइन्छ ।

### ३.२७.३ नारीलाई सामाजिक मान्यता प्राप्त नहुनु

नेपाली समाज पूर्ण रूपमा पितृसत्तात्मक रही आएको छ । यस्तो सामाजिक संरचनाले एउटै व्यवहारका लागि पनि पुरुषलाई प्रशंसा र नारीलाई आलोचनाको दृष्टिले हेर्ने प्रवृत्ति विकसित गरेको छ । नारीको व्यवहार समाजमा न्यायपूर्ण भए पनि त्यसले मान्यता पाएको हुँदैन । 'अप्रत्यासित' कथाकी नारी शीलाले पनि सामाजिक मान्यता पाएकी छैनन् । उनलाई कुष्ठरोग भएको थाहा भएपछि सामाजिक व्यवहार बारे प्रश्न उठ्न थालेका छन् । 'मानिसको मन त हो कुष्ठरोग भनेपछि समाजमा छिःछिः दुर्दुर गर्ने चलन छ (मधुपर्क, २०७० :२४) ।' यस कथामा पनि शीलालाई आफ्नै आमाले भान्छामा पस्न बन्देज लगाउनु भयो । घरमा यताउता गरेको पनि उनलाई मनपर्न छाड्यो । 'आमाका वाक्यले मेरा सारा शरीरमा कम्पन पैदा भयो (मधुपर्क, २०७० :२४) ।' भाइले दिदीलाई अन्तै पठाइदीने निर्दयी कुरा गर्न थाले, छोरी भएकै कारणले उनलाई रोगलागे पछि टाढा पठाइदीने गरिदिएर छिटो उम्कने जस्ता असत्य कुराकानी गरेका छन् । यदी छोरीको ठाउँमा त्यही छोरालाई रोग लागेकी भए देखि टाढा पठाएर, विवाह गरि दिएर उम्कने कल्पना पनि गर्न सक्दैनथे । यसरी नारीलाई सामाजिक मान्यता प्राप्त भएको छैन भन्ने यस कथाले बुझ्एको छ । 'के गर्नु डाक्टर बाबु हाम्रो समाज यही हो । मलाई त शीलाको पिर लाग्न थाल्यो । यो रोगको कुरा बाहिर आयो भने यसलाई कसले विहे गर्छ (मधुपर्क, २०७० :२५) ।' उनलाई कुष्ठरोग लागेको रुढिवादी समाजले थाहा पाए भने विवाह हुँदैन भनेर आमा डराएकी छन् । नेपाली समाजमा सकारात्मक चेतनाको विकास र जानकारी नभएको कारणले यस कथाकी नारी पात्र शीलालाई सामाजिक मान्यता प्राप्त भएको छैन ।

### ३.२७.४ लैङ्गिक समानताको आग्रह

'अप्रत्यासित' नामक कथामा पितृसत्तात्मक समाजमा नारीहरू पुरुष सरह स्वतन्त्र र समान हुन सकेका छैनन् भनिएको छ । जैविकताको कोणबाट हेर्दा मात्र महिला र पुरुष फरक-फरक तत्व हुन । तर यी दुवै मानव हुन । दुवैलाई समान दृष्टिबाट मानवताको

व्यवहार गरियोस् । लिङ्ग विभेदरहित समाजको निर्माण गर्नका लागि जैविकताको कोणबाट आइआई तत्वलाई पनि हटाइयोस् । पितृसत्तात्मक समाज छ न त पुरुष छ, पुरुष यस्तो उस्तो भन्ने कुनै आरोपको विज्ञान पनि छैन भनिएको छ । लिङ्ग विभेदरहित समाजमा केवल मानव छ मानवलाई मानवताको व्यवहार गरियोस् तब मात्र विभेदरहितको समातामुलक समाजको निर्माण हुनेछ । 'चुप लाग बढेकी छोरी, त्यै पनि शीलामा रूपरङ्ग त्यति छैन, अब यस्तो रोग लागेको थाहा पाए भने, कसरी विवाह होला त्यसको अब त हामीले छिट्टै विवाह गरी दिनुपर्छ घरमा गएपछि उतै औषधि गर्दछन् । यस्तो रोग लागेको सुनाउनु नै हुदैन नकरा अब चुप लाग (मधुपर्क, २०७० :२४) ।' महिला भएकै कारणले उनलाई छिटो छिटो पन्छाउन खोजेका छन् । थाहा पाए भने अब विवाह हुदैन भनेका छन् । पुरुष भएको भए उसलाई छिटो गरेर पन्छाउने सोच आउने थिएन ।

यसरी यस कथामा महिला र पुरुषका लागि छुट्टाछुट्टै नीति नियम अनि मूल्यमान्यता बनाएर छोरीलाई छोरी भएकै कारणले पन्छाउन खोजिएको छ । छोरीलाई छोराको जस्तै सोच बनाएको भए आमाको मनमा पन्छाउने भावना आउने थिएन । सामाजीकरणको प्रक्रियामा महिला र पुरुष दुवै मानव भएर सहभागी हुन सकुन भन्ने मनसाय कथामा व्यक्त गरिएको छ ।

## ३.२८ 'अस्त्र'-दुर्गा वनवासी (२०७०, असोज)

'अस्त्र' नामक कथा कथाकार दुर्गा वनवासीद्वारा रचित एक नारी रचना हो । यस कथामा नारी र पुरुषपात्र दुवैको बराबर भूमिका रहेको छ । पितृसत्तात्मक समाजले नारीको त्यागमय सङ्घर्ष तथा भूमिकालाई कहिल्यै पनि उचित मूल्य दिन सक्दैन भन्ने कुरालाई मुख्य विषयवस्तु बनाएर कथ्यको रचना गरिएको छ । यस कथाकी नारीपात्र श्यामवती बुढीका सन्तानका नाममा दुवै छोरा थिए । सानै उमेरमा विधवा भएर उनले अत्यन्त सङ्घर्ष र मेहनतका साथ राम्रो स्यार सुसार गरेर तिनलाई हुर्काएकी थिइन् छोराहरूलाई शिक्षित, मेहनती र कर्मठ बनाएकी छन् । यस कथामा नारी पात्र श्यामवतीले सानै उमेरमा विधवा भएर पनि मेहनतका साथ छोराहरूलाई हुर्काएपछि उनको निधन हुन्छ । आमाको निधन भए पछि अकस्मात टुहुरा छोराहरूमा फुट आउँछ । भाइ फुटे पछि सबै लथालिङ्ग भएर खान लाउन धौधौ पर्दै गयो । यस कथामा आमाको मृत्यु पछि भड्काएर दाजुभाइ फुटेका छन् र घरमा राम्रो व्यवस्थापन नभएर दिनदिनै विपन्नता आएपछि भाइफुटे गवार

लुटेको यथार्थ बुझेर पुन मिलेका छन । प्रर्ण मिलन दाजुभाइको भएपछि मिलेर काम गर्न थाले र सामूहिक रूपमा गरेको परिश्रमको फल पनि मिठो आयो । 'अस्त्र' कथामा दाजुभाइ फुटाएकाहरूले मिलेको देखेर अब कसरी फेरि फुटाउने भनेर 'अस्त्र'को खोजीमा लागेका विषयलाई मुख्य विषयवस्तु बनाएर कथाको रचना गरिएको छ ।

### ३.२८.१ नारी मातृत्व

अस्त्र कथामा नारी पात्र श्यामवती आफू सानै उमेरमा विधवा भएपछि, परिवार अनि समाजले एक्लो पारेको परिस्थितिमा पनि छोराहरूलाई राम्रो स्यहार सुसार र जतनका सथ हुर्काएर तिनलाई मिहिनेती कर्मठ निस्किएका छन् (मधुपर्क, २०७० : ५२) । प्रस्तुत वाक्यवाट थाहा हुन्छ विधवा आमाले समाजमा आफूले दुःखकष्ट काटेर छोराहरूलाई उचित शिक्षा दिएर आत्मनिर्भर बनाउने काम गरकी छन् । पुरुषको आश्रयमा बाँच्ने समाजमा यस कथाकी नारी विधवा भएपछि उनलाई शारीरिक, मानसिक, आर्थिक समस्या परेको छ । श्यामवती बुढीका थुप्रै भाइ छोरा थिए (मधुपर्क, २०७० : ५२) । यसरी आफ्ना सन्तानहरूलाई जन्ममात्र नदिएर उनीहरूको कर्म पनि दिएकी छन् । आमाबाट बच्चाले प्राप्त गर्ने शिक्षादीक्षा नैतिक मूल्य मान्यता र सामाजिक सांस्कृतिक व्यवहार पनि छोराहरूले सिकेका छन् । नारी मातृत्वले नै यस्तो सम्भव भएको छ । यस कथाकी नारी श्यामवती विधवा भएर दुःखको भुमरीमा परेरै भए पनि आफ्नो सन्तानको सुरक्षित भविष्यका लागि कष्ट काटेकी छन् । उनले आफ्ना छोराहरूको मुख हेरेर नै आफूलाई धान्ने प्रयत्न गरेकी छन् ।

### ३.२८.२ नारी स्वतन्त्रताबाट वञ्चित

पितृसत्तात्मक सामाजिक संरचनामा नारीहरूको मूल्य, मान्यता र अस्तित्वको कुनै ख्याल गरिदैंन । नारीका हरेक इच्छा, चाहनालाई कुण्ठित गराइएको हुन्छ । अस्त्र कथामा यस कथाकी नारी पात्र आमाको निधनपछि अकस्मात दाजुभाइहरू फुटे, घर जग्गा, भाँडाकुडा सबै पाई-पाई बाँडफाँड भयो । छोराछोरी भएपछि खाने मुख बढे र दिन दिनै खान लाउन धौ धौ पर्दै गये । पुरुषको आश्रयमा बाँचेका अन्य परिवारका सदस्यलाई पनि आर्थिक सङ्कट पर्दै गयो । यस्तो परिस्थितिमा पनि महिलालाई बाहिरको काममा लगाइएको छैन । श्रीमतीलाई घरकै काममा ठिक्क (मधुपर्क, २०७० : ५२) । यस कथाकी नारी पात्र

श्रीमती स्वतन्त्र भएर घर बाहिर आर्थिक आयआर्जन गर्ने काममा निस्कन सकेकी छैनन् । छोराछोरीको स्यहार सुसार, घरको सबै अनुत्पादकिय काममा अल्भ्रेर बस्न बाध्य छन् । यसरी नारी जीवनका विभिन्न कालखण्डमा भिन्न-भिन्न भूमिकामा प्रस्तुत भई सोही अनुसारको भूमिका पनि उसले निभाउन पर्ने हुन्छ । नारी छोरी हुँदा पनि लोकको डरले छोरा मान्छे सरहको स्वतन्त्रताको उपभोग गर्नबाट उसलाई वञ्चित गराइन्छ भने बुहारी बन्दा अरुकै खटनमा बस्नुपर्ने पनि अरुकै इच्छा र चाहना अनुसार चल्नुपर्ने बाध्यता हुन्छ । न्याय अन्यायका कुरा गर्न पनि उसलाई छुट रहेको हुँदैन । समाजमा नारीकै निम्ति भनेर सिर्जना गरिएका यी यस्ता अनुशासनका नियमले नारी अस्तित्वलाई नै मूल्यहिन बनाउने काम गरेको छ । हाम्रो समाजमा जति नै विपन्नता आए पनि नारीहरू घरकै काममा अल्भिन परेर बन्धनमा परेका छन् र पुरुषलाई पनि आर्थिक रूपमा सहयोग हुन सकेको छैन । अस्त्र कथामा पनि नारी पात्र घरकै काममा अल्भ्रेर स्वतन्त्रताबाट वञ्चित भएकी छन् । परिवारमा आयआर्जन गर्ने मान्छे नभएर विपन्नताले ढाकेको छ । खेताला लगाएर खेती गर्न सम्भव थिएन । एक्लै गरेको खेतीले बालि कति हुनुपथ्यो र ? खाना लगाउन धौ-धौ पर्दै गयो (मधुपर्क, २०७० : ५२) ।

चौँथो परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ४.१ सारांश

प्रस्तुत **मधुपर्कका महिला कथाकारका कथाको अध्ययन (पूर्णाङ्क ५१५-५३२)** शीर्षकको शोधपत्रलाई पूर्ण गर्नाका लागि मधुपर्क मासिक साहित्यिक पत्रिकालाई मुख्य सामग्री बनाइएको छ तर यस अध्ययनमा मधुपर्क पत्रिकाका पूर्णाङ्क ५१५ देखि ५३२ सम्मका अङ्कमा महिला कथाकारहरूले लेखेका सबै कथाको नारीवादी कोणका आधारमा चरणबद्ध रूपमा अध्ययन र विश्लेषण गरी पूर्ण गरिएको छ । अध्ययनको उद्देश्यअनुसार पहिलो परिच्छेदमा शोध परिचय र दोस्रो परिच्छेदमा नारीवादको सैद्धान्तिक परिचयलाई केलाइएको छ। यस्तै चौथो परिच्छेदमा उपसंहार तथा निष्कर्ष प्रस्तुत गरिएको छ।

नारी र वाद मिलेर बनेको नारीवाद शब्दलाई तत्त्वदर्शीहरूले निश्चित गरेको विशिष्ट कुराको सार पत्ता लगाउने तर्क, बहस, शास्त्रार्थ भन्ने बुझिन्छ । महिलाले पनि पुरुषले जत्तिकै अधिकार र अवसर पाउनुपर्छ भन्ने लक्ष्य र विश्वास राखेर गरिएको सङ्घर्ष नै नारीवाद हो । नारीको सामाजिक, आर्थिक एवम् सांस्कृतिक स्वतन्त्रता तथा समानताका लागि सञ्चालित राजनीतिक नारीवाद आन्दोलनसँग नारीवादी साहित्य तथा समालोचनाको घनिष्ठ सम्बन्ध छ । नारीवादी साहित्य सिर्जना र समालोचनाको थालनी सन् १९०६ बाट भएको हो । सन् १९७० को दशकमा नारीवादी साहित्य तथा समालोचनाको वास्तविक प्रगति भएको पाइन्छ । यसै बेलादेखि नारी सम्बन्धी अध्ययन छुट्टै विषयका रूपमा हुन थालेको पाइन्छ । लैङ्गिक विभेदरहितको समतामूलक समाज स्थापनाका लागि नारीवाद सबैभन्दा बढी महत्त्वपूर्ण रहेको छ। लैङ्गिक समानता यसको मूलधारको मान्यता हो ।

नारीवादी समालोचनाले थोरै समयमा नै महत्त्वपूर्ण कार्य गरी विकसित भएको देखिन्छ । समग्रमा हेर्दा लिच्छविकालदेखि महिलामा देखा पर्दै आएको जागरणले सामाजिक एवम् राजनैतिक वृत्त नाघेर बौद्धिक फाँटमा नारीवादको रूपमा प्रवेश गरेको र यसले साहित्यिक फाँटमा पनि प्रवेश गरेको लगभग अढाई दशकको अवधिमा राम्रोसँग स्थापित हुन पुगेको छ । पछिल्ला दिनमा यो मूलतः महिला अंशतः पुरुष लेखकका लागिसमेत रुचिकर हुँदै आएको छ । हाल आएर नारीवाद नेपाली साहित्यका विभिन्न प्रमुख प्रवृत्ति

भएको एक महत्त्वपूर्ण प्रवृत्ति बनिसकेको छ । नेपाली साहित्यमा मूलतः समालोचना, उपन्यास र कथामा नारीवाद स्थापित भइसकेको छ । अन्य विधामा पनि त्यो प्रयास जारी रहेको बेला यस अध्ययनमा मधुपर्कमा महिला कथाकारका प्रकाशित कथाको अध्ययन गरिएको छ ।

### ४.२ कथा विश्लेषणका सैद्धान्तिक आधार

यस शोधको उद्देश्यअनुरूप प्रस्तुत शोधलाई निष्कर्षमा पुऱ्याउनाका लागि निम्न बुँदाहरूलाई विश्लेषणका सैद्धान्तिक आधार मानिएको छ ।

१ पितृसत्तात्मक सामाजिक संरचनामा हुर्केका मानिसको सोचले पिता अथवा कुनै पनि पुरुषप्रधान भई जीवनका सबै निर्णय गरेका हुन्छन् । यसर्थ, नारीलाई दोस्रो दर्जाको ठानेर नारीको अस्तित्वलाई किनारामा पुऱ्याइएको हुन्छ ।

२ नेपाली समाजमा सतीत्वको प्रश्न नारीका लागि सबैभन्दा ठूलो बन्धन बनेको छ ।

३ पुरुषप्रधान समाजमा सामाजिक, आर्थिक कारणले एक नारी अर्को नारीको विरोधी हुन्छे । सोही कारण नारीले आफ्नो आत्मबल बढाएर सशक्त बन्न पितृसत्ताको अन्याय विरुद्ध आवाज उठाउन आवश्यक छ ।

४ नेपाली समाजमा नारीले घरको अनुत्पादकीय काममा सीमित रहेर आर्थिक हैसियतहीन भएर जीवन निर्वाह गर्नु परेको छ । सोही कारण उनीहरू आर्थिक समस्यामा परेका छन् यो महत्त्वपूर्ण समस्या हो । यसको अन्त्यका लागि नारी स्वनिर्भर हुनु आवश्यक छ । उसले आयआर्जन गरेर परिवारलाई सहयोग गर्न सक्छे समाज राम्रो बन्छ भन्ने भावनाको विकास हुन जरुरी छ ।

५ समाजमा घरभित्रकै सदस्यले नारीलाई शारीरिक, मानसिक, आर्थिक, यौनिक हिंसाबाट पीडित बनाइएका छन् र अकालमा ज्यान गुमाउन बाध्य पारिएका छन् ।

६ नारीहरू शिक्षित अथवा अशिक्षित भएर पनि सामाजिक नीति, नियम र बन्धनले गर्दा आफ्ना कुरा राख्न नसकेर स्वतन्त्रताबाट वञ्चित छन् ।

७ एकातर्फ पुरुषको स्वेच्छाचारी प्रवृत्तिले उनीहरू सोही व्यवहार गरेका छन् । अर्कोतर्फ नारीलाई सामाजिक मान्यता नहुनु जटिल समस्या हो । परम्परित सामाजिक पर्खाललाई तोड्न नसकेर नारीहरू सामजिक मान्यताबाट वञ्चित छन् ।

८ नेपाली समाजमा यौन स्वतन्त्रताको विषयमा पुरुष जति स्वतन्त्र छन् महिला छैनन् । नारीवादले पनि समाजमा निर्मित लैङ्गिक विभेदको विरोध गर्दै लैङ्गिक समानताको आग्रह गर्दछ ।

९ नारी धरती हो, नारी मायाकी खानी हो, जीवनका हरेक पाइलामा नारी विभिन्न रूपमा प्रस्तुत भएर आफ्नो कर्तव्य पूरा गरेकी हुन्छे । यस्तै नारी मातृत्व पनि हो । उसमा सन्तान प्राप्तिपछि आमामा विकसित हुने एक प्रकारको संवेदना भावना र विशेषता नारीमा रहेको छ ।

यस शोधपत्रमा मधुपर्कमा प्रकाशित नारीका कथालाई यिनै आधार बनाएर अध्ययन र विश्लेषण गरिएको छ । कथाको नारीवादी कोणबाट अध्ययन र विश्लेषण गर्दा नेपाली समाजमा नारीले धेरै समस्या भोग्नु परेको देखिन्छ । प्रस्तुत शोधमा मधुपर्कका १८ वटा अङ्कमध्ये एक अङ्कमा नारी कथाकारका कथा समावेश भएको छैन । अन्य १७ वटा अङ्कमा जम्माजम्मी २८ वटा कथा प्रकाशन भएकाले तिनै कथालाई माथिका आधारमा विश्लेषण गरी प्रत्येक कथाको सक्षिप्त निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ४.३ निष्कर्ष

यस अध्ययनमा परेका २८ कथामध्ये **अघोषित हत्यारा, शून्यताभित्रको शून्य जीवन, अन्त्य एक अध्यायको, मृत्युको आभास, अन्तिम आश** र **आँधिबेहरी** कथामा पुरुषको स्वेच्छाचारी प्रवृत्तिले गर्दा नारीलाई सामाजिक मान्यता प्राप्त भएको छैन । कथामा नारी सधैँ अर्काको अधीनमा रहनुपर्ने भएकाले नारी स्वतन्त्रताबाट वञ्चित भएर रहनुपर्ने र आर्थिक समस्या भोग्नु परेको छ भने पुरुषले जे गरे पनि हुने भावलाई देखाउँदै लैङ्गिक समानताका लागि आग्रह गरिएको छ ।

अर्को **यस्तै रहेछ** कथामा नारीको पढ्ने रहर हुँदाहुँदै पनि उनीहरूलाई विवाह गरेर दिइएको छ । उनको चाहनाको कदर नहुँदा उनी बालविधवा भएकी छन् । समाज, परिवार र आर्थिक हैसियतहीन भएर जीवन बिताउन बाध्य भए तापनि उनले आफ्नो नारी मातृत्वलाई बिर्सेकी छैनन् र छोराको लालनपालन राम्ररी गरेकी छन् । यसैगरी **मकैको खोष्टा** कथामा अशिक्षा र विपन्नताले गर्दा नारीलाई सामाजिक, आर्थिक मान्यता प्राप्त भएको छैन । कथाकी पात्रले सधै सङ्घर्ष गरेर नै नारी आफै स्वनिर्भर भएर बाँच्नुपर्छ भन्ने सन्देश दिएकी छन् । अध्ययनको अर्को कथा **निर्दोष अपराधी**मा पुरुषको आश्रयमा बाँचेकी

महिला पुरुष सम्पर्कविहीन भएपछि सन्तानको कर्तव्य र मायाले गर्दा पुरुषको स्वेच्छाचारी प्रवृत्तिले नारी स्वतन्त्रताालाई वञ्चित पारेको छ । उनले नारी मातृत्वको पालना गर्दागर्दै पनि समाजमा आर्थिक हैसियतहिन भएर बाँच्न परेको अवस्थालाई देखाइएको छ । यसैगरी **क्षमा पाऊ** कथामा नारी समस्यालाई खासै देखाइएको छैन भने **बदलिएको जीवन** कथामा नारी विना पुरुषको जीवन कल्पना गर्न सकिँदैन भनिएको छ । जसका कारण दुवैलाई एक अर्काको  खाँचो भएको हुँदा लैङ्गिक समानताको आग्रह गरिएको छ । नारीमा असीम नारी शक्ति रहेको देखाइएको छ । **हस्ताक्षर** कथामा नारी स्वतन्त्रताबाट वञ्चित भएर जीवन निर्वाह गर्दाको अवस्थालाई देखाउँदै नारी मातृत्वले समाजमा प्रदान गरेको नारी शक्तिलाई देखाइएको छ । **करवीरको फूल** कथामा पितृसत्तात्मक सोचले गर्दा नारीले सामाजिक, आर्थिक, मानसिक पीडा खपेर बच्चालाई हुर्काउन देखाएको नारी मातृत्व र नारी स्वनिर्भरतालाई देखाइएको छ । **सार्थक सम्बन्ध र लीलाबहिनी** कथामा पितृसत्तात्मक सोचले गर्दा नारीलाई सामाजिक मान्यता नभएकाले उनीहरूको भविष्य सुन्दर भएको जनाइएको छ । समाजले जे जस्तो व्यवहार गरे तापनि नारीले आफ्नो कर्तव्य पूरा गर्नु पर्ने भएकाले पीडादायक जीवन बिताउन बाध्य छन् भन्ने भाव देखाइएको छ । यस्तै **अन्तिम बिदाइ** कथामा सतीत्वको प्रश्नले नारी स्वतन्त्रताबाट वञ्चित भए तापनि नारीमा अथाह शक्ति प्रदान गरेको पाइएको छ । यसैगरी **अभागी** कथामा लैङ्गिक समानताको आग्रह गरिएको छ भने **अध्यारो भविष्य**मा नारीको मातृत्वलाई देखाइएको छ । **लीलाबहिनी** कथामा पितृसत्तात्मक सोचका कारण नारीलाई सामाजिक मान्यता नदिएकाले समाजमा दोस्रो दर्जाको नागरिक भएर बाँच्नुपरेको सन्दर्भलाई देखाइएको छ । **अँध्यारो भविष्य** कथामा नारीको मातृत्वलाई देखाइएको छ । यस्तै **स्मृति** कथामा पुरुषप्रधान समाजमा पुरुषको स्वेच्छाचारी प्रवृत्तिले गर्दा यौन स्वतन्त्रताको कारणले घरकी नारीलाई छोडेर स्मृतिसँग शारीरिक सम्बन्ध राख्ने इच्छा व्यक्त गरेको सन्दर्भलाई उल्लेख गरिएको छ । मलान कथामा पितृसत्तात्मक सोचका कारण नारीलाई सामाजिक मान्यता नदिएकाले विदेश पलायन हुन बाध्य भएको अवस्थालाई देखाइएको छ । यस्तै **शहर भित्रको एउटा कथा, आँधिबेहरी** कथामा एउटी आमाको नारी मातृत्वको पालना नगरी अवमूल्यन गरिएको देखाइएको छ । **उत्तरार्द्धको प्रेम** कथामा पुरुषको स्वेच्छाछारी प्रवृत्तिले गर्दा समाजमा नारी पात्रको आर्थिक हैसियत कमजोर हुन पुगेको छ । जसका कारण उनलाई हीनता बोध भएको छ ।

पुरुषहरूको व्यवहारले पीडा दिए तापनि आर्थिक विपन्नताले थल्याए तापनि उनलाई सन्तानको मायाले पिरोलेको भाव कथामा व्यक्त भएको छ ।

**स्वप्निल संसार** कथामा नेपालीमा परनिर्भर रहने परम्परालाई देखाइएको छ भने **प्रश्नहरूका पहाडमुनि** कथामा नारीलाई आफ्नो जन्मभूमिको माया मारेर पराई देशमा गएर बाँच्नुपर्दाको पीडालाई देखाइएको छ । यस्तै **शून्य सपना** कथाकी नारी पात्रका माध्यमबाट रूढीवादी परम्परागत पर्खाल तोड्न नसकेर आत्महत्याको बाटो रोज्नेसम्मको अवस्थालाई देखाइएको छ । जहाँ नारी स्वतन्त्रताको धज्जी उडाइएको छ । लैङ्गिक समानताका लागि सचेत हुन आग्रह गरिएको छ । **हारा किरी** कथामा कथाकी पात्रका छोरा र छोरी भए पनि छोरीलाई सहाराको रूपमा मानिएको छैन । त्यही समय छोरा हराएको हुनाले छोराछोरी बराबर हुन भन्दै लैङ्गिक समानताका लागि आग्रह गरिएको छ । उता नारी पात्र भने छोरा आउने आशामा बाँचेकी छन् र नारीमा रहेको सहन शक्ति यस कथामा प्रस्तुत भएको छ । यसैगरी **अप्रत्याशित** कथामा नारीलाई रोग लागेपछि हेला र पक्षपात गरिएको छ । छिटो विवाह गरेर पन्छाउने कुरा भएको छ । छोरी नदी भएको हुनाले छिटो पन्छाउने सल्लाह भएको छ । छोराछोरी बीचको विभेदलाई देखाइएको छ । जहाँ घरेलु हिंसा भएको छ । यस्तै **अस्त्र** कथामा पुरुष प्रधान समाजमा नारी विधवा भए तापनि आफ्ना सन्तानको पालनपोषण आफैले गर्नुपर्ने भाव देखाइएको छ । यस्तै सामाजिक, आर्थिक कारणले नारी स्वतन्त्रताबाट वञ्चित हुनु परेको छ । नारी मातृत्वले गर्दा सन्तानलाई राम्रो हेरविचार र मायाममता गरेको भाव देखाइएको छ ।

समग्रमा भन्नुपर्दा नारीकेन्द्री सन्दर्भबाट नारीका हक, हित र समानताको पक्षमा आवाज उठाउनुलाई नारीवाद भनिन्छ । लिच्छविकालदेखि महिलामा देखा पर्दै आएको जागरणले सामाजिक एवम् राजनैतिकवृत्त नाघेर बौद्धिक फाँटमा नारीवादको स्वरूपमा प्रवेश गरेको छ । यसले साहित्यिक फाँटमा पनि प्रवेश गरेपछिको लगभग अढाइ दशकको अवधिमा यो राम्रोसँग स्थापित हुन पुगेको देखिन्छ । नारी कथाकारका कथाहरू अध्ययन विश्लेषण गर्दा नेपाली समाजमा नेपाली नारीले भोग्नु परेको समस्यालाई चित्रण गरिएको छ । सामाजिक संरचनामा पारिवारिक सम्बन्ध र तिनबाट उत्पन्न समस्या, नारीप्रति हुने गरेको सामाजिक, मानसिक र यौनगत शोषणहरूलाई दबाएर राखेर नारीहरू शिक्षित, अशिक्षित सबैले सामाजिक बन्धनको कारणले आफ्ना मनमा लागेका कुरा भन्न नसकेर स्वतन्त्रताबाट वञ्चित भएका छन् । देशकाल परिस्थिति अनुसार द्वन्द्वको असरमा पनि नारी

र बालबालिका परेको पाइएको छ । अन्यथा अत्याचार कुरीति अन्धविश्वास र वर्गीय भावना एवम् लैङ्गिक विभेद आदि सामाजिक समस्याको कारणले नेपाली नारीले सामाजिक, आर्थिक, मानसिक समस्याले कुण्ठित भएर बाँचेका छन् र केहीले अकालमा ज्यान गुमाउन बाध्य भएको देखिएको छ । यसरी नेपाली समाजका नारीले भोग्दै आएका सामाजिक र आर्थिक समस्या हटाउनलाई लैङ्गिक विभेद अन्त्य हुनु र सबैमा सकारात्मक सोचको विकास गर्नु वर्तमान समयको माग पनि हो ।

## ४.४ भावी शोधका शीर्षक

यस शोधले मात्र मधुपर्क पत्रिकामा प्रकाशन भएका सामग्रीको अध्ययनलाई पूर्णता दिएको मान्न सकिँदैन । यसैले भावी शोधका रूपमा निम्न शीर्षक प्रस्तुत गर्न सकिन्छ ।

१ मधुपर्क पूर्णाङ्क ५१५-५३२ सम्मका महिला कथाकारका कथामा प्रयुक्त नारी मनोविज्ञानको अध्ययन,

२ २०६९ र २०७० का मधुपर्कमा नारी लेखकका कथामा नारी दृष्टिकोणको अध्ययन,

३ मधुपर्क पूर्णाङ्क ५१५-५३२ सम्म महिला कथाकारका कथामा महिला मनोदशाको चित्रण र विश्लेषण ।

# सन्दर्भ सूची


अधिकारी, लक्ष्मीशरण (२०६८), **आधुनिकता, उत्तरआधुनिकता र नेपाली आख्यान,** कास्की : नेपाली लेखक सङ्घ ।

अधिकारी ज्ञानु (२०६८), **नेपाली नारी समालोचना : परम्परा र प्रवृत्ति**, काठमाडौं : पैरवी प्रकाशन ।

......... (२०६७), *नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप र विकास* **गरिमा** वर्ष २८ अङ्क ७, पूर्णाङ्क ३३१, पृ ६८-७५) । काठमाडौं : साझा प्रकाशन ।

एटम नेत्र (२०६१), **समालोचनाको स्वरूप**, ललितपुरः साझा प्रकाशन ।

काफ्ले, शिवहरि (२०६९), **२०६८ सालमा गरिमा पत्रिकामा प्रकाशित महिला कथाकारका कथाको अध्ययन**, स्नातकोत्तर अप्रकाशित शोधपत्र, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस पोखरा ।

गौतम, कृष्ण (२०५९०), **आधुनिक आलोचना : अनेक रूप अनेक पठन,** दो.सं. ललितपुरः साझा प्रकाशन ।

त्रिपाठी, सुधा (२०६८), **नारीवादी सौन्दर्य चिन्तन,** काठमाडौं : भृकुटी पब्लिकेशन्स ।

.............. (२०६८) **नेपाली उपन्यासमा नारीवाद**, काठमाडौं : भृकुटी पब्लिकेशन ।

.............. (२०६९) *नेपालमा नारी जागरण र नारीवादी चेतनाको विकास,* **मधुपर्क** ।

........ *पाश्चात्य नारी लेखनमा नारीवादी प्रवृत्तिको विकास,* **मधुपर्क** वर्ष ४४, अङ्क ४, पूर्णाङ्क ५०६ पृ.४७।

देवकोटा, लक्ष्मी (२०६९) **नारीवादी कोणबाट निष्कर्ष र सम्झौता उपन्यासको तुलनात्मक अध्ययन,** स्नातकोत्तर अप्रकाशित शोधपत्र नेपाली विभाग पृथ्वीनारायण क्याम्पस पोखरा ।

पोखरेल बालकृष्ण र अन्य (२०५२), **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, विष्णुप्रसाद (२०६९ ) **नारीवादी सिद्धान्त र नेपाली उपन्यासमा यसको प्रारम्भिक रूप**, पोखरा : सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

पौडेल, अनिता (२०७१), **नारीवादी कोणबाट नारी अस्तित्व र अस्मिता नामक गरिमा**

**विशेषाङ्कमा प्रकाशित कथाहरूको एक अध्ययन,** स्नातकोत्तर अप्रकाशित शोधपत्र, नेपाली विभाग, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

मधुपर्क मासिक (२०६९), वर्ष ४५, अङ्क १, पूर्णाङ्क ५१५ देखि अङ्क १२, पूर्णाङ्क ५२६ चैतसम्मका १२ अङ्क, काठमाडौ : गोरखापत्र संस्थान ।

मधुपर्क मासिक (२०७०) वर्ष ४६, अङ्क १, पूर्णाङ्क ५२७ देखि पूर्णाङ्क ५३०, काठमाडौं : गोरखापत्र संस्थान ।

मधुपर्क मासिक (२०७०) वर्ष ४६, अङ्क ६, पूर्णाङ्क ५३२, असोज, काठमाडौं : गोरखापत्र संस्थान ।

लुइँटेल, खगेन्द्र र मोहनराज शर्मा (२०६१) **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लुइँटेल, लीला (२०६०) **नेपाली महिला कथाकार,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

................. (२०६७), *महिला लेखन र नारीवादी नेपाली उपन्यास,* **मधुपर्क,** ।

शर्मा बिन्दु (२०६५), **आधारभूत नेपाली समालोचना,** काठमाडौं : तन्नेरी प्रकाशन ।

.............. (२०६७), **अमर सिर्जनामा मातृत्व बोध**, गरिमा वर्ष २८, अङ्क ७ पूर्णाङ्क ३३१ पृ १०६-१११ ।

www.toolovelynepal.blogspot.com

www.elumbinikhabarl.com